# श्री रातो मच्छिन्द्रनाथ रथजात्राको साँस्कृतिक अध्ययन

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत
नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विषयमा
स्नातकोत्तर उपाधिको
आंशिक परिपूर्तिको निमित्त प्रस्तुत

**शोधप्रबन्ध**


**शोधार्थी**

शंकर आचार्य
परीक्षा रोल नं. २८०१०६
त्रि.वि.दर्ता नं. ७-२-३७१-६५-२०१०



त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौं
२०८०

# शोध निर्देशकको सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत नेपाली इतिहास, संस्कृति तथा पुरातत्व स्नातकोत्तर तहको पत्र शोधप्रवन्धको पाठ्यक्रमको परिपूर्तिका लागि यस केन्द्रीय शिक्षण विभागका छात्र **शंकर आचार्य**द्वारा प्रस्तुत *श्री रातो मच्छिन्द्रनाथ रथजात्राको साँस्कृतिक अध्ययन* शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार भएको व्यहोरा प्रमाणित गर्दै आवश्यक मूल्याङ्कनको लागि सिफारिस गर्दछु ।

..........................

डा. निर्मला पोखरेल

शोध निर्देशक
नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर

मितिः २०८०/    /

मिति: २०८०/    /

# शोधप्रबन्धको स्वीकृति पत्र

श्री शंकर आचार्यद्वारा पेश गरिएको *"श्री रातो मच्छिन्द्रनाथ रथजात्राको साँस्कृतिक अध्ययन"* शीर्षकको शोधप्रबन्ध त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विषयको स्नातकोत्तर उपाधिको आंशिक परिपूर्तिका निमित्त स्वीकृति गरियो ।

| | | |
|---|---|---|
| ........................ | .................... | ....................... |
| प्रा.डा.सोमप्रसाद खतिवडा | .................... | उप प्रा.डा.निर्मला पोखरेल |
| (विभागीय प्रमुख) | (बाह्य परीक्षक) | (शोध निर्देशक) |

# प्रतिवद्धता पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभागबाट स्नातकोत्तर तहको उपाधि प्राप्तिका लागि *श्री रातो मच्छिन्द्रनाथ रथजात्राको साँस्कृतिक अध्ययन* विषयमा डा. निर्मला पोखरेलज्यूको शोध निर्देशनमा यस शोधपत्र तयार पारिएको हो । यो शोधप्रबन्ध मेरो मौलिक लेखन भएको र कुनै पनि उपाधिका लागि अन्य विश्वविद्यालय वा प्राज्ञिक संस्थामा पेस नगरेको घोषणा गर्दछु ।

...............

शंकर आचार्य

शोधार्थी

मितिः २०८०/ /

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभागबाट स्नातकोत्तर तहको उपाधि प्राप्तिका लागि *श्री रातो मच्छिन्द्रनाथ रथजात्राको साँस्कृतिक अध्ययन* शीर्षकमा यो शोधपत्र तयार गरेको छु । यसका लागि शोध निर्देशक डा. निर्मला पोखरेलज्यूबाट प्राप्त सुझाब, सल्लाह र निर्देशनप्रति कृतज्ञता प्रकट गर्दछु । केन्द्रीय विभागका विभागीय प्रमुख प्रा.डा. सोमप्रसाद खतिवडाज्यूको सल्लाह र सुझाबप्रति आभारी छु। मैले शोधपत्र तयार गर्ने क्रममा आवश्यक परेका सामग्रीहरु संकलन गर्ने क्रममा नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय अन्तर्गत रहेको पुस्तकालयका कर्मचारी, लेखाका कर्मचारी तथा विभागका सम्पूण कर्मचारीहरुप्रति विशेष आभारी छु । शोधपत्र तयारीका क्रममा कुनै झन्झट नमनीकन अन्तर्वार्ता दिनुहुने सम्पूर्ण महानुभावहरुमा धन्यवाद दिन चाहन्छु । अध्ययनका क्रममा आवश्यक सामग्री उपलब्ध गराई सहयोग गर्नुहुने सम्पूर्ण महानुभावप्रति हार्दिक आभार व्याक्त गर्दछु । स्रोत सामग्रीका विद्वान लेखकहरुप्रति विशेष आभारी छु। शोधपत्रमा यदाकदा कुनै त्रुटि रहन गएको भए क्षमा चाहन्छु।

शंकर आचार्य

शोधार्थी

# विषय सूची

**शीर्षक** **पृष्ठसंख्या**


| शीर्षक | पृष्ठसंख्या |
|---|---|
| शोधनिर्देशकको सिफारिस पत्र | ख |
| शोधप्रवन्धको स्वीकृत पत्र | ग |
| प्रतिवद्धता पत्र | घ |
| कृतज्ञता ज्ञापन | ङ |
| विषय सूची | च |
| शोधसार | झ |
| **अध्याय एक : परिचय** | **१-१२** |
| १.१. विषय प्रवेश | १ |
| १.२. समस्या कथन | ५ |
| १.३. अध्ययनका उद्देश्यहरु | ८ |
| १.४. अध्ययनको सीमा | ८ |
| १.५. अध्ययनको महत्व | ८ |
| १.६. अध्ययन विधि | ११ |
| १.६.१. अध्ययनको ढाँचा | ११ |
| १.६.२. तथ्याङ्कको स्रोत | ११ |
| १.६.३. तथ्याङ्क विश्लेषण तथा प्रस्तुतीकरण | १२ |
| १.७. शोधपत्रको रुपरेखा | १२ |
| **अध्याय दुई : पूर्व कार्यको समिक्षा** | **१२-२४** |
| २.१. कृति समिक्षा | १२ |
| २.२. अनुसन्धान अन्तर | २४ |

**अध्याय तीन : श्री रातो मच्छिन्द्रनाथ रथजात्राको ऐतिहासिक पक्ष** **२४-४०**
३.१. कला र संस्कृतिको शहर २४
३.१. ललितपुरको परिचय २७
३.३. ललितपुरका साँस्कृतिक स्थलहरू २८
३.४. श्री रातो मच्छिन्द्रनाथ २९
३.५. श्री रातो मच्छिन्द्रनाथ नेपाल मण्डल ल्याउँदाको योजना ३१
३.६. मच्छिन्द्रनाथ नेपाल आगमन सम्बन्धी विविध कथा, भनाइ र किम्बदन्तीहरू ३४
३.७. श्री रातो मच्छिन्द्रनाथको रुप ३७
३.६. भोटोजात्रा सम्बन्धी किम्बदन्ती ३८

**अध्ययन चार : रथजात्रा विधि र साँस्कृतिक विशेषता** **४१-६५**
४.१. श्री रातो मच्छिन्द्रनाथको साँस्कृतिक पक्ष ४१
४२. रातो मछिन्द्रनाथको जात्रा तथा पर्वहरू ४३
४.२.१. श्री रातो मच्छिन्द्रनाथ रथजात्रा गर्नुअघि गरिने पूजाविधि ४३
४.२.२. श्री रातो मच्छिन्द्रनाथ रथजात्राका दौरानमा गरिने पर्वहरू ४९
४.२.३. रथजात्रा समाप्तिपछिका पर्व ५३
४.२.४. पूजामा सरिक हुने रकमीहरू ५४
४.२.५. बाजा बजाउने समुदाय (गुठियार) ५८
४.२.६. रथजात्रा व्यवस्थापनमा सरिक हुने निकायहरू ५९
४.३. रुख काट्ने प्रक्रिया ६०
४.४. भैरवलाई राँगाको बली दिने प्रचलन ६२
४.५. जात्रासँग जोडिएका मूर्त र अमूर्त पक्षहरू ६३
४.६. जात्रामा आएको परिवर्तन ६४

**अध्याय पाँच : प्राप्ति, उपसंहार र सुझावहरू** **६६-७२**
५.१. प्राप्ति ६६
५.२. उपसंहार ७०
५.३. सुझब ७१

| | | |
|---|---|---|
| सन्दर्भसामग्री | | ७३-७५ |
| **अनुसूचीहरू** | | **७६-९५** |
| अनुसूची एक : | फोटोहरू | ७६-८८ |
| अनुसूची दुई : | रथजात्राका लागि काठको व्यवस्था सम्बन्धमा गरिएको पत्राचार र विवरण | ८९-९२ |
| अनुसूची तीन : | कुराकानीका लागि तयार गरिएको खुला प्रश्नावली | ९३ |
| अनुसूची चार : | कुराकानी गरिएका व्यक्तिहरुको सूची | ९४-९५ |

# शोधसार

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभागबाट स्नातकोत्तर तहको उपाधि प्राप्तिका लागि अध्ययन गरिएको शोधपत्रको शीर्षक *"श्री रातो मच्छिन्द्रनाथ रथजात्राको साँस्कृतिक अध्ययन"* रहेको छ । प्रस्तुत शोधपत्र प्रथम र द्वितीय तथ्याङ्क सङ्कलन विधमा आधारित रही मूलतः वर्णनात्मक र विश्लेषणात्मक रुपमा तयार गरिएको छ । अन्तर्वार्ता, छलफल र अवलोकन विधि प्रयोग गरिएको छ । श्री रातो मच्छिन्द्रनाथ जात्राको ऐतिहासिकता के कस्तो रहेको छ ? श्री रातो मच्छिन्द्रनाथ जात्राको साास्कृतिक पक्षहरु के के हुन सक्छन् ? भन्ने सम्बन्धमा समस्याहरु पहिल्याई अध्ययनलाई मूर्त रुप दिइएको छ । यस अध्ययनका उद्देश्यहरुमा श्री रातो मच्छिन्द्रनाथ जात्राको ऐतिहासिकता अध्ययन गर्नु तथा श्री रातो मच्छिन्द्रनाथ जात्राको साास्कृतिक पक्षलाई प्रकाश पार्नु रहेको छ । श्री रातो मच्छिन्द्रनाथको मौलिक तथा परम्परागत रथ जात्रा संसारकै उत्कृष्ट साँस्कृतिक पर्वको रुपमा चिनिएको छ । त्यसैले यसलाई संरक्षण गर्नको लागि जरुरी भइसकेको छ । रथमा प्रयोग हुने कतिपय सामग्रीहरु उपलब्ध हुन नसक्ने खालका भएको हुनाले त्यसको विकल्प समेत खोजिनु आवश्यक भइसकेको छ । निरन्तर रूपमा संचालन हुँदै आएको सांस्कृतिक तथा मौलिक जात्रा भाविसन्ततिका लागि सुरक्षित गर्नुपर्ने देखिन्छ । साथै यस पर्व दिन प्रतिदिन खर्चिलो हुँदै आईरहेको छ । यस महान पर्वलाई आर्थिक रुपमा पनि सहज रुपमा सञ्चालन गर्न सक्ने हुनका लागि संघीय, प्रदेश र स्थानीय सरकार, सम्पूर्ण रकमी, कर्मचारीहरु, अन्य सम्वद्ध पक्षहरु एवं स्थानीय बासिन्दाहरुको उल्लेख्य सहयोगको आवश्यकता रहेको छ ।

# अध्याय एक

# परिचय

## १.१. विषय प्रवेश

प्राचीन कालदेखि नै नेपाल विभिन्न धर्म मान्ने मानिसहरूको बसोबास गर्ने थलो हो । नेपालमा मुख्यतया हिन्दु धर्म र बौद्ध धर्मको बाहुल्यता रहेको छ । यी बाहेक इस्लाम, इसाई, किरात, वहाई, शिखलगायत अन्य धर्मावलम्बीहरू पनि उत्तिकै स्वतन्त्र रूपमा रहेका छन् । हिन्दू धर्मअन्तर्गत शैव, वैष्णव, शाक्त, सौर्य आदि सम्प्रदाय पर्दछन् भने बौद्ध धर्ममा हिनयान, महायान, वज्रयान, तन्त्र तथा मन्त्रयान, सहजयान र वोन्पो तथा लामा सम्प्रदाय आदि पर्दछन् । यी धर्महरू समयानुसार विभिन्न सम्प्रदाय तथा उपसम्प्रदायमा परिमार्जित हुँदै गएको पाइन्छ । नेपाली समाजमा प्रकृति, पितृ तथा अदृश्य शक्तिको पूजा गर्ने प्रचलन पनि रहेको छ । पश्चिम नेपालमा मस्टो, पूर्वी पहाडमा चण्डी वा देवी, तराईमा संसारीमाई, हिमाली क्षेत्रमा हिन्दूप्रति जनमानसको आस्था र विश्वास रहेको पाइन्छ । नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक एवम् बहुसांस्कृतिक विशेषतायुक्त देश हो । यहाँ सांस्कृतिक विविधताभित्र एकता पाइन्छ । यहाँका विविध संस्कृतिहरूबिच परापूर्वकालदेखि नै अपूर्व मेल रहिआएको छ । सांस्कृतिक बहुलवादको सिद्धान्तबाट सिञ्चित संस्कृति भएकोले यहाँ सांस्कृतिक सम्बन्धको पनि आदानप्रदान भएको पाइन्छ । नेपाललाई साझा संस्कृतिको विकास भएको मुलुक भनी सगौरव भन्न सकिन्छ (सूचना तथा प्रसारण विभाग, २०७९, पृ. २२२-२२३) । हिन्दु तथा बौद्धहरुको पवित्र एवं प्रसिद्ध कृष्ण मन्दिर, अशोक स्तुपा, महाबौद्ध, पाटन दरबार स्क्वायर, बंगलामुखी, विशंखुनारायण, कालेश्वर महादेवस्थान, बज्रबाराही, मच्छिन्द्रनाथ लगायत विभिन्न मठमन्दिर, पाटी-पौवा, स्तम्भहरु एवं जावलाखेल सदर चिडियाखाना तथा गोदावरी वनस्पति उद्यान रहनुले यस जिल्लाको प्रतिष्ठा नेपालको साथै विश्वमा समेत विस्तारित हुन पुगेको छ (जिल्ला विकास समिति ललितपुर, २०७१, पृ.४) । वर्षा तथा सहकालका देवताका रूपमा मनाइने सोह्रसय पुरानो श्री रातो

मच्छिन्द्रनाथको जात्रा हरेक वर्ष वैशाख शुक्ल प्रतिपदादेखि असार शुक्ल चौथीसम्म मनाइने गरिन्छ (न्यौपाने, २०७६, पृ.१) ।

ललितपुर जिल्ला काठमाडौ उपत्यकाका तीन जिल्लाहरू मध्ये ऐतिहासिक तथा पुरातात्विक रूपले सम्पन्न जिल्ला हो । नेपालको मानचित्रमा ७७ जिल्लाहरू मध्ये ललितपुर जिल्लाले आफ्नो गौरवमय प्रतिष्ठालाई परिचित गराएको छ । धार्मिक रूपले पनि प्रसिद्ध कृष्ण मन्दिर, बगलामुखी, अशोक स्तम्भ, महाबौद्ध, पाटन दरवार क्षेत्र लगायत विभिन्न मठ, मन्दिर, पाटि-पौवा र स्तम्भहरू रहेको हुनाले विश्वमा नै ललितपुर जिल्ला प्रख्यात रहेको छ । यस जिल्लाको भौगोलिक बनावट, हावापानी, वन-जङ्गलको विविधता, नदी-नाला र ताल, विभिन्न जनजातिहरूको रहन-सहन, भेष-भुषा आदिको विविधताले यस जिल्लाले आफ्नै ऐतिहासिक महत्व बोकेको छ । ललितपुर जिल्लाको ऐतिहासिक पृष्ठभूमितर्फ नियाँल्दा लिच्छवीकालमा यसलाई यूपग्रामद्रङ्ग भनिन्थ्यो । लिच्छवीकालका जनताले त्यसवेला प्रायः एकै ठाउँमा गुजमुच्चिएर नबसी छरिएर आनन्दसँग बस्ती बसाएर रहने इच्छाले विभिन्न भेकमा संगसंगै जस्तै अनेक विकसित ग्रामहरू बनाएर त्यसलाई जोड्ने मूल सडक बीच-बीचमा मान बिहार आदि अनेक प्रसिद्ध विहारहरू बनाएका थिए । पछि यी ग्रामहरू र बिहारहरू संगै गांसिएपछी एक शहरको रूप लियो। पहिलेकाग्रामहरू पछि टोलको रूपमा परिणत भए । ठूल-ठूला कमलपोखरीहरू धारा पाटीपौवा उद्योग व्यवसाय आदिले गर्दा रमणीय शहरको रूपमा परिणत भएपछि यसलाई ललितपुरको नामांकरण गरेको हो भन्ने उल्लेख पाइन्छ ।

नेवार समुदायमा लामो समयदेखि प्रचलित जात्राहरू इतिहास बुझ्ने आधार पनि हुन् । जात्रा नेवार समुदायको सामाजिक चेत झल्काउने माध्यम पनि बनेको छ (देवकोटा, २०७५) । पौराणिक कथाअनुसार एक समय उपत्यकामा १२ वर्षसम्म जलबृष्टि नभै सुख्खा परेको हुनाले त्यसबाट छुटकारा दिलाउन श्री रातो मच्छिन्द्रनाथले मात्र सक्ने भन्ने निधो भएपछि भक्तपुरका राजा कान्तिपुरका आचार्य र ललितपुरका एक कृषक ज्यापू भारतका आसाम प्रदेशको कामारुकामक्षमा गई साधनाको बलले उपत्यकामा ल्याएको मच्छिन्द्रनाथलाई कुन नगरमा स्थापित गर्ने भन्ने विषयमा तिनवटै नगर बीच मतभेद हुँदा तीन नगरको सबैभन्दा बयोवृद्ध जो

छ त्यसलाई निर्णय गराउने निधो भएछ । त्यस अनुसार ललितपुरका ललित भन्ने एक कृषक बढी उमेर भएकोलाई ७ ओटा ओखलमाथि चढाई उपस्थित जनसमूहलाई निर्णय सुनाउन लगाउँदा उनले भक्तपुरका राजा तथा कान्तिपुरका आचार्यको भूमिका समेत वास्ता नगरी श्री रातो मच्छिन्द्रनाथ बोकेर ल्याउने मानिस ललितपुरको भएकोले सोही व्यक्तिको नगरमा स्थापित गर्नुपर्दछ भनी निर्णय दिएको हुंदा सातैवटा ओखल समेत उक्त वृद्ध भांसिएको हुनाले उक्त स्थानलाई ललितपत्तन भन्ने नामांकरण गरिएको थियो । सोही ठाउँको नामबाट ललितपुर तथा पाटन भन्ने नाम देखा परेको भनिन्छ । अर्को किम्बदन्ती अनुसार ललितारण्य भन्ने वन फाँडेर वस्ती विकास गरिएको हुनाले उक्त नगरलाई ललितपुर भनिएको हो पनि भनिन्छ (जिल्ला प्रशासन कार्यालय ललितपुर, २०८०, पृ.१) ।

श्री रातो मच्छिन्द्रनाथ नेपालमा प्रचलित अनेक धर्मावलम्बीका साझा देवता हुन् । स्थानीय नेवाः समुदाय उनलाई 'बुंगद्यः'का नामले पुकार्छन् । यो उनको सबैभन्दा पुरानो र मौलिक नाम पनि हो । पाटनको बुंग अर्थात् बुंगमतीमा बसोवास गर्ने देवता भएका कारण उनको नाम 'बुंगद्यः' रहन गएको विश्वास गरिन्छ । लिच्छवी राजा अंशुवर्माको अभिलेख (वि.सं. ६६२) बुंगमतीमा भेटिएको छ । त्यसमा उक्त ठाउँको नाम 'बूगायूमी' लेखिएको छ । लिच्छविकालमा यो ठाउँको नाम 'बुंगायुमीग्राम' थियो भने मध्यकालमा 'बुंगपट्टन' पनि भन्न थालियो । हाल बुंग वा बुंगमती भन्न थालिएको छ । यसैबाट यो कति पुरानो ठाउँ रहेछ भन्ने थाहा हुन्छ । पछि बुंगद्यःलाई बौद्धमार्गीले अवलोकितेश्वरका रूपमा मान्न थाले । महायानीहरूले पद्पाणी लोकेश्वरका रूपमा मान्न थाले । शैवहरूले मच्छिन्द्रनाथका रूपमा मान्न थाले । उनको वर्ण रातो भएकाले उनलाई 'रातो मच्छिन्द्रनाथ' भन्न थाले । वैष्णवहरूले विरंची नारायणको रूपमा मान्न थाले । त्यसैले उनी भगवान एकै भए पनि उनलाई पुकार्ने नाम भने अनेक छन् । तीमध्ये पनि सबैभन्दा पुरानो नाम 'बुंगद्यः' हो (किरण, २०७७, पृ.४) ।

किंवदन्ती अनुसार, श्री रातो मच्छिन्द्रनाथ नेपालमै उत्पत्ति भएका देवता होइनन् । उनलाई भारतको  आसामस्थित  कामारुकामाक्ष भन्ने ठाउँबाट करिब १४०० वर्षअघि नेपाल ल्याइएको हो । कामारुकामाक्षलाई राक्षसहरूको देश मानिन्छ । रातो मछिन्द्रनाथ राक्षस राजाका

कान्छा छोरा थिए । त्यतिबेला नेपालमा लगातार १२ वर्षसम्म पानी नपरेपछि भक्तपुरमा बस्ने राजा नरेन्द्रदेवको पहलमा काठमाडौंका तान्त्रिक गुरु बन्धुदत्त आचार्य र ललितपुरका भरिया रथंचक्र (ललित ज्यापू) कामारुकामाक्षा गई राक्षससँग तान्त्रिक युद्ध गरी श्री रातो मच्छिन्द्रनाथलाई नेपाल लिएर आएका थिए । त्यसपछि नेपालमा वर्षा सुरु भई पुनः कृषि कार्य आरम्भ भएको विश्वास गरिन्छ । त्यसैले श्री रातो मच्छिन्द्रनाथलाई वर्षाका देवता, सहकालको देवता र अन्नको देवता समेत भनिन्छ । पूर्व मध्यकालमा श्री रातो मच्छिन्द्रनाथलाई नेपालको राष्ट्रिय आराध्यदेवको मान्यता समेत प्राप्त भएको थियो ।

श्री रातो मच्छिन्द्रनाथको रथ जात्रा हरेक वर्ष चलाइन्छ । यो पुल्चोकबाट तानेर ललितपुरका विभिन्न स्थान परिक्रमा गरी जावलाखेलमा समापन हुन्छ । ठाउँठाउँमा साइत हेर्दै रथ तान्नुपर्ने भएकाले यो जात्रा सुरु हुने दिन मात्र भन्न सकिन्छ, समापनको दिन भन्न सकिँदैन । जात्रा कहिले डेढ महिना चल्छ, कहिले दुई महिना पनि चल्न सक्छ । त्यसैले श्री रातो मच्छिन्द्रनाथको जात्रालाई नेपालकै सबैभन्दा लामो जात्रा भनिन्छ । १२ वर्षमा एकपटक भने बुंगमतीदेखि नै रथ तानेर ललितपुर ल्याइन्छ । ललितपुर पुगेपछि साबिक रुटमा जात्रा गरिन्छ । जावलाखेलमा भोटो देखाइसकेपछि रथलाई पुनः बुंगमतीमै तानेर लगिन्छ । र, त्यहाँ पनि जावलाखेलमै भोटो देखाएर जात्रा समापन गरिन्छ, (त्यहाँ पनि जावलाखेल भन्ने ठाउँ छ) । १२ वर्षमा आयोजना हुने जात्रा तीनदेखि चार महिनासम्म चल्न सक्छ । उक्त साल श्री रातो मच्छिन्द्रनाथलाई ६ महिनाका लागि ललितपुरमा ल्याएर राख्ने कार्य पनि गरिँदैन । पहिले-पहिले श्री रातो मच्छिन्द्रनाथको रथ हरेक वर्ष बुंगमतीदेखि नै तानेर ललितपुर ल्याउने र जात्रा सकाएर पुनः बुंगमती नै फर्काउने गरिन्थ्यो भन्ने पनि कथन पाइन्छ । कहिलेकाहीँ बाढी आएर नख्खु खोला तर्न गाह्रो हुने भएकाले बुंगद्यःलाई वर्षा सुरु हुनुअघि नै ललितपुरमा ल्याएर राख्ने र जात्रा सकिएपछि पुनः बुङ्गमती फर्काउने चलन थियो । यसको ठोस प्रमाण भने भेटिएको छैन । ६० फिट अग्लो हुने श्री रातो मच्छिन्द्रनाथको रथ बनाउँदा किलाकाँटा जस्ता धातुका कुनै पनि सामान प्रयोग गरिँदैन । काठ, बेत, डोरी मात्रै प्रयोग गरी रथ बनाउने भएकाले यो रथ अत्यन्त भारी हुन्छ । साथै तान्दा सन्तुलन बिग्रिएर रथका अंग भाँच्चिने वा रथै ढल्ने पनि हुन्छ । १२

वर्षको जात्रा गर्दा रातो मच्छिन्द्रनाथको रथ पनि पूर्ण रूपमा नयाँ बनाउने गरिन्छ । रथ बनाउँदा यसमा सान्दान, फलाँट, लाकुरे, मयल र सौर पाँच प्रकारका काठको प्रयोग गरिन्छ ( किरण, २०७७, पृ.४) । नेपालभाषामा सान्दानलाई 'नःसिँ' भनिन्छ । विशेषतः रथको चक्का बनाउन यसको प्रयोग गरिन्छ । फलाँटलाई नेपालभाषामा 'सुँसिँ' भनिन्छ । रथको नौतले रहने अग्लो भाग बनाउन यो काठ प्रयोग गरिन्छ । लाकुरेलाई नेपालभाषामा 'तुंसिँ' भनिन्छ । मछिन्द्रनाथको रथमा मुख्य मूर्ति रहने स्थानको चारैतिर चारवटा खम्बा रहेको हुन्छ । त्यो खम्बा यो काठबाट बनाइन्छ । नेपालभाषामा मयलको नाम 'नसिँ' हो । रथ तान्दा रथलाई नियन्त्रण गर्न ह्यान्डिल जस्तो बनाइएको हुन्छ, जसलाई 'घःकू' भनिन्छ । त्यो ह्यान्डिल बनाउने काठ मयल हो । सौरलाई नेपालभाषामा 'नागबसि' भनिन्छ । रातो मछिन्द्रनाथ रथको अर्को महत्वपूर्ण अंग 'घःमाः' हो । रथको अगाडि नै रहने यो 'घःमाः' ३२ हात लामो हुन्छ । यसको सबैभन्दा अगाडिको भागमा ह्यंग्रीव भैरवको मुखौटा राखिएको हुन्छ । अत्यन्त लामो र बलियो यो 'घःमाः' सौर काठबाट बनाइन्छ ।

श्री रातो मच्छिन्द्रनाथको रथ काठैकाठले बनाइए पनि सिंगो रथमा भने विभिन्न देवीदेवताको वास रहेको हुन्छ । रथ तान्नुअघि यसमा स्वयम्भू भगवान् विराजमान गराउनुपर्छ । त्यसैले रथको पछाडिको भागमा बोधिसत्वको मूर्ति राखिएको हुन्छ, जसलाई भीमश्वर तथागत भनिन्छ । रथको घःमाःलाई कर्कोटक नागराजको प्रतीक मानिन्छ । घःमाःको अगाडि ह्यंग्रीव भैरवको मुकुण्डो राखिएको हुन्छ, जसलाई रथको अनुहार भनिन्छ । रथका चारवटा चक्कालाई चार भैरवको प्रतीक मानिन्छ, जस्तोः अगाडिको दायाँ चक्का हरिसिद्धि भैरव वा बायाँ चक्का टीका भैरव, पछाडिको दायाँ चक्का लुबु भैरव र बायाँ चक्का इखालखु भैरव । यी भैरव सधैँ यथास्थानमै रहने गर्छन् । अगाडिपछाडि गर्नु हुँदैन । चक्काहरूका बीचमा 'चाक्सुकामुनि' नामक देवता रहेको हुन्छ । रथ निर्माणदेखि जात्रा सञ्चालन र समापनसम्मको कार्यमा ललितपुरमा रहेका विभिन्न १९ वटा स्थानीय नेवार जातीय समुदायको सहभागिता रहेको हुन्छ ।

## १.२. समस्या कथन

उपत्यकामा प्रचलित कथा अनुसार, श्री रातो मछिन्द्रनाथलाई नेपाल ल्याउने कार्यमा तीन प्रमुख पात्रको भूमिका छ । ती हुन्- भक्तपुरका राजा नरेन्द्रदेव, काठमाडौंका तान्त्रिक बन्धुदत्त आचार्य र ललितपुरका भरिया ललित रथंचक्र । रथ जात्रा जतिसुकै लामो चले पनि असोज महिनासम्म जात्रा नसकिएर श्री रातो मच्छिन्द्रनाथ रथभित्रै रहे भने श्री रातो मछिन्द्रनाथलाई भक्तपुरवासीले लैजान्छन् भन्ने किंवदन्ती पाइन्छ । २०७७ भदौ अन्तिम साता श्री रातो मछिन्द्रनाथको रथ जात्रा सम्पन्न गर्न केही युवाले जो हतारो गरे, त्यसको पछाडि पनि यही मनोविज्ञान लुकेको ठानिन्छ ।  नेपालको इतिहासमा नरेन्द्रदेव नामका विभिन्न राजाको उल्लेख भएको, तर तीमध्ये कुनचाहिँ नरेन्द्रदेवले श्री रातो मच्छिन्द्रनाथ ल्याए भन्ने प्रष्ट छैन । तैपनि लिच्छवी राजा नरेन्द्रदेव (सन् ६४३-६७९) नै श्री रातो मचछिन्द्रनाथ ल्याउने राजा मानिएको छ किनभने बुंगमतीस्थित श्री रातो मछिन्द्रनाथको शिखर शैलीको मन्दिर यिनै राजा नरेन्द्रदेवले निर्माण गरेको इतिहास पाइन्छ । नरेन्द्रदेव शैवमार्गी राजा भए पनि उनी बुद्धको मूर्ति अंकित पेटी लगाउँथे भन्ने वर्णन चिनियाँ ताङ वृत्तान्तमा पाइन्छ । नरेन्द्रदेवको पालामा रातो मछिन्द्रनाथ ल्याइएको कथा प्रचलित भए पनि अहिलेसम्म भेटिएका नरेन्द्रदेवसम्बन्धी कुनै पनि अभिलेखमा श्री रातो मछिन्द्रनाथको उल्लेख भने गरिएको पाइँदैन ।

अर्का पात्र बन्धुदत्त आचार्य काठमाडौं निवासी भनिए पनि उनी काठमाडौंको कुन ठाउँमा बस्थे भन्ने मतभेद रहेको छ । कोही उनी पशुपति क्षेत्र (देवपत्तन) का आचार्य हुन् भन्छन्, कोही टेबहालका रैथाने वज्राचार्य हुन् भन्छन् । यी दुवै क्षेत्रमा उनलाई सम्मान गरिन्छ । टेबहालका वज्राचार्यहरू उनलाई आफ्नै कुलपुत्र मान्छन् । बन्धुदत्त आचार्य (वज्राचार्य) कै आज्ञा अनुसार, राजा नरेन्द्रदेवले राजकीर्ति महाविहार (स्थानीय नाम तेबहाल) निर्माण गरेको विश्वास गरिन्छ । बुंगद्यःलाई काठमाडौं ल्याउँदा पछिपछि आएका पाःलाःद्यः (अहिले संकटा नामले पुकारिन्छ)लाई यिनै बन्धुदत्त आचार्यले टेबहालमा मन्दिर बनाई स्थान दिएको मानिन्छ । श्री रातो मच्छिन्द्रनाथको मूर्ति समेत बन्धुदत्त आचार्यले नै म्हयि्प पर्वतको माटो ल्याई बनाएको विश्वास गरिन्छ । कामारुकामाक्षबाट श्री रातो मच्छिन्द्रनाथलाई बोकेर ल्याउने जिम्मेवारी पाएका रथंचक्रलाई ललित ज्यापू पनि भनिएको पाइन्छ । श्री रातो मच्छिन्द्रनाथलाई नेपाल

ल्याउने काममा उनको भूमिका एक भरियाका रूपमा मात्र भए पनि नेपाल ल्याएपछि भने आफ्नै ललितपुर देशमा राख्न लगाउन सक्नुलाई उनको खुबी मान्नुपर्छ । तथापि नेपालको इतिहासमा ललितपुर सधैँ नै केन्द्रीय सत्ताभन्दा शक्तिशाली रहँदै आएको पाइन्छ । यही कारण पनि श्री रातो मच्छिन्द्रनाथलाई ललितपुरमै राख्न राजा नरेन्द्रदेव बाध्य भएको हुनुपर्छ भनी अनुमान लगाउन सकिन्छ ।

श्री रातो मच्छिन्द्रनाथलाई नेपाल ल्याउने काममा मात्र होइन, रातो मच्छिन्द्रनाथ जात्राका अन्य कार्यमा पनि कर्कोटक नागराजको नाम आउने गर्छ । काठमाडौंको दक्षिण भेगमा पर्ने टौदहलाई कर्कोटक नागराजको वासस्थान मानिन्छ । दह अवस्थामा रहेको काठमाडौं उपत्यकाको पानी निस्केर बाहिर गएपछि बाँकी रहन गएको अन्तिम दहको रूपमा टौदहलाई लिइन्छ । उल्लिखित तीन पात्र श्री रातो मच्छिन्द्रनाथ लिन कामारुकामाक्षा जाने बेला बन्धुदत्त आचार्यले तन्त्रबलले कर्कोटक नागराजलाई पनि बन्दी बनाएर सँगै लगेका थिए । कामारुकामाक्षा जाने बाटोमा ‘शिलानदी’ नामको एउटा नदी रहेछ । त्यो नदीको पानी यति विषालु रहेछ कि त्यसमा छोयो भने कुनै पनि जीव शिलामा परिणत हुन्थ्यो । कर्कोटक नागराजले आफ्नो आकार बढाएर उक्त नदीमाथि पुल बनी तीनैजनालाई नदी पार गराएका थिए । श्री रातो मच्छिन्द्रनाथ जात्राका लागि बनाइने अग्लो रथमा पांग्राहरूको बीचमा घःमाः भन्ने एउटा लामो काठ रहेको हुन्छ । अगाडि भैरवको मुकुण्डो राखिएको उक्त काठलाई कर्कोटक नागराजकै प्रतीक मानिन्छ (किरण, २०७७, पृ.४) ।

हरेक वर्ष पाटनको जावलाखेलमा भोटो प्रदर्शन गरी श्री रातो मच्छिन्द्रनाथ जात्राको समापन गरिन्छ । त्यहाँ प्रदर्शन गरिने बहुमूल्य पत्थरजडित भोटो पनि कर्कोटक नागराजकै हो भने किंवदन्ती पाइन्छ । आफ्नी रानीको दुःखेको आँखा निको पारिदिने एक ज्यापू वैद्यलाई कर्कोटक नागराजले उक्त भोटो उपहार दिएको, ज्यापू खेतमा काम गरिरहेका बेला एउटा भूत आएर उक्त भोटो चोरेको र जावलाखेलमा श्री रातो मच्छिन्द्रनाथको जात्रा हेर्न आउँदा ज्यापू र भूतबीच भोटोको विषयमा झगडा हुँदा प्रमाणसहित लिन नआउन्जेल भोटोलाई श्री रातो मच्छिन्द्रनाथकै जिम्मामा राख्न दिइएको किंवदन्ती पाइन्छ । हरेक वर्ष जावलाखेलमा यो भोटो

कसको हो प्रमाण भए लिन आउनु भनी सार्वजनिक रूपमा प्रदर्शन गरिने जात्रालाई नै 'भोटो जात्रा' भनिएको हो ।

हरेक वर्ष श्री रातो मच्छिन्द्रनाथको जात्रा सुरु हुनुअघि टौदहमा गई जात्रामा सहभागी हुन आउनु भनी कर्कोटक नागराजलाई निमन्त्रणा गर्ने चलन अहिले पनि कायम छ । यसका लागि बुंगमतीका पाञ्जु (मच्छिन्द्रनाथका पुजारी)हरू टौदह गई एउटा पातको टपरीमा चामल र सानो सुपारीसहित नेपालभाषामा लेखिएको निमन्त्रणापत्र राखेर टौदहमा बगाउने गरिन्छ । टौदहका स्थानीयवासीका अनुसार अहिले पनि हरेक वर्ष जावलाखेलमा भोटो देखाइने दिन अरुतिर पानी नपरे पनि टौदह क्षेत्रमा भने सिमसिम भए पनि पानी पर्ने गर्छ । कर्कोटक नागराज आफ्नो भोटो हेर्न दहबाट निस्किने भएकाले त्यसरी पानी परेको विश्वास गरिन्छ । प्रस्तुत शोधपत्रमा निम्न प्रश्नहरुको समाधान खोज्ने प्रयास गरिएको छः

(क) श्री रातो मच्छिन्द्रनाथ जात्राको ऐतिहासिकताको वर्णन के कस्तो रहेको छ ?

(ख) श्री रातो मच्छिन्द्रनाथ जात्राको साास्कृतिक पक्षहरु के के हुन सक्छन् ?

## १.३. अध्ययनका उद्देश्यहरु

प्रस्तुत शोधपत्रका उद्देश्यहरु निम्नानुसार रहेका छन्:

१. श्री रातो मच्छिन्द्रनाथ जात्राको ऐतिहासिकता वर्णन गर्नु,

२. श्री रातो मच्छिन्द्रनाथ जात्राको साास्कृतिक पक्षलाई प्रकाश पार्नु ।

## १.४. अध्ययनको सीमा

प्रस्तुत शोधपत्र ललितपुर जिल्लास्थित ललितपुर महानगरपालिकामा मनाइने श्री रातो मच्छिन्द्रनाथ जात्रा तथा बुंगमतीमा रहेको श्री रातो मच्छिन्द्रनाथको ऐतिहासिक र साास्कृतिक पक्षको अवस्था बारेमा अध्ययन केन्द्रित रहेको र विश्लेषण गरिएको छ ।

## १.५. अध्ययनको महत्व

नेपालको धार्मिक सांस्कृतिक परम्परामा श्री रातो मछिन्द्रनाथ जतिको विशिष्ट र मौलिक देवता अरु पाइँदैन । श्री रातो मच्छिन्द्रनाथ हरेक वर्ष ६ महिना बुंगमतीमा विराजमान हुन्छन् भने बाँकी ६ महिना पाटनको तःबहाःस्थित मन्दिरमा रहने परम्परा छ । एउटै देवता यसरी दुईटा मन्दिरमा विराजमान हुने परम्परा अरु कुनै देवतामा छैन । श्री रातो मच्छिन्द्रनाथलाई कामारुकामाक्षबाट नेपाल ल्याउँदा उनकी आमा लगायत अन्य धेरै राक्षस पनि उनलाई फर्काउन सकिन्छ कि भनेर पछिपछि आएका थिए । ती आमालाई आचार्य बन्धुदत्तले ललितपुरको लगनखेलमै तान्त्रिक शक्तिले रोकिदिए । त्यहाँ अझै पनि श्री रातो मच्छिन्द्रनाथकी आमाको प्रतीकात्मक मूर्ति रहेको पाइन्छ । श्री रातो मछिन्द्रनाथकै लागि भनेर राजा नरेन्द्रदेवले भक्तपुरमा पनि एउटा मन्दिर बनाएको किंवदन्ती पाइन्छ । तर श्री रातो मच्छिन्द्रनाथ ललितपुरमा रहने भएपछि भक्तपुरको उक्त मन्दिर खाली रहन गयो । भक्तपुरको इताछेँ क्षेत्रमा रहेको उक्त मन्दिरलाई स्थानीयवासी 'लस्कःद्यः' भन्ने गर्छन् । 'लोकेश्वर द्यः' नै अपभ्रंश हुँदै 'लस्कःद्यः' हुन गएको हो । श्री रातो मच्छिन्द्रनाथको मूर्ति राखिएको एउटा सानो मन्दिर काठमाडौंको तेबहालमा पनि रहेको छ । बन्धुदत्त वज्राचार्यले श्री रातो मच्छिन्द्रनाथकै प्रतिलिपीका रूपमा उक्त मन्दिर र मूर्ति राख्न लगाएको किंवदन्ती पाइन्छ । श्री रातो मच्छिन्द्रनाथको रथ तानेर जात्रा गर्ने परम्परा दोलखामा पनि पाइन्छ । दोलखामा हरेक वर्ष चैतमा श्री रातो मच्छिन्द्रनाथको रथ जात्रा हुन्छ । त्यहाँ बनाइने रथको आकार भने ललितपुरको भन्दा सानो हुन्छ । रथको पांग्रा भने गोलो हुँदैन, दाँती सहितको हुन्छ, जसले गर्दा भीरपाखामा पनि रथ तानेर चढाउन सकिन्छ । एउटै जात्रा यसरी दुई ठाउँमा मनाउने चलन पनि अरु देवताका हकमा पाउन सकिँदैन ।

श्री रातो मच्छिन्द्रनाथको जात्रा ललितपुरमा चलाउने भए पनि यो वास्तवमा काठमाडौं र भक्तपुरको पनि जात्रा हो । श्री रातो मच्छिन्द्रनाथको रथ जात्रा पुल्चोकबाट सुरु गरी जब गाबहाल पुऱ्याइन्छ, त्यसलाई काठमाडौंको जात्रा भनिन्छ । गाबहालबाट सुन्धारा पुगेपछि त्यसलाई भक्तपुरको जात्रा भनिन्छ । सुन्धाराबाट लगनखेल पुऱ्याएपछि ललितपुरको जात्रा हुन्छ । लगनखेलबाट जावलाखेल पुऱ्याएपछि सारा नेपालमण्डलको जात्रा हुन्छ । रथलाई जावलाखेलमा पुऱ्याएपछि तीन दिनपछि मात्रै भोटोजात्रा गर्नुको कारण टाढा-टाढाका मानिस पनि जात्रामा सहभागी हुन सकून् भनेर हो । श्री रातो मच्छिन्द्रनाथको रथ लगनखेलको थति टोलमा अलि लामै समय रोक्ने गरिन्छ । त्यसरी रथ रोकिराखेका बेला श्री रातो मछिन्द्रनाथ राति रथबाट

ओर्लेर छेवैको पोडे टोलमा जाने र त्यहाँका स्थानीय युवतीसँग सुत्ने गर्छन् भन्ने पनि कथन छ । एकपटक त्यसरी युवती खोज्दै जाँदा रातो मच्छिन्द्रनाथ कीर्तिपुर पुगेछन् र त्यहीँकै एक युवतीसँग लसपस भएछन् भनिन्छ । त्यसैले अहिले पनि उक्त युवतीलाई रातो मच्छिन्द्रनाथको प्रसाद दिनलाई थति टोलमा रथ तान्ने एक दिनअघि पाञ्जुहरू कीर्तिपुर पुग्ने गर्छन् ।

इतिहासमा पनि श्री रातो मच्छिन्द्रनाथको रथ जात्रालाई तीनै नगरका राजा र नागरिक मिलेर मनाएको पाइन्छ । श्री रातो मच्छिन्द्रनाथको रथ जात्रा हुँदा ललितपुरका राजाहरू श्रीनिवास मल्ल, सिद्धिनरसिंह मल्ल, ऋद्धिनरसिंह मल्ल आदि आफैं रथ तान्न जान्थे । श्रीनिवास मल्लले कान्तिपुरका राजा प्रताप मल्ललाई रथ जात्रा हेर्न निमन्त्रणा गरेका थिए । उक्त वर्ष भक्तपुरसँग ललितपुरको सम्बन्ध बिग्रेका कारण भक्तपुरका राजा  जगतप्रकाश मल्ललाई भने बोलाइएको थिएन । नेपाल एकीकरण भएपछि गणतन्त्र स्थापना हुनअघिसम्म राजा भोटोजात्रामा सहभागी हुने गर्दथे भने त्यसयता राष्ट्रपतिको उपस्थिति हुने गरेको छ ।

काठमाडौं उपत्यका एउटै राज्य भएका बेला पनि राजधानी भक्तपुरमा बस्ने राजाहरू ललितपुरसम्म आई जात्रामा सहभागी हुने गर्थे । भक्तपुरबाट राजा उपस्थित नभएसम्म जात्रा अघि बढाउन नमिल्ने नियम थियो । ने.सं. ४५७ मा राज्यसत्ता देवलदेवीले सञ्चालन गरिरहेका बेला उनले दरबारको प्रतिनिधिका रूपमा आफ्ना छोरा जगत् सिंहलाई जात्रामा सहभागी गराएका थिए । त्यसपछि राजा भएका जगत् सिंहका छोरीज्वाइँ जयस्थिति मल्ल पनि ललितपुरमा १४ दिनसम्म बसी श्री रातो मच्छिन्द्रनाथ जात्रामा सहभागी भएका थिए ।

रथ जात्रा गर्नुअघि श्री रातो मच्छिन्द्रनाथलाई लगनखेलको 'न्हवं दबू' मा ल्याई स्नान गराउनुपर्छ । यसलाई 'न्हवं यायेगु' भनिन्छ । न्हवं कार्यका लागि श्री रातो मच्छिन्द्रनाथलाई तःबहालदेखि खटमा राखी लगनखेल ल्याइन्छ । त्यसपछि श्री रातो मच्छिन्द्रनाथलाई पञ्चामृतबाट स्नान गराइन्छ । अनि, रथ कहीँ बिग्रेको वा रंग खुइलिएको छ भने रंगरोगन गर्ने कार्य गरिन्छ, जसलाई 'लंपुं छायेगु' भनिन्छ ।  यो जम्मै कार्य  भक्तपुरबाट आउने नेकू जातिका मानिसले गर्नुपर्छ । नेकू जातिलाई राजा नरेन्द्रदेवका कान्छा छोराका सन्तान भन्ने गरिन्छ । ने.सं. ७७४ मा ललितपुर र भक्तपुरको सम्बन्ध बिग्रिरहेको अवस्था थियो, श्री रातो मछिन्द्रनाथको स्नान गराउन भक्तपुरबाट नेकूहरू आएनन् । फलतः जात्रा चलाउनै ढिलो भयो । अहिले यी नेकूहरू ललितपुरमै बस्ने गरेको पाइन्छ । मल्लकालपछि शाह-राणा शासकहरू पनि श्री रातो मच्छिन्द्रनाथ जात्रामा सहभागी हुने गर्थे । तर मल्ल राजाहरू रथ तान्ने कार्यमै

सहभागी हुने गर्थे भने शाह राजाहरू गरगहनाले सुसज्जित भई हात्ती घोडामा चढेर रथको पछिपछि मात्रै सहभागी हुन थाले । पछिल्लो समय राष्ट्रप्रमुखहरु भोटो जात्रामा मात्रै सरिक हुने चलन भयो ।

## १.६. अध्ययन विधि

### १.६.१. अध्ययनको ढाँचा

प्रस्तुत शोधपत्रमा विवरणात्मक, वर्णनात्मक तथा विश्लेषणात्मक पद्धति अवलम्बन गरिने छ । शोधपत्र प्रथम र द्वितीय स्रोतमा आधारित रहेको छ ।

### १.६.२. तथ्याङ्कको स्रोत

शोधपत्र तयार गर्दा प्राथमिक र द्वितीय स्रोतबाट प्राप्त तथ्य र विषयवस्तुहरुलाई प्रस्तुत तथा विश्लेषण गरिएको छ ।

#### १.६.२.१. प्राथमिक तथ्याङ्क

श्री रातो मच्छिन्द्रनाथ जात्रासाग सम्बन्धित स्थलहरु पाटनका विभन्न स्थल र बुंगमतीको अवलोकन भ्रमण गरिएको छ । रथजात्राको समयमा प्रत्यक्ष रुपमा सहभागी भई अध्ययन गरिएको छ । शोत्रप्रवन्ध अध्ययनका क्रममा यथासम्भव फोटोग्राफीको प्रयोग गरिएको छ । गुठी संस्थानका कर्मचारीहरु, श्री रातो मच्छिन्द्रनाथका मूल पूजारी, ललितपुर महानगरपालिकाका अधिकृतहरु, संस्कृतिविद, सरोकारवाला पक्ष र निकायहरुसाग कुराकानी गरी अध्ययनलाई अघि बढाइएको छ । खुला प्रश्नावली मार्फत एघारजना व्यक्तिहरुसाग कुराकानी गरिएको छ (अनुसूची चार हेर्नुहोस्) । यसमध्ये महिला तीन जना र पुरुष सात जना रहेका छन् ।

#### १.६.२.२. द्वितीय तथ्याङ्क

चाडपर्व, संस्कृति र पुरातत्वसाग सम्बन्धित पुस्तक, कानुन, सरकारी तथा विभिन्न गैर सरकारी संस्थाहरुका पुरातात्विक अभिलेख, प्रकाशनहरु, जर्नल, पत्रपत्रिका, विद्वानहरुका प्रकाशित/अप्रकाशित लेखरचनाहरु, वेबसाइटबाट विषयवस्तुहरुलाई समावेश गरिएको छ ।

चाडपर्व र श्री रातो मच्छिन्द्रनाथ रथजात्रासाग सम्बन्धित नेपालका चाडपर्वहरु, भाषा वंशावली, उपत्यकाका प्रसिद्ध मन्दिरहरुको परिचय, देवमाला वंशावली, ललितपत्तन क्षेत्रका अमूर्त साास्कृतिक सम्पदा, चाडपर्वको घर नेपाल, नेपाली चाडपर्व, नेपाल परिचय, Nepal, Rato Matsyandranath of Patan and Bungmati कृतिको समिक्षा गरिएको छ ।

### १.६.३. तथ्याङ्क विश्लेषण तथा प्रस्तुतीकरण

अध्ययनका लागि प्राथमिक र द्वितीय स्रोतबाट सङ्कलन गरिएका सामग्री तथा तथ्याङ्कहरूलाई वर्गीकरण, प्रशोधन गरी प्रभावकारी रुपमा सरल डङ्गले विश्लेषण तथा प्रस्तुतीकरण गरिएको छ। तथ्याङ्क विश्लेषण तथा प्रस्तुतीकरणमा बिश्वसनीयता र वैधानिकता कायम गर्ने प्रयास गरिएको छ । यसका अलावा आवश्यकता अनुसार पाण्डुलिपी र फोटोग्राफीको प्रयोग गरिएको छ ।

## १.७. शोधपत्रको रुपरेखा

प्रस्तुत शोधप्रवन्ध पााचवटा अध्यायमा विभाजन गरिएको छ ।

अध्याय एक परिचय खण्डमा विषय प्रवेश, समस्या कथन, अध्ययनका उद्देश्यहरु, अध्ययनको सीमा, अध्ययनको महत्व, अध्ययन विधि उल्लेख गरिएको छ ।

अध्याय दुईमा पूर्वकार्यको समिक्षाबारे चर्चा गरिएको छ ।

अध्याय तीनमा श्री रातो मच्छिन्द्रनाथ रथजात्राको ऐतिहासिक पक्षबारे अध्ययन गरिएको छ । यस अध्यायमा कला र संस्कृतिको शहर, ललितपुरको परिचय, ललितपुरका साँस्कृतिक स्थलहरू, श्री रातो मच्छिन्द्रनाथ, मच्छिन्द्रनाथ नेपाल आगमनको कथा र भोटोजात्रा सम्बन्धी किंवदन्ती उल्लेख छ ।

अध्याय चार अन्तर्गत रथजात्रा विधि र साँस्कृतिक विशेषता शीर्षकमा श्री रातो मच्छिन्द्रनाथको साँस्कृतिक पक्ष, रातो मछिन्द्रनाथको जात्रा तथा पर्वहरु, श्री रातो मच्छिन्द्रनाथ नेपाल मण्डल ल्याउँदाको योजना, रुख काट्ने प्रक्रिया, भैरवलाई राँगाको बली दिने प्रचलन, श्री रातो मच्छिन्द्रनाथको रुप तथा जात्रासँग जोडिएका मूर्त र अमूर्त पक्षहरू, नविनतम प्रवृत्तिबारे अध्ययन गरिएको छ ।

अध्याय पाँचमा प्राप्ति, उपसंहार र शैक्षिक सुझाव प्रस्तुत गरिएको छ । यसका साथै सन्दर्भसामग्री र अनुसूचीहरु समावेश गरिएको छ ।

# अध्याय दुई
# पूर्व कार्यको समिक्षा

## २.१. कृति समिक्षा

नेपालमा मनाइने चाडपर्वको ऐतिहासिक, धार्मिक एवं साँस्कृतिक पक्षबारे अध्ययन अनुसन्धानहरु भैरहेको देखिन्छ । विभिन्न पुस्तक, अनुसन्धानमूलक लेख, प्रतिवेदन, चिनारी पर्चाहरु प्रकाशित भएका छन् । पत्रपत्रिका, टेलिभिजन, रेडियो, अनलाइन आमसञ्चारमाध्यममा समेत चाडपर्वबारे चर्चा परिर्चा हुने गरेको पाइन्छ । श्री रातो मच्छिन्द्रनाथको रथजात्राका बारेमा समेत अध्ययन अनुसन्धानहरु भएको देखिन्छ । जेजति अध्ययन भएका छन्, ती सबैले पूर्णता दिन सकेका छनन् । श्री रातो मच्छिन्द्रनाथ रथजात्राका बारेमा समग्र विवरण एउटै कृतिमा पाइदैन । नेपालको चाडपर्व र श्री रातो मच्छिन्द्रनाथ रथजात्राका बारेमा अध्ययन अनुसन्धान भएका कृतिहरुको समिक्षा गरिएको छ ।

किरण पन्थी पाण्डेय (२०६८) द्वारा लिखित *नेपालका चाडपर्वहरु* मा नेपाल राज्यमा जात्राहरूमा सबभन्दा लामो अवधिसम्म रहिरहने जात्रा काठमाडौं उपत्यकाभित्र ललितपुरको रातो मच्छिन्द्रनाथको रथजात्रा हो भन्ने बारेमा उल्लेख गरिएको छ । यो रथजात्रा प्रत्येक वर्ष वैशाख शुक्ल प्रतिपदाको दिन शुभारम्भ हुने र त्यसपछि रथजात्रा बीचमा लामो अवधिको अन्तर रही एक महिना, दुई महिना कहिलेकाही तीन महिनासम्म पनि लम्बिरहन सक्छ भन्ने बारेमा पुस्तकमा अध्ययन गरिएको छ । लेखकले मच्छिन्द्रनाथको बाह्रवर्षे रथजात्रा पनि हुने, त्यसबेला बुङ्गमतीबाट रथजात्रा सुरु हुने र ललितपुरको नगर परिक्रमापछि रथजात्राको विसर्जन बुढ्गमतीमा नै हुने हुँदा त्यसबेला यो रथजात्रा झन् बढी समयसम्म लम्बिने सम्भावनाबारे पुस्तकमा जोड दिनुभएको छ । पुस्तकमा भनिएको छ कि मच्छिन्द्रनाथको शुद्ध रूप मत्स्येन्द्रनाथ (माछाबाट उत्पत्ति भएको देवता) हो । तर जनजिभ्रोमा मच्छिन्द्रनाथ नै अधिक उच्चारण हुन्छ । मच्छिन्द्रनाथलाई शैवहरू शिवकै दृष्टिले, वैष्णवहरू विष्णुकै दृष्टिले, सौर्यहरू सूर्यका दृष्टिले, नायहरू मत्स्येन्द्रनाथकै दृष्टिले हेर्ने गर्दछन्, बौद्धहरू चाहिँ आर्यावलोकितेश्वरको दृष्टिले हेर्दछन्

। तर अधिकांश जनताचाहिँ मच्छिन्द्रनाथलाई "करुणामय" को दृष्टिले पुकार्ने गर्दछन् । आआफ्नो कुलाचार, धारणा र विश्वासअनुसार सबै जना यी देवतालाई पूजाआजा गर्दछन् । यी देवतामा नेपालीहरूका धार्मिक समन्वय र धार्मिक सहिष्णुताका मान्यताहरू केन्द्रित भएका छन् । पुस्तकमा मच्छिन्द्रनाथका वर्ण रातो र सेतो वर्णको रहेको, मच्छिन्द्रनाथमा ललितपुरका मच्छिन्द्रनाथ र चोभारका मच्छिन्द्रनाथ (आदिनाथ लोकेश्वर) प्रसिद्ध रहेको, सेतो वर्णका मच्छिन्द्रनाथमा काठमाडौ जनबहालका मच्छिन्द्रनाथ (जमलेश्वर, लोकेश्वर) र नालाका मच्छिन्द्रनाथ (पद्मपाणी लोकेश्वर) प्रसिद्ध रहेकोबारे उल्लेख गरिएको पाइन्छ । काठमाडौं उपत्यकामा श्री रातो मच्छिन्द्रनाथ आयस्ता र जग्गाजमिनको हिसाबले सबैभन्दा धनी देवता मानिएको कृतिमा उल्लेख छ ।

देवीप्रसाद लम्साल (सं.) (२०२३), पुरातत्व विभाग, नेपाल राष्ट्रिय पुस्तकालयबाट प्रकाशित *भाषा वंशावली भाग-२* कृति देशको इतिहास पढ्न विदेशी विद्वानहरूको मुख ताक्नु नपर्ने र प्रामाणिक इतिहासको लागि मूल्यवान रहेको देखिन्छ । विगतमा स्वेच्छाचारी शासनले गर्दा नेपालको वास्तविक इतिहास नलेखिएको, लेख्न इच्छा भएपनि इच्छानुसारको इतिहास लेख्न नपाइने हुनाले यो वंशावली आधुनिक डायरीको कोसेढुंगाको रुपमा रहेको देखिन्छ । यो कुनै एक व्यक्तिले एकै समयमा लेखेको नहुनाले ११९ पृष्ठको वंशावलीमा लेखकको नाम उल्लेख नभइ सम्पादकको नाम रहन गएको देखिन्छ । भाषा वंशावलीको पहिलो भागमा आदिकालदेखि राजा अंशुवर्माको राज्यकालसम्म अध्ययन गरिएको पाइन्छ भने दोस्रो भागमा राजानन्द देवको शासनकालदेखि श्री ५ बडामहाराज पृथ्वीनारायण शाहले कान्तिपुर प्रवेश गरेसम्मको अध्ययन गरिएको देखिन्छ । कृतिमा ललितपुरको स्थापना, मिथिलाका ब्राह्मण र ल्हासाका लामाको सम्पर्क, नरेन्द्रदेवका पालामा अनावृष्टि, मत्स्येन्द्र र गोरखनाथको उत्पत्ति, मत्स्येन्द्रनाथलाई लिन राजा नरेन्द्रदेवको प्रस्थान, कामरूपीठबाट नरेन्द्रदेवको प्रत्यागमन, मत्स्येन्द्रनाथको प्रतिष्ठा, मत्स्येन्द्रनाथको वर्णन, मत्स्येन्द्रनाथको रथयात्रा, राजा नरेन्द्रदेव र आचार्य बन्धुदत्तको प्राणत्याग, इन्द्रचोकको निर्माण, सप्तनगरको निर्माण, मणिगणेश आदि देवताको प्रतिष्ठा, कान्तिपुरनगर निर्माण, नेपाली संवत्को प्रारम्भ, नान्यदेवले नेपाल उपत्यकामा राज्य गरेभन्ने अनुश्रुति, नेपालमा मुकुन्दसेनले आक्रमण गरेभन्नें अनुश्रुति, भीमसेनको स्थापना, इन्द्रयात्रामा देखिने

मञ्जिपात राक्षस, हरसिंहदेव सम्बन्धी अनुश्रुति र श्रोतुलजा देवीको उत्पत्तिका बारेमा विभिन्न शीर्षक/उपशीर्षकहरुमा अध्ययन गरिएको देखिन्छ ।

नयनाथ पौडेल (सं.) (वि.सं. २०२०), पुरातत्व विभाग, नेपाल राष्ट्रिय पुस्तकालयबाट प्रकाशित *भाषा वंशावली भाग १* पुस्तकमा सृष्टिदेखि भीमार्जुनदेव सम्मका कुरा उल्लेख गरिएको छ । सृष्टिको उठानदेखिका देवताको उत्पत्तिस्ता कुराहरू हिमवत्खण्ड, आदि पुराणका आधारमा लेखिएका छन् । तात्कालिक प्रमाणको राजा मानदेवभन्दा अघिको अहिलेसम्म पाउन सकिएको छैन । लिच्छवी राजा वृषदेवका पनाति मानदेवको स्तम्भलेख नै अहिलेसम्म पाइएका नेपाली राजाहरूका लेखमा सबभन्दा पहिलो हो । अहिलेसम्म लिच्छवीकालका अभिलेखहरू १२८ वटा प्रकाशित भएका तथा मानांक आदि केही टकहरू पनि प्रकाशित भएका छन् । यी अभिलेख र मुद्राहरुले लिच्छवीकालको इतिहासमा धेरै नै प्रकाश पारिसकेका छन् । पुस्तकमा भनिएको छ- लिच्छवी राजा जयदेव भए । उनको चौधौं पुस्तामा राजा वृषदेव भए । यिनी बौद्धधर्ममा थिए । यिनका धेरै छोरा थिए । तिनमा शङ्करदेव राजा भए । विजयी शङ्करदेवका छोरा धर्मदेव भए, यिनी यज्ञ यागादि धेरै गर्दथे । यिनकी रानी राज्यवती थिइन् । धर्मदेवको अपर्झट मृत्यु भयो । त्यसबेला यिनका छोरा मानदेवको भरखरको चढ्दो उमेर थियो । पिताका मृत्युपछि जुर्मुराई उठ्न खोजेका सामन्तहरुलाई यिनले कज्याए । वि.सं. १२१ मा चाँगुनारायणको पूजा गरी आफ्नो यात्रावर्णन समेतको स्तम्भ त्यहाँ राखे । वि. सं. ५६० सम्म यिनले राज्य गरका थिए । यिनकी बडामहारानी भोगिनी थिइन् । येममुन्दरी र गुणवती अरु दुई रानी पनि थिए । त्यसपछि यिनका छोरा महीदेव राजा भए । त्यसपछि महीदेवका छोरा बसन्तदेव राजा भए । पिनले पनि प्रजाहरूमा केही व्यवस्था बाँधेका थिए । वि.सं. ५८९ सम्म यी राजा राज्य गर्दै थिए । वि. सं. ५९५ मा राजा वामनदेव थिए । वि. सं. ६०२ मा राजा रामदेव तथा हर्ताकर्ता क्रमलील थिए । वि. सं. ६१७-६२२ मा गणदेव राजा र हर्ताकर्ता भीमगुप्त थिए । वि. सं. ६५०-६६१ मा राजा शिवदेव थिए । त्यसबेला महासामन्त सामन्त भएर अंशुवर्मा रहे । वि.सं. ६६३-६७० मा अंशुवर्मा स्वयं महाराज भई राजकाज गरे । यिनी दुनियाँमा व्यवस्था बाँध्न दसचित थिए । "दुनियाँमा बरबन्दोबस्त मिलाउँदा मैले धन कमाउन सकिन त के भयो !" भनी उनी भन्दथे । वि.सं. ६०१ मा राजा ध्रुवदेव र हर्ताकर्ता जिष्णुगुप्त थिए । वि. सं. ६८८-९० भीमार्जुन देव राजा र हर्ताकर्ता जिष्णुगुप्त देखिन्छन् । वि.सं. ६७७-९८ मा भीमार्जुन देव राजा र हर्ताकर्ता विष्णुगुप्त थिए ।

तत्कालिक प्रमाणद्वारा यसरी यस समयमा निकै कुरा निश्चित भइसकेका छन् । यी कुरामा र वंशावलीका कुरामा निकै अन्तर पाइ प्रस्तुत कृतिले सृष्टिदेखि नेपाल संवत्का उठान गरेको छ ।

बासुदेव कर्माचार्य (२०७६) द्वारा लिखित *उपत्यकाका प्रसिद्ध मन्दिरहरुको परिचय* पुस्तक नित्यकर्मविधि एवं श्लोकपाठसहित सबिस्तार लेखिएको छ । नेपालभित्र रहेका विभिन्न कालखण्डमा निर्माण भएका साँस्कृति सम्पदाहरु नेपाली संस्कृतिका मुटु भएको उल्लेख छ । काठमाडौं उपत्यकाका तीनवटै शहर काठकाडौं, ललितपुर र भक्तपुर भित्रका प्रसिद्ध मन्दिरहरुको अध्ययन गरी ती सम्पदाहरुसँग सम्बन्धित किंवदन्ती पूजाविधि, कला, वास्तुकला, जात्रा पर्वबारे यस पुस्तकमा अध्ययन गरिएको पाइन्छ । परापूर्वकालदेखि नै देशको धर्म, संस्कृति र कलाको इतिहास बोकेको प्राचीन मठमन्दिरहरुको सत्य तथ्य अभिलेख प्राप्त हुन नसकेका पक्षहरु यस पुस्तकमा उजागर गरिएको छ । यस पुस्तकले उपत्यकामा रहेका प्रसिद्ध मठमन्दिरहरुको चिनारीमा केही सहजता हुनेमा आशीर्वाद भइ यहाँको कार्यको प्रसंशा दैं आगामी दिनमा पौराणिक, ऐतिहासिक, साँस्कृतिक एवं पर्यटकीय प्राचीन स्थलहरुको खोजी तथा यसको संरक्षण, संवर्द्धन तथा प्रचारप्रसारमा उत्प्रेरित गरेको छ । पुस्तकमा विभिन्न देवीदेवताहरूका स्तोत्र, दक्षिणकाली माई, शेषनारायण, फर्पिङ सहर, भद्रकाली, उपत्यकाका भैरवहरू पशुपति उन्मत्त भैरव, पचलीभैरव, भक्तपुर, सदाशिव चोकका भैरवहरू, बाघभैरव, आकाश भैरव, भक्तपुरको दत्तात्रेय मन्दिर, भक्तपुरको न्यातपोल मन्दिर, डोलेश्वर महादेव राजा भूपतीन्द्र मल्लबाट गरिएका कृतिहरू, गुह्येश्वरी माता श्रीसङ्कटादेवता, गोकर्णेश्वरको परिचय, गोपालेश्वर महादेवको परिचय, काठमाडौँको सांस्कृतिक पर्व इन्द्रजात्रा, काष्ठमण्डपको नामकरण, सेतो मत्स्येन्द्रनाथ, स्वयम्भु, नेपालमा कुमारी पूजाको महत्त्व, काठमाडौँको पशुपतिनाथ, पशुपति क्षेत्रमा रहेको पूर्वजन्मकुण्ड, श्रीमहाकाल, बूढानीलकण्ठ, इचङ्गुनारायण, बद्रीनाथ गुफा, सेतो गुम्बा, मत्स्यनारायणको परिचय, टोखा, पुरानो गुह्येश्वरी मन्दिर, भक्तपुरको प्रसिद्ध बिस्केट जात्रा, चाँगुनारायण, श्रीविशंखुनारायण, श्रीमाई वज्रवाराहीदेवीको परिचय, श्रीटीकाभैरवको परिचय, सन्तानेश्वर महादेवको उत्पत्ति, गोदावरी, सर्वेश्वर (कुम्भेश्वर) महादेव शृङ्गेश्वर ( सुनाकोठी महादेव), कृष्णमन्दिर, नागद्रह बटुकभैरव, बुंगद्यो (रातो मत्स्येन्द्रनाथ), बगलामुखी

देवी, महालक्ष्मी अग्निमठ, ठेचो नवदुर्गा, बालकुमारी, कालीको अवतार, दलचोकी मनकामना, गोल्डेन टेम्पल लुभु महालक्ष्मी, कार्यविनायकबारे अध्ययन गरिएको छ । श्री रातो मच्छिन्द्रनाथको ऐतिहासिक पक्षबारे पुस्तकमा विवेचना गरिएको छ । लोकनाथको नेपालदेशमा प्रवेश, रथ तान्ने विषय, लोकनाथ राख्नेमा विवाद, लगंख्यःया (लगनखेलमा) जम्मा भएका जनता, राजा र कर्माचार्य गुरुका विषयका केही कुरा, रातो मच्छिन्द्रनाथको रातो मुख -बुंगद्यःया ह्याउँ ख्वा), ढुंगाको सिंहासनमा हेरिने साइत, भोटो जात्रा, पाटनमा मच्छिन्द्रनाथको जात्रा, मच्छिन्द्रनाथको १२ वर्षे विशेष मेला, रथ बनाउने काम, रथारोहण, मच्छिन्द्रनाथको मूर्ति निर्माण, जटाधारी लोकेश्वर (मीननाथ) देवताको शक्तिबारे पुस्तकमा चर्चा गरिएको छ ( कर्माचार्य, २०७६, पृ.१७७-१९७) ।

योगी देवीनाथ (सं.) (२०१३), *देवमाला वंशावली*मा श्री रातो मच्छिन्द्रनाथबारे सविस्तार उल्लेख गरएको छ (पृ.३१-३७) । श्री मच्छिन्द्रनाथ पाटनको बारेमा प्रस्तुत ग्रन्थमा मच्छिन्द्रनाथ र गोरखनाथको उत्पत्तिको बारेमा रोचक ढंगले प्रस्तुत गरिएको पाइन्छ । परापूर्वमा श्री महादेवलाई विष्णुबाट मोहिनी रूप देखाउँदा सो मोहिनी मूर्तिलाई देखने बित्तिकै महादेवलाई कामले पीडित भै समात्न जाँदा धैर्य धारण गर्न नसकी विर्य पतन हुँन लाग्दा मोहिनी मूर्ति अलप मै विष्णु मूर्ति धारी हातमा थापी लिई वायु र केशरीबानरनीलाई बोलाई तप गर्न लागेका अंजनी बानरनीलाई बोलाई तप गर्न लागेका अंजनी वानर्नीका उपरमा राखी आउनु भनी अह्राउँदा विष्णुका आज्ञाबमोजिम बायु र केशरी वानर्नी गै दश इन्द्रिय बाँधी तप गरिरहेका अंजनी बानर्नीका कर्णद्वारा शिवविय उदरमा प्रवेश गर्दा अंजनीका गर्भ धान भै मास पूर्ण भएपछि हनुमान भनी जन्म भयो वहीं शिवविर्य केशरी बन्दर्नीका हातमा राखिदिएपछि विष्णुले आफ्नो हातको बिर्यन दिमागै धुदा पानीमाथि बनेका विर्य माछाले खाँदा मत्स्योरदेखी मच्छिन्द्रनाथको जन्म भए । फेरि पानीमा धुँदा पनि नगएको गोवरमा पुछेको सो गोवरवाट जन्मेको हुँदा गोरखनाथ प्रख्यात भए । कलिगत ३६७६ मा श्री राजा नरेन्द्रदेवका पालामा सिद्ध गोरखनाथ नेपाल आई भिक्षा माग्न आउँदा तिनका माथि सत्कार गरी नदिएकाले अत्ति क्रोधित भै मृगस्थलीमा आई मेघ मण्डललाई खिची नवनाग आसन गरी गुप्त रूपले तप गरिरहेकाले नेपालमा अना- वृष्टि भै दुर्भिछे हुँदा प्रजाले अत्यन्त दुःख पाएका हेरी राजाले सारै अपलोच गरी

ठूला ठूला शास्त्री पण्डितहरु ज्योतिषहरू जम्मा गरी जलवृष्टि गराउने उद्योग गर्दा वृष्टि नभएकाले दुनियाँका संभति बुझ्िना खातिर आफू रात्रि विषय सहरमा डुल्न जान्थे, एक दिनका रातमा घुम्न जाँदा वंधुदत्त आचार्य कोठा भित्र बसि सपत्नी यही कुरा गरेको राजाले सुनी के कुरा गरिरहेको भनी चिवा गर्दा यो अनावृष्टि भएको के कारणले हो ? राजा पनि गर्नसम्म उपाए गर्दैछ तैपनि वर्षाद हुँदैन, केही उपाय भए बताउनुहोस् भनी स्त्रीचाहिले भन्दा अरुथोकले यो अनावृष्टि भएको होइन कि अनादर गरेका रीशले मेघ मण्डल खिची बृष्टिकर्ता गैह्र नागहरूलाई आसन गरी मृगस्थलीमा गोरखनाथले गुप्त रूपले तप गरिरहेछन् र वृष्टि हुन नसकेका हुन् । तिनका गुरु मच्छिन्द्रनाथका मरूपीठमा राजपुत्र मैं जन्म लिन गैरहेछन । ती मच्छिन्द्रनाथलाई ल्याउन सके गुरू दर्शन गर्नालाई तपबाट गोरखनाथ उठ्लान र नागहरू स्वस्थान जान पाएपछि बृष्टि हुन्छ भनी बन्धुदत्त आर्चायले आफ्ना स्त्रीलाई भनेका कुरा राजाले सुन्दा भोलीपल्ट बन्धुदत्त आचर्यलाई सल्हाह गर्दा अघिल्लो दिन आफ्ना स्त्रीलाई भनेका कुरा राजाले सुन्दा सो भने बमोजिम माथि लेखिएका कुरा सबै भनी सुनाउँदा असल कुरा भन्यो भनी राजा नरेन्द्रदेवले बन्धुदत्त आचार्य र १ जना कर समेत लिई ३ जना सम्मत गरी तिमीहरूले बोलाउँदा तुरुन्त आउला भन्ने करकोटक नागको बाचा गराई तिनै जना योगी काम क्षेत्रमा अवतारी मच्छिन्द्रनाथलाई चिन्हि सकेपछि करकोटक नागलाई आह्वान गरी राजाका भोजन समय तिमी सूक्ष्म रूपनै खानेकुरामा मिली राजाको पेटमा पसी पिडा गर्नु र औषधि गरेपछि बाहिर निस्कनु भनी अह्रायो र नागले पनि राजाको भोजन समयमा सूक्षम रुपमै खानेकुरामा मिसी राजाको उदारमा नै पीडा गर्दा अनेक वैद्य ज्योतिषहरूलाई देखाई गर्दा पनि निको नभएकोले कोही कोही छ कि भनी खोजी गर्दा वन्धुदत्त आचार्य गै नाग पूजा गरी राजालाई औषधि वा वमन गराउँदा ती उदरमा बसी रहेका नाग सूक्ष्म रुपले बाहिर निस्की गयो र राजाको रोग निको भएपछि राजा खुसी भै के माग्छौ माग भन्दा मागेको दिउँला भनी बाचा गराई अवतारी राजपुत्र माग्दा राजाले केही उत्तर नदिई रानीले कान्छा पुत्र दिनालाई इन्कार नगरेकाले ल्याउन नपाउँदा त्यसै बसिरहेका थिए । एक दिन औतारी राजपुत्रलाई भेटी नेपालमा दुर्भिक्ष हुँदा यहाँसम्म आई धार्य्यू हाम्रो मनोरथ पूर्ण गरी देउ भन्दा वैशाख महिनामा ब्राम्हणद्वारा आर्य तिर्थका जलले ओं श्री पशुपतीनाथलाई जलाभिशेष गराई दिनु र वर्षा सुफल होला । मेरा आमाले तिमीहरूसंग जान देवैनन् ओं श्री पूर्ण चण्डिकाको आज्ञा नभै म आउन पनि हुन्दैन,

तिमीहरूले आव्हान गर्दा अवश्य आउला भनी जवाफ गर्दा फर्की नेपाल माई ओं श्री पूर्णचण्डिको आज्ञा पाई पाटनको लगनखेलको मध्ये भागमा सिलाका पद्मासन बनाई बन्धुदत्त आचार्य र राजा बसी बन्धुदत्त आचार्यले पीठ देवताहरू स्थापना गरी पुरश्चरण गरी मन्त्रले आकर्षण गर्दा श्रों श्री मच्छिन्द्रनाथ भ्रमर रूप भै आई कलशमा प्रवेश हुँदा त्यस बखत राजालाई निंद आइरहेकाले छोप्न नसक्दा भ्रमर रूप मच्छिन्द्रनाथ कलशबाट बाहिर निस्की गए । फेरि मन्त्रका बलले आकर्षण गर्दा दोश्रो पटक पनि भ्रमरै रूप भै कलशमा प्रवेश गर्दा त्यसबखत पनि राजा निदाई रहेकाले कलश छोप्न नसकी कलशबाट बाहिर निस्की गएपछि अब एक पटक फेरि आउने छ, त्यस बखतमा पनि कलश होम सकेन भनेथे जानेछ भनी राजालाई चेताई फेरि आकर्षण गर्दा तेश्रा पटक पनि भमरैको स्वरूप भै कलशमा प्रवेश गर्दा त्यस बखत पनि दैवका छलले निदाइरहेकाले अनर्थ भै व्यर्थ हुन लाग्यो भनी ती बन्धुदत्त आचार्यले राजालाई घुडाले घचेटी दिदा राजा निन्द्राबाट बिम्झी झट्पट् कपडाबाट कलश छोपी दियो र कामरूपीठ पूर्णचण्डि मिननाथहयग्रीव भैरवहरूलाई पनि आवाहन पूजा मान्ने गरी ओं श्री मच्छिन्द्रनाथलाई सुरेश्वरनाथ बौदाचार्यका यपेबही भन्ने बहालमा राखी धातुका लोकेश्वर मूर्ति बनाई उदरमा कलश राखी प्राण प्रतिष्ठा गरी स्त्री पुरुष दुवैलाई गर्नु पर्ने दश कर्म गरी यज्ञपवित दिई शिव मार्ग चाँद मार्ग दुवैले मान्नु पर्ने प्रमाण गरी स्थापना गरी दिए कलिगत ३६०६ जाँदा ती मत्स्येन्द्रनाथलाई आव्हान गरेका बखतमा तेश्रो पटक पनि राजा निदाइरहेकाले ती बन्धुदत्त आचार्यले राजालाई घुडाले घचेटी दिदा बिम्झ्यो र कलश छोपी सकेपछि मलाई घुंडाले घच्यात्ने यिनलाई मार्नु पर्छ भनी राजाले कल्पना गरेको बन्धुदत्त आचार्यले थाहा पाई सो डर देखी डराई बन्धुदत्त आचार्यले देह त्याग गरी ओं श्री मच्छिन्द्रनाथका दाहिने पाउमा रहन गयो । सो खबर राजाले पाई राजाले पनि अपशोच गरी आफूले पनि देह त्याग गरी बायाँ पाउमा रहन गएको हुँदा मच्छिन्द्रनाथको पाउ दर्शन गर्न अति उत्तम मानिन्छ । यहाँपछि कलिगत ३६९४ वर्षमा ललित पतन पाटन सहरमा अघिदेखि चलि आएको अरू देवता रथारोहण गरी यात्रा गर्ने जम्मै माकुमगरी मीननाथको र मच्छिन्द्रनाथको यात्रा सालिन्दा गर्ने रीत बुंमतीमा मन्दिर बनाई दक्षिणायनमा बुंगमती लगी राख्ने र उत्तरायणमा पाटन ल्याई राख्ने रीत चलाइ दिए । यसका अलावा देवमाला वंशावलीमा श्री रातो मच्छिन्द्रनाथ प्रत्यक्ष देवता भएका उल्लेख छ । साथै

वि.सं. १८२० मा मच्छिन्द्रनाथ रथमा रोकिराखेको समयमा अकस्मात आगलागी हुँदा ईश्वर मच्छिन्द्रनाथलाई जेनतेन रथबाट निकाली बचाइएको रोचक ढंगले प्रस्तुत गरिएको छ ।

लोकनाथ दुलाल (सं) (२०७४), मानव तथा प्रकृति संरक्षण नेपालद्वारा प्रकाशित पुस्तक *ललितपत्तन क्षेत्रका अमूर्त साँस्कृतिक सम्पदा* कृतिमा ललितपुरको पाटन क्षेका अमूर्त साँस्कृतिक सम्पदाको विषयमा भरपर्दो, विश्वसनीय तथ्यमूलक विवरण समावेश गरिएको छ । ललितपुर क्षेत्रका अमूर्त साँस्कृतिक सम्पदालाई युगौंयुगसम्म जीवन्त राख्न यो पुस्तक महत्वपूर्ण हुने देखिन्छ । कृतिमा मौलिक परम्परा एवं अभिव्यक्ति, अभिनय तथा प्रदर्शनकारी कला, सामाजिक व्यवहार, अनुष्ठान तथा चाडपर्व उत्सव, परम्परागत ज्ञान विज्ञान, व्यवहार र परम्पारागन कलाकौशल एवं शिल्प प्रविधि जस्ता अमूर्त साँस्कृतिक सम्पदालाई जीवन्त राख्ने प्रयास गरिएको देखिन्छ । पुस्तकमा श्री रातो मच्छिन्द्रनाथ र भोटो जात्रासँग किंबदन्तीका बारेमा सविस्तार चर्चा गरिएको भएपनि बदलिँदो प्रवृत्ति र समस्याहरुका बारेमा उल्लेख गरिएको पाइदैन ।

वीणा पौड्याल, डिल्लीराज शर्मा र गोपाल पोखरेल विवश (२०७४) द्वारा प्रकाशित *चाडपर्वको घर नेपाल* पुस्तकमा सचित्र रुपमा नेपालमा मनाइने चाडपर्वहरुको चर्चा गरिएको छ । यसका साथै अर्श, अल्लाह, अशिमालाँ, आखिरत, आलुम, इदगाह, ईमान, ईश, इसाई, इस्लाम, कर चि, काफिर, कियामत, कुफ्र, कुरआन (कुरान), कुरबानी, कोकोम्हेन्दो, क्युफुई, खलिफा, खाप्से, खे, खेगि, गोप, ग्याल्पो, ग्याल्लो, गिर्जाघर समेतका पारिभाषिक शब्दावलीको अर्थ पुस्तकमा उल्लेख छ । यस कृतिमा विश्वशान्तिका दूतको संस्मरण : बुद्धजयन्ती, किरात समूहको लोकप्रिय पर्व : उभौली र उधौली, साझा पर्व : जनैपूर्णिमा- रक्षाबन्धन, इस्लाम धर्मका दुई पर्व : ईद उल फित्र र बकर ईद, निष्काम कर्मका प्रणेता श्रीकृष्ण अवतरित भएको दिन : कृष्णाष्टमी, माइतीसँग गाँसिएको हर्षको पर्व हरितालिका तीज, नेपालको मातृशक्ति आराधनाको ठूलो पर्व : विजयादशमी-दसैं, भातृत्वप्रेमको परिवेशमा हुर्केको पर्व : यमपञ्चक - तिहार, नवग्रहका स्वामी सूर्यदेव र छठीमाईको उपासना : छठपर्व, इसाई धर्ममा यिसुको संस्मरण : क्रिसमस पर्व, तोला ल्होछार, सोनाम ल्होछार र ग्याल्पो ल्होछार, कार्यथालनीको पहिलो दिन माघे सङ्क्रान्ति- माघ, विद्याको पर्व : वसन्तपञ्चमी-सरस्वतीपूजा, योगीराज महादेव शिवलिङ्गको रूपमा प्रकट रात्रि : महाशिवरात्रि, सद्भाव, मेलमिलाप र रङहरूको पर्व :

फागुपूर्णिमा - होली, मर्यादा पुरुषोत्तम रामको जन्मजयन्तीः रामनवमी पर्वबारे अध्ययन केन्द्रित गरिएको पाइन्छ । यस पुस्तकमा श्री रातो मच्छिन्द्रनाथको रथजात्राबारे अध्ययन गरिएको देखिएन । होल पर्वमा बेलायका राजकुमार ह्यारीसमेत सहभागी हुनुभएको तस्वीर यस कृतिमा प्रकाशित भएको पाइन्छ । साथै गौतम बुद्धको जन्मस्थल लुम्बिनीमा पूजा गरिएको दृश्य, उधौली-उभौलीको अवसरमा नाचिने साकेला नाच, दोलखा भीमसेनमा दर्शनार्थीहरुको घुँइचो, पाटनस्थित कुम्भेश्वरमा दर्शन गर्न आएका झाँक्री तथा जनैसहितको मन्त्रिएको डोरो बाँध्न प्रतीक्षारत ब्राम्हणहरुको तस्वीर पुस्तकमा छापिएको छ ।

सत्यमोहन जोशी (२०७२) द्वारा लिखित पुस्तक *नेपाली चाडपर्व*मा रातो मच्छिन्द्रनाथका एउटा बुंगमती र अर्को ललितपुर तबहालमा दुईओटा विशाल मन्दिरहरू रहेको सन्दर्भलाई राम्ररी प्रस्तुत गरिएको छ । पुस्तकमा यी देवता ललितपुरको जात्रा समाप्त भएपछि सूर्य दक्षिणायन हुने बेलामा बुंगमतीमा विराजमान हुने र सूर्य उत्तरायण हुने बेलामा ललितपुरमा विराजमान हुने चलन रहेको उल्लेख छ । बुंगममतीबाट ललितपुर ल्याउने बेलामा पनि साइत हेरेर मात्र ल्याउनुपर्ने चलन छ । फलानो दिन बुंगमतीबाट ललितपुरमा मच्छिन्द्रनाथ ल्याइने भन्ने कुरा थाहा भएपछि श्रद्धालु भक्तजनहरू बुंगमतीमा पुग्दछन् । मच्छिन्द्रनाथलाई खटमा विराजमान गराई चार जना मानिसहरूले बोकी ललितपुरमा ल्याइ पुयाउँछन् । मच्छिन्द्रनाथको सानाठूला प्रत्येक जात्रामा राज्यको प्रतिनिधित्व हुने गरी राजकीय खड्गको उपस्थिति अनिवार्य हुन्छ । गुरुजुको पल्टनको उपस्थिति पनि अनिवार्य हुन्छ । लेखकले भन्नुभएको छ- मच्छिन्द्रनाथको रथजात्राबारे अनेक लोककथनहरू पाइन्छन् । उहिले राजा नरेन्द्रदेवका पालामा एकचोटि अनावृष्टि हुँदा देशमा हाहाकार मच्चियो रे । अनि गोरखनाथले नौ नागको साधना गरी तपस्या गरिदिनाले यस्तो भएको हो भन्ने कुरो पत्ता लागेपछि, राजा नरेन्द्रदेवले त्यस बेलाका तन्त्रविद् बन्धुदत्त आचार्य र भरिया रथचक्रलाई साथमा लिई कामाक्ष पीठबाट मच्छिन्द्रनाथलाई ल्याइपुयाए । अनि आपना गुरु मच्छिन्द्रनाथ आउनुभयो रे भन्ने कुरो थाहा पाएपछि गोरखनाथजी उठ्नुभयो । फलतः सबै नागहरू आआफ्ना स्थानमा गएपछि वृष्टि हुन थाल्यो र देशमा फेरि सहकाल भयो । यसले मच्छिन्द्रनाथलाई वृष्टिका देवता पनि भन्दछन् । त्यसैबेलादेखि राजा नरेन्द्रदेव ज्यादै खुसी भएर मच्छिन्द्रनाथको रथजात्रा चलाउने परम्परा बनाइदिएको बारे

पुस्तकमा उल्लेख छ । जात्रामा विविध विशेषताहरू थपिंदै आएका र यो जात्रा प्रत्येक वर्ष नेपालीहरूको धार्मिक र सांस्कृतिक पृष्ठभूमिमा एउटा ज्वलन्त जीवित उदाहरण बनेर देखा परिरहेको उजागर लेखकले गर्नुभएको छ । यसका साथै मच्छिन्द्रनाथको जात्राको संक्षिप्त विवरण समेत पुस्तकमा सविस्तार उल्लेख गरिएको पाइन्छ ।

सूचना तथा प्रसारण विभाग (२०७८) द्वारा प्रकाशित *नेपाल परिचय* पुस्तकको परिच्छेद ६ मा नेपालको सामाजिक जीवन तथा संस्कृतिबारे अध्ययन गरिएको पाइन्छ । पुस्तकमा नेपालको सास्कृतिक जीवन, नेपालमा मनाइने प्रमुख जात्रा एवं चाडपर्व, नेपालको सँस्कृति सम्पदाको विवरणबारे चर्चा गरिएको छ । नेपालमा विभिन्न जातजाति, विभिन्न भाषाभाषी बोल्ने र विभिन्न धर्म मान्ने मानिसहरु बस्ने भएकाले आ-आफ्ना रीतिथिति, रहनसहन चालचलनहरुमा पनि विविधता पाइनुका साथ नेपालमा मनाइने प्रमुख जात्रा, चाडपर्व एवं बाजागाजाहरुको बारेमा अध्ययन गरिएको । घोडेजात्रा, गाईजात्रा, दसैं, महाशिवरात्रि, चेते दशैँ, बुद्ध जयन्ती, तिहार, तीज, श्रीपञ्चमी, ल्होसार, उँधौली, उँभौली, जुडशीतल, इदन, कुमारषष्ठी वा सिथी नखः, चासोक ताङनाम, पाता मेला, विस्काजात्रा (विस्केट), गौरा पर्व (गोहरा), सिरुवा पर्व, पेन्दिमा, सोतो मच्छिन्द्रनाथ जात्रा, गढीमाई मेला, गुँला धर्म, रामनवमी, रातो मच्छिन्द्रनाथ जात्रा, तोरलन्ह (पितृपूजा), माघे सक्रान्ति, ट्रहुटे पर्व, मातातीर्थ औंसी, होली, नागपञ्चमी, कुशे औंसी, क्रिसमस, छठ पर्वबारे सङ्क्षेपमा चर्चा गरिएको देखिन्छ । काठमाडौं उपत्यकाका संरक्षक तथा प्राणीजगतका पालनकर्ता भगवान लोकनाथलाई रातो मच्छिन्द्रनाथ भनिएको पुस्तकमा उल्लेख छ (सूचना तथा प्रसारण विभाग, २०७८, पृ.२१८) । पुस्तकमा भनिएको छ कि मच्छिन्द्रनाथलाई दूध, दहीको महास्नान गराउनुको साथै पुलचोक, ललितपुरबाट रथयात्रा शुरु गरी पाटन जावलाखेलमा मच्छिन्द्रनाथको भोटो देखाई जात्रा सम्पन्न गरिन्छ । यो जात्रा बैशाखमा शुरु भइ झण्डै महिनाभरि नै चल्दछ ।

John K. Locke (1973), *Rato Matsyandranath of Patan and Bungamati* पुस्तकमा रातो मच्छिन्द्रनाथको ऐतिहासिक र जात्राका बारेमा अध्ययन गरिएको छ । बुंगमतीमा रहेको रातो मच्छिन्द्रनाथ मन्दिरको बारेमा अध्ययनमा चर्चा गरिएको छ । स्थापना भएको मिति तथा मन्दिर परिसरको उत्तर र दक्षिण छेउमा रहेका दुईवटा ढोकामध्ये एउटाबाट मन्दिरको चोकमा

प्रवेश गर्छ । आँगनको उत्तरी छेउमा रहेको प्रवेशद्वार गाउँको मुख्य भागमा झर्ने ठाडो सिँढीमा खुल्ने र ढोकामा दुईवटा ठूला ढुङ्गाका सिंहहरू गाउँतिर फर्किएकोबारे  लेखकले राम्ररी उल्लेख गर्नुभएको छ ।  मन्दिर प्रांगणको दक्षिण-पश्चिम कुनामा मर्मत गरिएको भैरवको मन्दिर रहेको, त्यहाँ हरेक बिहान बलिदान दिइने र मन्दिरले गाउँको जीवनमा मत्स्येन्द्रनाथको मन्दिर पछि दोस्रो स्थान ओगटेको लेखकले उजागर गर्नुभएको छ । अध्ययनमा भनिएको छ- मच्छिन्द्रनाथको वर्तमान मन्दिरको उमेर निर्धारण गर्न गाह्रो छ । मन्दिरमा दुईवटा शिलालेख भए पनि मन्दिर कहिले बनेको हो भन्ने उल्लेख छैन । पहिलो मन्दिर भित्र नै छ र २२ अक्टोबर १६७५ को मिति बोक्छ । यो जात्राको लागि श्रीनिवास मल्लको समयमा गुठी जग्गा राखिएको थियो । दोस्रो शिलालेख, मिति २८ नोभेम्बर १६८०, श्रीनिवास मल्लको समयमा गरिएको मर्मतसँग सम्बन्धित छ । त्यसैले हालको मन्दिर १६७५ भन्दा केही समय अगाडि निर्माण भएको मदनमोहन मिश्रले मन्दिर लिच्छवी कालको मन्दिर भएको दाबी गरेका छन् । लेखक जोन लकले वर्तमान मन्दिर श्रीनिवास मल्ल आफैले नभई अन्तिम मल्ल कालमा निर्माण गरेको र पाटनमा जस्तै बुंगमतीमा पनि अहिलेको संरचनाभन्दा अगाडि अर्को मन्दिर वा मन्दिर भएको हुनुपर्छ भनी कृतिमा उल्लेख गर्नुभएको छ । ललित पट्टनको ठूलो सहरको पश्चिमतर्फ तीन माइलको दुरीमा बङ्ग नामको महल छ, जसमा एउटा भव्य रातो मच्छिन्द्रनाथको मन्दिर भएको उल्लेख छ ।

Perceval London (1976), *Nepal* पुस्तकमा बौद्ध र हिन्दुहरुको हृदयमा बसेको श्री रातो मच्छिन्द्रनाथ मन्दिरमा २५ फिट बीम रहेको उल्लेख छ । पुरानो समयमा पाटनका कुनै पनि घर मन्दिरुको गजुरभन्दा अग्लो निर्माण गर्न पाँइदैन थियो । छोटो समयमा लागि अवलोकन गर्ने पर्यटकहरुका लागि श्री रातो मच्छिन्द्रनाथको मन्दिर लोकप्रिया रहेको छ । पुस्तकमा भनिएको छ- उपत्यका भित्र सयौं पवित्र स्थानहरूमा पाटनका अन्य मन्दिरहरू मध्ये श्री रातो मच्छिन्द्रनाथको मन्दिर हो, जुन १४०८ मा निर्माण गरिएको थियो । मूल रूपमा यो एक विशुद्ध बौद्ध मन्दिर थियो (पृ.२११) । सुख्खा मौसममा मन्दिरको दक्षिण-पश्चिम तर्फबाट पानी बग्छ । स्वयम्भूनाथको मुनि यस्तै झरना रहेको बताइए पनि त्यसलाई बन्द गरिएको छ । पाटनको दक्षिणमा रहेको मच्छिन्द्रनाथको मन्दिरसँग इपी तौडुको नजिकको सम्बन्ध छ र उत्तरी स्तुपाका भण्डार कोठाहरूमा मच्छिन्द्रनाथलाई वर्षैपिच्छे आफ्नै घरबाट तानेर रथको सजावट,

जुवा र पाङ्गा राखिएको छ। पाटनको पूर्वमा मैदानमा रहेको ठाउँ, जहाँ उहाँ आफ्ना भक्तजनहरूलाई नियमित रूपमा देखाइन्छ (पृ.२११) । पश्चिमतर्फ श्री रातो मच्छिन्द्रनाथको मन्दिरमा  अमिताभको तीनवटा मूर्तिहरू रहेका छन् । यस स्तूपको माथिल्लो भाग काठको छ । पाटनको दक्षिणमा परेड मैदानको बीचमा स्पष्ट उभिएको र त्यसबाट छ वा सात सय गज मात्र टाढा रहेकोले यो एक आकर्षक वस्तु हो । उपत्यकाको जीवन निर्भर हुने वर्षा ल्याउने सबैको विश्वास रहेको छ । लेखकले आफ्नो अनुभव यसरी उल्लेख गर्नुभएको छ- वसन्त ऋतुमा असामान्य रूपमा सुख्खा भएको थियो, र जतातत्तै पानीको आवश्यकता थियो, जोत्ने र बीउ छर्न सुरु गर्न मात्र होइन, तर आवश्यक पिउने पानी उपलब्ध गराउन पनि हाहाकार थियो । एकपछि अर्को गरी कुवाहरू सुक्दै गए, उपत्यकामा हैजा फैलिएको र संक्रमण अझै टाढा फैलिने खतरा थियो । जमिनको जलेको सतह चट्टानजस्तै कडा थियो । मैले किसानहरूसँग केही सहानुभूति व्यक्त गरेको थिएँ, र मच्छिन्द्रनाथको चाडले पक्कै पनि वर्षा ल्याउँछ भन्ने जवाफ एकदम सरल थियो । “भगवानले आफ्ना भक्तहरूलाई देखाउने क्षणमा वर्षा हुनेछ -निश्चित रूपमा वर्षा हुनेछ” मलाई आशा थियो कि यो हुन सक्छ (पृ.२१२) । प्रस्तुत कृतिमा नेपालको सबैभन्दा उल्लेखनीय देवता श्री रातो मच्छिन्द्रनाथ आफै गाढा रातो रंगको काठको लगभग काटिएको ब्लक हो भनी उल्लेख गरिएको छ । वर्षको एक पटक, वर्षाको महिनामा, उहाँलाई रथमा (जसको माथिल्लो संरचना, लगभग ६० फिट उचाइमा, वार्षिक रूपमा नवीकरण गरिन्छ) बागमतीको किनारमा रहेको मन्दिरमा लगिन्छ । त्यसपछि उसलाई मैदानमा लगिन्छ र उत्साही भीडलाई प्रदर्शन गरिन्छ । रातो मच्छिन्द्रनाथलाई एउटा कम्पाउन्डमा राखिएको छ, जसमा केही घरहरू छन्, मन्दिरको वरिपरि प्रशस्त प्रवेशद्वारहरू छन् भनी लेखकले उल्लेख गर्नुभएको छ ( पृ.२१४) ।

## २.२. अनुसन्धान अन्तर

पूर्व कार्यको समिक्षा अन्तर्गत गरिएका कृतिहरुमा श्री रातो मच्छिन्द्रनाथको ऐतिहासिक एवं धार्मिक पक्षलाई उजागर गरिएको देखिन्छ । मच्छिन्द्रनाथ को हुन् ?,  कहिलेबाट उहाँको

चर्चा भयो ? रथजात्रा र भोटोजात्रा कहिलेबाट सञ्चालन गरियो ? भन्ने प्रश्नहरुको खोज विभिन्न साहित्यहरुमा गरिएको पाइन्छ । हिन्दु र बौद्ध धर्मावलम्बीहरुको आस्थाको केन्द्र, सहकालका देवताको रुपमा ख्यातीप्राप्त श्री रातो मच्छिन्द्रनाथको साँस्कृतिक पक्ष तथा बदलिँदो प्रवृत्तिका बारेमा अध्ययनहरु भएको  नदेखिएको हुँदा  प्रस्तुत शोधपत्रमा यसबारे अध्ययन गर्ने प्रयास गरिएको छ ।

# अध्याय तीन

# श्री रातो मच्छिन्द्रनाथ रथजात्राको ऐतिहासिक पक्ष

## ३.१. कला र संस्कृतिको शहर

काठमाडौ उपत्यकाको प्रसिद्ध तीन शहरहरू मध्ये ललितपुर सबभन्दा पुरानो शहर मानिन्छ । यस शहरलाई प्राचीन कालदेखि हालसम्म समय अनुसार विभिन्न नामले चिनिदै आएको छ । जस्तै यल, युपग्राम, ललितपत्तन, ललितपुरी, मानिङ्गल, पाटन आदि । साहित्यिक श्रोत र जनश्रुतिअनुसार ललितपुर शहर किरातकालमा नै स्थापना भैसकेको थियो । उक्त जनश्रुति अनुसार ललितपुरको अर्को नाम यल पहिलो किराती राजा यलम्बरको नामबाट राखिएको हो । जनश्रुति तथा यहाँको रीतिरिवाज पनि ललितपुर शहर र किराँतहरूको प्राचीन सम्बन्ध देखाउन सहयोग गर्दछ । क्वालखु स्थित पट्को डोँ (किरात दरवार ), ८०० किराती मारिएको ठाउँ भनि चिनिने च्यासल, हालसम्म पनि किरातिहरू वर्षको एकपटक आई पूजा गर्नु पर्ने त्यागल स्थित सिद्धिलक्ष्मी मन्दिरको परिसरमा रहेका देवताहरू, तिखिदेवल स्थित शिवजीको मन्दिर आदिले किराँत र ललितपुरको प्राचीन सम्बन्ध थियो भन्ने प्रष्ट हुन्छ । ललितपुर शहरको प्राचीनताको बारेमा प्रमाणित रूपमा प्रकाश पार्ने पुरातात्विक श्रोतहरूको अभाव छ । तर केही वशावलीहरूले भारतका मौर्य सम्राट अशोक इ.पू. २५० तिर काठमाडौ उपत्यकाको भ्रमण गरेको र उनले ललितपुरको चारकुनाको चार र विचमा एक समेत गरेर पाँच स्तूपको स्थापना गरेको कुरा उल्लेख गरेका छन् । ललितपुर चारदिशामा चारवटा प्राचीन स्तुपाहरू रहेका छन् । जुन अशोक स्तुपाको नामले प्रख्यात छ ।

ललितपुर क्षेत्रमा प्राचीन समयदेखि नै बस्ती बसिसकेको र एउटा केन्द्रको रूपमा विकास भैसकेको कुरामा दुइमत छैन । लिच्छविकालमा यो क्षेत्र युपग्राम नामले चिनिन्थ्यो । यहाँ पूर्व दिशामा दीपावती नगर (गईट) दक्षिण दिशामा मतीनगर (लगनखेल), पश्चिम दिशामा शिलापुर दानागिरि (पुल्चोक), उत्तर दिशामा ललितारण्य (कुम्भेश्वर) र मध्य भागमा स्वस्तिक आकारको मगलबजार रहेको बर्णन पाइन्छ । पूर्व दिशामा श्री बालकुमारी, दक्षिण दिशामा

बटुकभैरव र श्रीमहालक्ष्मी, पश्चिम दिशामा खड्गयोगिनी र उत्तर दिशामा चामुण्डादेवी रहेको छ । लिच्छवी कालका पुरातात्विक श्रोतहरू अभिलेख, मूर्ति, ढुङ्गेधारा, जलद्रोणी आदि प्रसस्तै मात्रामा प्राप्त भएबाट लिच्छविकालमा ललितपुर पूर्ण रूपमा विकास भै सकेको बुझिन्छ । यहाँ रहेका २४ वटाभन्दा बढी लिच्छविकालिन शिलालेख, पहिलो शताव्दीको च्यासलको गजलक्ष्मी, हौगलको हारती, बगलामुखीको मातृकाहरूको मूर्ति, सिकुबहीको उमामहेश्वर, चण्डेश्वरी मन्दिर अगाडीको उमामहेश्वरको मूर्ति, खपिँछे भैरब मन्दिरको परिसरमा रहेको शिलालेख सहितको जलद्रोणी, अभिलेख सहितको ढुङ्गेधारा आदि प्राप्त भएबाट लिच्छविकालको युपग्रामको बनौट कला कौशल केही विकास हुँदै आएको बुझिन्छ । हालसम्म यस ललितपुर उप-महानगरपालिका क्षेत्रमा २४ वटा लिच्छविकालका शिलापत्रहरू पाइएका छन् । आजसम्म प्राप्त शिलालेखहरू मध्ये पहिलो अभिलेख स्वथ टोलको संवत् ४११को अभिलेखलाई पनि लिन सकिन्छ (जिल्ला प्रशासन कार्यालय, २०८०, पृ.१) ।

पाटन बाहालुखाको सम्वत ४३५ को दण्डनायक र सर्वदण्डनायकको उल्लेख परेको छ भने सम्वत् ६७ को नरेन्द्रदेवको अभिलेखमा युपग्राम, भट्ट र माप्चोक अधिकरणको अधिकार हटाइएको ब्यहोरा परेको छ । यही लिच्छविकालको युपग्राम नै पछि गएर पाटन तथा ललितपुर भन्न थालियो । यल, पाटन, ललितपटन, ललितापुरी, ललितपुर, मनिङ्गल आदि नामले प्रख्यात यस नगर मल्लकालमा छुट्टै राज्यको रूपमा रहेको थियो । मध्यकालको बौद्ध धर्म र सँस्कृतिको केन्द्रको रूपमा विकास हुनुको साथै कला र सस्कृतिको दृष्टिबाट महत्वपूर्ण केन्द्रको रूपमा रहि रह्यो । यसैले आज यस नगरलाई City of fine Arts को नामले चिनिन सफल भएको हो । ललितपुर नगरका भौतिक सम्पदाको प्राचिनता बारे धेरै अगाडिसम्म पुग्नसक्ने प्रमाणहरू नपाइएता पनि मल्लकालको पूवार्धमा बनेका सम्पदाहरू हालसम्म पनि जीवित नै रहेका छन् । वंशावली तथा अन्य केही स्रोतहरूले वरदेवको हजुरबाबुले (राजप्रासाद) दरबार बनाइएको, सन् ११७६ रुद्र देवले पाटन दरबारको एक चोक निर्माण गरेको उल्लेखहरू पाइएको छ ।

### ३.२. ललितपुरको परिचय

ललितपुर जिल्लामा महानगरपालिका -१, नगरपालिका - २, गाउँपालिका -३, इलाका क्षेत्र - १३, संसदीय निर्वाचन क्षेत्र - ३ र प्रदेश सभा निर्वाच क्षेत्र - ६ वटा रहेको छ । ललितपुरको सदरमुकाम पाटन हो । नेपालको मानचित्रमा ललितपुर जिल्लाको फैलावट २७ डिग्रि २२ मिनेट देखि २८ डिग्रि ५० मिनेट उत्तरी अक्षांश र ८५ डिग्रि १४ मिनेट देखि ८५ डिग्रि २६ मिनेट पूर्वी देशान्तरसम्म रहेको छ । यस जिल्ला समुद्री सतहदेखि ४५७ मिटर उचाईदेखि २८३१ मिटरसम्म रहेको छ । ललितपुर जिल्लाले नेपालको करिब ०.२६६% भू-भाग ओगटेको छ । ललितपुर जिल्लाको औसत अधिकतम तापक्रम २३.६ डिग्री सेल्सियस छ भने न्युनतम तापक्रम १०.७ डिग्री सेल्सियस रहेको छ । यस जिल्लाको वार्षिक वर्षा सरदर १२३२.६ मिलिमिटर रहेको छ । यस जिल्लाको हावापानी समशितोष्ण किसिमको रहेको तथा औसत सापेक्षिक आद्रता ५० देखि ८० प्रतिशतसम्म रहेको छ । ललितपुर जिल्लाको भु-धरातल मध्ये करिब एक तिहाई भाग उपत्यका भित्र र दुई तिहाई पहाड तथा दुर्गम क्षेत्रमा पर्दछ । यस जिल्लाका दुर्गम स्थानहरूमा ठुलादुर्लुङ, कालेश्वर, प्यूटार, माल्टा, आश्राङ, गिम्दी, चन्दनपुर आदी पर्दछन् । ललितपुर जिल्लाको पूर्वमा काभ्रेपलाञ्चोक, पश्चिममा काठमाडौ, उत्तरमा भक्तपुर र दक्षिणमा मकवानपुर जिल्लासँग सिमाना जोडीएको छ। यस जिल्लाको क्षेत्रफल ३८५ वर्ग कि. मी. रहेको छ ।

ललितपुर जिल्लाको कुल क्षेत्रफल ३८५ वर्ग कि. मी. मध्ये भू-उपयोगको दृर्षटिकोणमा कृषियोग्य क्षेत्रफल १४७.६२ वर्ग कि. मी., वनजङ्गलले ढाकिएको भू-भाग १९७.९७ वर्ग कि. मी. र बाँकी भाग चरन, झाडी तथा घाँसले ढाकिएको छ । ललितपुर जिल्लाको खाध्यान्न बालीहरूमा धान, मकै, गहुँ, कोदो, फापर, जौ, भटमास, केराउ, आलु र फल-फुल बालीमा स्याउ, ओखर, नासपती, सुन्तला, केरा, कागती, कफी आदिको खेती गरिन्छ । यहाँको वनजङ्गलमा साल, सिसौ, उत्तिस, चिलाउने, कपुर, काइँयो, पैयुँ, कटुस, बाँस, निगालो आदि वनस्पती पाइन्छन् । यहाँको जङ्गलमा बाघ, भालु, बनेल, मृग, हरिण, चितुवा जस्ता जनावर

लगायत नेपालमा मात्र पाइने चरा काँडे भ्याकुर, कालिज, तित्रा, भद्राई, बट्टाई, ढुकुर जस्ता पंक्षीहरू रहेका छन् ।

ललितपुर जिल्लाको केही पहाडी क्षेत्रमा बाहेक धेरैजसो ठाउँमा सडक यातायातको सुविधा रहको छ । जिल्लाको सदरमुकामदेखि  लामाटार ९ किलोमिटर, चापागाउँ ७ किलोमिटर र गोदावरी ७ किलोमिटर पक्की बाटो, भट्टेडाँडाको छपेलीसम्म ३२ किलोमिटर, गोटिखेल माथि चन्दनपुरसम्म ५३ किलोमिटर, बुगमती - टिकाभैरव ७ किलोमिटर, लेले भञ्ज्याङ-चिहानडाँडा २ किलोमिटर, दल्चोकी-शङ्खु-इकुडोल सडक १५ किलोमिटर, बगुवा आश्रङ्ग-गिम्दी-ठूला दुर्लुङ्ग-ठाँटी भञ्ज्याङ १६ किलोमिटर, चन्दनपुर-ससिपा भञ्ज्याङ-ठाँटी भञ्ज्याङ ७.५ किलोमिटर र रातोमाटे खोर भञ्ज्याङ-कालेश्वर १५ किलोमिटर कच्ची बाटो निर्माण भएका छन्। यस्ता सडकमा हिउँदमा सवारी साधन चल्ने र वर्षायाममा बर्षातका कारण बाढी पहिरोले यातायातमा अवरोध उत्पन्न भैरहेको छ । यस जिल्लामा १२२ किलोमिटर कालोपत्रे सडक रहेको छ भने १२० किलोमिटर ग्राभेल सडक र करिव २३० किलोमिटर कच्ची सडक गरी जम्मा ४७२ किलोमिटर सडक रहेका छन । यस जिल्लामा पक्की पुल १२, अन्य झोलुङ्गे पुल ३० रहेका छन् ।

### ३.३. ललितपुरका साँस्कृतिक स्थलहरू

ललितपुरमा विभिन्न धर्मालम्वीहरुको बसोवास रहेको छ । मूख्यत यहा हिन्दु, वौद्ध, इस्लाम र क्रिस्चियन धर्मावलम्बीहरू बसोबास गरेका पाइन्छ । ललितपुर जिल्लाका मठमन्दिरहरुले प्रसिद्धि कमाएका छन्:

(क) प्रसिद्ध कृष्ण मन्दिर

ललितपुर म.न.पा. मंगलबजारमा कृष्णमन्दिर रहेको छ, यस स्थान पर्यटकहरुको लागि अत्यन्तै महत्वपूर्ण रहेको छ ।

(ख) प्रसिद्ध बगलामुखी मन्दिर

ललितपुर म.न.पा. मंगलबजारमा वगलामुखी मन्दिर रहेको छ, यस स्थान पर्यटकहरुको लागि अत्यन्तै महत्वपूर्ण रहेको छ ।

(ग) प्रसिद्ध सन्तानेश्वर मन्दिर

गोदावरी नगरपालिका झरुवारासीमा सन्तानेश्वर मन्दिर रहेको छ, यस स्थान पर्यटकहरुको लागि अत्यन्तै महत्वपूर्ण रहेको छ ।

(घ) प्रसिद्ध बज्रवाराही मन्दिर

गोदावरी नगरपालिका चापागाउँमा बज्रवाराही मन्दिर रहेको छ, यस स्थान पर्यटकहरुको लागि अत्यन्तै महत्वपूर्ण रहेको छ ।

(ङ) प्रसिद्ध कार्यविनायक मन्दिर

ललितपुर म.न.पा.  कार्यविनायक मन्दिर रहेको छ, यस स्थान पर्यटकहरुको लागि अत्यन्तै महत्वपूर्ण रहेको छ ।

(च) प्रसिद्ध विशंखुनाराण मन्दिर

गोदावरी नगरपालिका विशखुनारायणमा उपत्यकाको चार नारायण मध्ये विशंखुनारायण मन्दिर रहेको छ, यस स्थान पर्यटकहरुको लागि अत्यन्तै महत्वपूर्ण रहेको छ ।

(छ) प्रसिद्ध टिकाभैरव मन्दिर

गोदावरी नगरपालिका लेलेमा टिकाभैरव मन्दिर रहेको छ, यस स्थान पर्यटकहरुको लागि महत्वपूर्ण रहेको छ ।

(ज) प्रसिद्ध वैतर्णीधाम मन्दिर

गोटिखेलमा वैतर्णीधाम मन्दिर रहेको छ, यस स्थान पर्यटकको लागि महत्वपूर्ण रहेकोछ ।

(जिल्ला प्रशासन कार्यालय ललितपुर, २०८०, पृ.१)

## ३.४. श्री रातो मच्छिन्द्रनाथ

श्री रातो मच्छिन्द्रनाथललितपुरका सबैभन्दा ठुला देवता हुन् । यिनलाई लोकनाथ, आर्यवलोकितेश्वर, बुंगद्य, बुंगमलोकितेश्वर, करुणामय आदि नामले पनि पुकारिन्छ । महायानी बज्रयान बौद्धमतअनुसार यी देवतालाई ३३० लोकेश्वरहरूमध्ये पद्‌मपाणी लोकेश्वरको एक अवतार तथा अष्टबोधिसत्वहरूमध्ये सर्वोच्च स्थान भएको आर्यावलोकितेश्वरको रूपमा मानिन्छ (बज्राचार्य, २०४१) । यिनलाई शैव, वैष्णव, शाक्त र बौद्ध सम्प्रदायका सबै अनुयायीहरूले आ-आफना कुलाचार, धारणा र विश्वासअनुसार पूजा उपासना गर्दछन् । शैव मतालम्बीहरू यिनलाई शिवकै एक रूप मान्दछन् । वैष्णवहरू जगन्नाथ वा कृष्णको अर्को रूप ठान्दछन् । सिद्ध परम्पराका अनुयायीहरू मच्छिन्द्रनाथको उत्पत्ति अलौकिक चमत्कारी गर्न सक्ने ८४ सिद्धमध्ये एक रूप हुन भन्ने विश्वास गर्दछन् । यिनलाई अन्न र वृष्टिका देवता पनि भनिन्छ । यी देवताको प्रतीमालाई हरेक साल भोटोजात्रापछि शुरुका ६ महिना बुङ्गमती र बाँकी ६ महिना ललितपुर तःवहालस्थित मन्दिरमा राखी दैनिक पूजा गरिन्छ । प्रत्येक वर्ष चैत्रशुक्ल पूर्णिमाको दिन यिनको प्रतिमालाई सानो खटमा राखी तःबहालबाट लगनखेलको ठूलो मण्डपमा पुऱ्याई महास्नान गराउने चलन छ (जोशी, २०३९) । यो सांस्कृतिक कार्यपछि प्रतीमा मर्मत गर्ने, रङ भर्ने, दृष्टि प्रदान गर्ने एवम् जन्मदेखिका अनेक संस्कारहरू पूरा गर्ने कार्य हुन्छ । महास्नान गरेको दुई हप्ता पछि अर्थात् वैशाख शुक्ल प्रतिपदाको दिन मच्छिन्द्रनाथको रथजात्रा प्रारम्भ गरिन्छ । जात्राका क्रममा रथ तान्नुअघि र जात्रा समापन पछि आर्यावलोकितेश्वरको नाममा छ स्तोत्रपाठ गर्ने परम्परा छ । रथ तान्ने सिलसिलामा निम्न मन्त्रोच्चारण गरी आर्यावलोकितेश्वरको तीन पटक नाम लिइन्छ ।

ॐनमः श्री आर्यावलोकितेश्वराय, ॐनमः श्री आर्यावलोकितेश्वराय, ॐनमः श्री आर्यावलोकितेश्वराय, वोधिसत्वाय, महासत्वाय, महाकारणिकाय लोकनाथाय, नमो नम लोकनाथाय (एकीकृत मालो समाज नेपाल, २०७०) ।

यसपछि देवताको बायाँ बसी श्री आयावलोकितेश्वर पाद स्तबः स्तोत्र चरपति कृत भन्ने मन्त्र पाठ गरिन्छ । देवताको दायाँ बसेर श्री करुणास्तव स्तोत्र ॥ श्रीबन्धुदत्ताचार्य कृता स्तोत्र पाठ र देवताको अगाडि बसी श्री आर्यावलोकितेश्वर रूप स्तोत्र श्री नरेन्द्रदेव भूपतिकृत तथा

देवता फर्काउने समयमा ॐ नमो बुद्धायः भनेर छुट्टै स्तोत्र पाठ गर्ने प्रचलन छ (बज्राचार्य, २०६०) । मच्छिन्द्रनाथको सबै पूजा पद्धति बुङ्गमती तथा ललितपुरका सम्बन्धित पानेजु ( बज्राचार्य) हरूले सञ्चालन गर्दछन् । यी देवताको रथ राखेको ठाउँमा हिन्दू तथा बौद्ध धर्माबलम्बीहरूबाट दीप प्रज्वलन गर्ने र ललितपुरका प्रत्येक घरबाट पूजा लैजाने परम्परा समेत छ ।

## ३.५. श्री रातो मच्छिन्द्रनाथ नेपाल मण्डल ल्याउँदाको योजना

श्री रातो मच्छिन्द्रनाथ, बुङ्गमती पूजारी संघका अध्यक्ष मूल पूजारी यज्ञरत्न शाक्य, वर्ष ५७, लिच्छवीकालमा बाह्र वर्षसम्म नेपाल मण्डलमा खडेरी परेको कारण खोजी हुन थाल्यो । यस क्रममा जलस्रोतहरु सुक्दै गयो । भौतिक रुपमा हेर्ने हो भने भक्तपुरमा सबैभन्दा धेरै इनारहरु रहेका छन् । इनार खन्ने चलन यही खडेरीबाट आएको हो भन्ने सुनिन्छ । त्यसपछि उपत्यकामा इनार खन्न र जमिन मुनिबोट पानी निकाल्ने कार्य भएको हो । लिच्छवी राजा नरेन्द्रदेव काठमाडौंका राजा भइकन पनि भक्तपुरमा बस्थे । त्यहाँका जनताहरु प्रजावत्सल्य भएको अनुभव गर्न थालेको पाइन्छ । के कति कारणले पानी नपरेको हो भन्ने बारेमा राजा नरेन्द्रदेवले ज्योतिषीहरुलाई बोलाएर देखाउने र सोध्ने काम भयो । यसक्रममा ज्योतिषीहरुले पानी नपर्नुको कारण गोरखनाथ रिसाउनुभएको रहेछ, काठमाडौंमा आउँदा गोरखनाथलाई काठमाडौंबासीले भिक्षादान नदिँदाखेरि गोरखनाथ रिसाएर मेघमाला -बादल) बाट सबै नागहरुलाई नियन्त्रणमा लिइ नवनाग साधन गरी काठमाडौंका बासिन्दाले मलाई कुनै पनि सहयोग गरेन, मलाई खान लाउनका लागि पनि केही सहयोग नगरेको कारणले गुरुलाई दर्शन गरी पाउँ भनी सबै नागलाई लिइ मृगस्थलीमा ध्यान बसेका थिए । ध्यान बस्ने क्रममा नागहरु बिचरण गर्न पाएनन्, आकाशमा जान पाएनन् । नवनागलाई आशन बनाएर गोरखनाथ ध्यानमा बसेपछि पानी पर्न बन्द भयो । यस्तो कारणले पानी नपरेको हो भनी ज्योतिषीहरुले राजालाई बिन्ती गरे ।

गोरखनाथलाई खुसी पार्न अब के गर्नुपर्छ ? भनी राजाले प्रश्न गर्दाखेरि ज्योतिषीहरुले गोरखनाथका गुरु श्री रातो मच्छिन्द्रनाथलाई नेपाल मण्डल (काठमाडौं) मा आवागमन गराउन सकिएको अवस्थामा पानी पर्छ । गोरखनाथ आफ्नो गुरुलाई दर्शन गर्न जब उठेर जानुहुन्छ, त्यसबेला सबै नागहरु आकाशतिर मेघमालाका रुपमा गएपछि फेरि पानी पर्छ भनेर जवाफ दिए । यसपछि मच्छिन्द्रनाथ कहाँ छन्, उहाँका गुरु कहाँ छन् भन्ने कुरा भैसकेपछि उहाँका गुरु मच्छिन्द्रनाथ अहिले कामारुकामाक्षको राजा शशीका १०८ औं पुत्रका रुपमा जन्मिनुभएको छ । उहाँलाई यो नेपाल मण्डलमा आगमन गराएपछि पानी पर्छ भनेपछि राजा नरेन्द्रदेवले काठमाडौंका तान्त्रिक गुरु बन्धुदत्त आचार्य, भरियाका रुपमा ललितपुरका ललित ज्याफु भन्ने भरियालाई साथमा लिएर राजा नरेन्द्रदेव कामारुकामाक्ष जाने निधो भयो । काठमाडौंको स्वयम्भुमा शान्तिपुरमा एउटा गुफा रहेको छ, त्यो शान्तिपुरमा सिद्धिप्राप्ति शान्तिकर गुरुले म्हेपी अजिमासँग तन्त्रविद्याको अष्टसिद्धि प्राप्त गर्नुभएको थियो । अष्टसिद्धि प्राप्त गर्ने दिन जब म्हेपी अजिमाले शान्तिकरलाई अष्टसिद्धिको वरदान दिएको, सोही बेला पछाडि एउटा सानो बालक शान्तिकरका पछि पछि सँगै आएको अवस्था, त्यो देखेपछि तिमीलाई मैले दीक्षा दिने बेलामा अरु कोही साथमा हुनुहुँदैन भन्ने मैले बताएको थिएँ भनी म्हेपी अजिमाले भने । दीक्षा भनेको पनि गोप्य कुरा हो । गोप्य कुरा एकजना बाहेर अर्को जनालाई भन्नु हुँदैन भन्ने छ । गोप्य कुरा अष्टसिद्धि दिने बेलामा साथमा एउटा बालक देखेपछि यो कुरा उसले सबैलाई भनिदिन्छ भन्ने भयो । उसले भन्दै हिँड्ने भएको कारण तिमीलाई कोही पनि नभएको अवस्थामा आउनु भनेको तर तिमीले एउटा बालक लिएर आयौ । त्यो बालक को हो ? भनेर म्हेपी अजिमाले प्रश्न गरे । शान्तिकरले त्यो बालक आफ्नो छोरा भएको जवाफ दिए । म्हेपी अजिमाले भन्नुभयो कि तिमीले अष्टसिद्धि प्राप्त गरेवापत दक्षिणा दिनुपर्छ भनेपछि त्यो बालकलाई त्यत्तिकै छाडौं, सबै कुरा बताइदिन्छ भन्ने भएपछि मैले दक्षिणा वापत केही पनि ल्याइन प्रभु ! मेरो एउटै छोरा यो बालक दक्षिणा स्वरुप चढाउँछु भनेर दिए । यसपछि अजिमाले त्यो बालकको मांश संहार गरेर मांस प्रयोग गरिसकेपछि त्यसको बाँकी रहेको हाडखोर मात्र देखियो । शान्तिकरलाई एकदमै चित्त दुख्यो । आफ्नो एक्लो छोरा बलिदान दिनुपर्‍यो ।

अजिमाले भने कि तिम्रो बलिदानले चित्त पनि दुख्यो होला । तिमीले चित्त दुखाउने अवस्था चाँहि छैन । तर यो बालक भोलि गएर लोककल्याणकारी काममा लोकनाथको रुपमा कामारुकामाक्षमा गएर जन्म लिनेछ र तिमीले त्यही छोरालाई एउटा लोकनाथको रुपमा दर्शन गर्न पाउने छौ भनेपछि उ ढुक्क भएर गए । त्यो बालकको बाँकी रहेको हाडखोर एकठाउँमा गाडिएपछि त्यहाँ एकखालको पहाड बन्न पुग्यो । यसपछि शान्तिकर ढुक्क भए । राजा नरेन्द्रदेवले शान्तिकर गुरुसँग सल्लाह गरेपछि यो कुरा थाहा भयो । अब कामारुकामाक्षबाट लोकनाथलाई कसरी लिन जाने भनेपछि अष्टसिद्धि प्राप्त शान्तिकरले आफ्नो चेला पठाइदिन्छु भनेर राजालाई विन्ति गरे । यसपछि बन्धुदत्त आचार्यलाई पठाउने कार्य भयो ।

अहिलेको भाषामा तीनै जना राजा नरेन्द्रदेव, बन्धुदत्त आचार्य, ललित ज्याफू खडेरीलाई निमिट्यान्न पार्नका लागि लक्ष्य लिएर अभियन्ताको रुपमा कामारुकामाक्षतर्फ हिँडे । हिँड्ने क्रममा दक्षिणकालीतर्फको बाटोमा कर्कोटक नागको बासस्थान टौदहमा पुगेपछि सेतो कपडा ओढेर नागराज बाटो छेकेर बसे । तीनजनाको टोली कि हिँड्नुपर्‍यो, कि नाघेर जानुपर्‍यो । नागराजलाई पन्छाउनु त पर्‍यो । राजाको स्वभाव कस्तो हुन्छ भने सकिन्छ सम्झाउने, नसम्झिए छप्काउने भन्ने हुन्छ । हामी यसरी जान लागेका हौं, हाम्रो बाटो छेकेर बस्ने को हो ? हाम्रो बाटो छाडिदे भनेपनि बाटो छोडेनन् । नसुनेको जस्तोगरी बाटो छेकेर बसिरहे । बाटो छोड्ने भए छोड्, नत्र तेरो संहार गरिदिन्छु भनेर राजाले भनेपछि त्यो कर्कोटक नाग बडेमाको ठूलो भएर आफ्नो रुप देखाउन पुगे । यो रुप देखेर तीनैजना तर्सिए । ओहो ! यो त नागराजा रहेछ, भन्ने भयो । अनि बन्धुदत्तले एकदमै भावपूर्ण अभिव्यक्ति दिएर "हजुर ! हजुरलाई चिनिन, क्षमा गर्नुहोस्, राजालाई क्षमा गर्नुहोस्, राजाको तर्फबाट म क्षमा माग्छु, हजुरको यो बिशाल रुप दर्शन गर्ने अवसर पायौं, यो बिशाल रुप देख्ने अवसर दिनुभएकोमा हजुरलाई धेरैधेरै धन्यवाद र कृतज्ञता ज्ञापन गर्दछु । र मैले सुनेको थिएँ, हजुर एकदमै मसिनो सानो भएर एउटा रौं जस्तो पनि हुन सक्छ भन्ने सुनेको थिएँ । त्यो रुप पनि हजुरको दर्शन गर्न पाउँ भनिसकेपछि कर्कोटकले गड्यौला जस्तो सानो रुप देखाए । यो सानो रुप देख्नासाथ बन्धुदत्तले चाँदीको एउटा बट्टा खोलेर कर्कोटकलाई हातले टपक्क टिपेर राखिदिए । नाग निसास्सियो । कर्कोटकले विलाप

गर्न थाल्यो “ए ! तिमीहरुले मलाई के गरेको यो ? मलाई यस्तो छल गरेर बट्टामा थुन्ने काम गऱ्यो । तपाँईहरु के हुन् ? मेरो कमजोर अवस्थालाई छल गरेर यसरी फाइदा उठाउनुभयो । को रहेछ ?” यसपछि हामी फलानो फलानो हौं, यो यो कारणले हाम्रो गन्तव्य यो छ, यो गन्तव्यमा तपाँईले साथ दिनुपर्छ भनेर आफ्नो परिचय कर्कोटकलाई दिए । बाटो छेक्ने क्रममा राजा रिसाएपछि यो गर्नुपऱ्यो । हाम्रो साथ दिएको अवस्थमा मात्र छुटकारा दिनेछौं । हाम्रो योजना सम्पन्न नभएसम्म मैले भने अनुसारको योजनामा सहयोग गर्छु भनेर सत्यबाचा दिनुभयो भने मुक्त गरिदिन्छौं” भनेर धर्मदत्तले भने । यसपछि कर्कोटकले “ओहो ! यहाँहरु धेरै राम्रो काममा आउन लाग्नु भएको रहेछ, प्राणीको रक्षाका लागि आउनुभएको रहेछ । म हजुरहरुको योजनामा सदा तत्पर रहन्छु, साथमा रहेर सहयोग गर्छु, सत्य सत्य सत्य साथ दिन्छु” भने । यसपछि वन्धुदत्तले कर्कोटकलाई बट्टाबाट निकाले । कर्कोटकलाई ललित भरियाको खर्पनमा राखेर सँगै लिएर गए ।

कामारुकामाक्षको छेउछाउमा पुगेपछि हामी लोकनाथ लिन आएको भनेर जाने कुरा त भएन । दरवारमा जाने कुरा पनि भएन, बस्तीमा जाने कुरा पनि भएन । अब बस्तीमा कसरी जाने त ? कुन ढङ्गले जाने ? यसक्रममा एउटा ढुङ्गामा अन्तर्ध्यान गरेर बस्दा कुन ठाउँमा के छ ? कस्तो छ ? भन्ने पत्ता लाग्यो । तान्त्रिक विधिबाट दृश्य लिने काम भयो । त्यसपछि वन्धुदत्तले कर्कोटक नागको धेरै काम छ भनेर सुनाए । मसिनो सानो रुपमा कसैले नदेख्ने सानो सर्प भएर पर्खाल चढेर, प्वाल कहाँ के छ, कताबाट हुन्छ, दरवारमा प्रवेश गर्नुपर्ने निधो भयो । दरवारमा प्रवेश गरेर अनुसन्धान गरी सबै रिपोर्ट आफूलाई दिनुपर्ने धर्मदत्तले बताए । राजाले के गर्छन्, बच्चा के गर्छ, कता खेल्छ, भनेर सबै हेर्नु भने । नागराज सानो रुप लिएर दरवारभित्र पसे । दरवारभित्र ढुंगेधारा, बच्चा खेल्ने बगैंचा सबै पहिचान गरेर दरवारमा कस्तो भाडामा पानी थाप्न ल्याउँछ, त्यो राज र रानीले खान्छन् भनेर अनुसन्धान गरेर आइसकेपछि राजाले पिउनका लागि पानी थाप्न ल्याउने चाँदीको घडामा तिमी पस्नु भनी नागराजलाई आदेश दिने कार्य भयो । ढुंगेधारामा गएर कसैले नदेख्ने गरी जब चाँदीको घडा थाप्छन्, त्यो पानीभित्र पसेर चाँदीको घडामा जाने सल्लाह भयो । सोही योजना मुताविक काम अघि बढ्यो । राजाले

चाँदीको घडाबाट पानी खाँदा एउटा ब्याक्टेरियाको रुपमा कर्कोटक नागराज पेटमा गयो । पेटमा गैसकेपछि राजाको पेट दुख्न थाल्यो र छटपटी हुन थाल्यो । यस योजना बमोजिम श्री रातो मच्छिन्द्रनाथ नेपाल मण्डल आउनुभएको हो ।

## ३.६. मच्छिन्द्रनाथ नेपाल आगमन सम्बन्धी विविध कथा, भनाइ र किम्बदन्तीहरू

राजा नरेन्द्रदेवको शासनकालमा देशमा अनावृष्टि हुँदा हाहाकार मच्चियो । श्री रातो मच्छिन्द्रनाथका शिष्य गोरखनाथले ठूला नागहरू सबैलाई साधना गरी तिनीहरूको आशन बनाएर तपस्यामा बसे । नागहरू बन्धनमा परेकाले यहाँ अनावृष्टि भएको पत्ता लाग्यो । त्यसपछि राजा नरेन्द्रदेव तन्त्रविद् बन्धुदत्त आचार्य र भरिया रथ चक्रलाई साथमा लिई कामरूप (कामाक्ष पीठ) मा पुगेर त्यहांबाट मच्छिन्द्रनाथलाई नेपाल ल्याए । आफ्ना गुरु मच्छिन्द्रनाथ नेपाल आउनु भएको थाहा पाएर गुरुको दर्शन गर्न गोरखनाथ तपस्या स्थल छोडेर हिड़े । त्यहीबेला सबै नागहरू - आफ्नो बाटो लागे । त्यसपछि राज्यमा पानी पर्न गई सहकाल आयो । त्यसबाट राजा नरेन्द्रदेव ज्यादै खुशी भई मच्छिन्द्रनाथको रथयात्रा चलाउने परम्परा बसालेको भन्ने कथन सबैभन्दा प्रचलित रहेको छ ।

श्री रातो मत्स्येन्द्रनाथका विषयमा विभिन्न किसिमका किंवदन्तीहरू पनि प्रचलनमा रहेका छन् । एउटा किंवदन्तीअनुसार भक्तपुरका लिच्छविकालीन राजा नरेन्द्रदेवले मच्छिन्द्रनाथलाई नेपाल ल्याएका हुन् भन्ने बुझिन्छ । भक्तपुरका लिच्छविकालीन राजा नरेन्द्रदेवको पालामा गोरखनाथ काठमाडौं उपत्यकामा घुम्न आएका थिए । उनले योगीको भेष गरी भिक्षा माग्दा काठमाडौं उपत्यकाबासीहरूले भिक्षा नदिइ अपमान गरेको कारणले सजाय दिने योजना बनाए । नौ वटा अष्ट सिद्धि नागलाई नियन्त्रमा लिई आफ्नो आशन बनाइ ध्यानमा बस्न थाले । पानी पाने नागहरू नहुँदा उपत्यकामा लगभग १२ वर्षसम्म खडेरी पऱ्यो । जनताहरूले ठूलो दुःख पाए । राजाले धेरै चिन्ता गरे । यताउती घुमफिर गर्न थाले । यस क्रममा एउटा घरमा लोग्ने स्वास्नी कुराकानी गरिरहेको फेला पारे । गफ गर्ने क्रममा लोग्नेले

वर्षा नहुनुको उपाय आफूलाई मात्र थाहा भएको कुरा श्रीमतीलाई बताइरहेको थियो । भोलिपल्ट ती व्यक्तिलाई भेट्न उक्त घरमा आउँदा सजिलै पहिचान गर्न सकियोस् भनेर त्यस दिन राजाले घरमा सङ्केत चिन्ह लगाए । अर्को दिन घरको मालिकलाई बोलाएर राजाले सोधे । सम्बन्धित व्यक्तिले आफू बन्धुदत्त आचार्य भएको बताए । राजाले उपत्यकामा पानी पार्ने उपायबारे जिज्ञासा राखे । उक्त व्यक्तिले गोरखनाथ योगीको भेष धारण गरी काठमाडौं उपत्यकामा भिक्षा माग्दा स्थानीय वासीहरूले भिक्षा नदिइ अपमान गरे । रिसाएका गोरखनाथले नव अष्ठ सिद्धि नागलाई नियन्त्रणमा लिई आफ्नो आसन बनाइ ध्यानमा बसे । पानी पार्ने नागहरू नहुँदा उपत्यकामा खडेरी परेको हो । गोखनाथलाई आसनबाट उठाउन गाहो छ । दवावमा उठाउनको लागि प्रयास गर्न खोजे झनै बिघ्न गर्दछन् । उठाउने एउटै विकल्प छ । त्यो भनेको उनका गुरु रातो मच्छिन्द्रनाथ भारतको कामरुकामाक्ष छन् । त्यहाँबाट उपत्यकामा ल्याउन सके मात्र गुरुलाई दर्शन गर्न आउँदा नागको आशन छोडी गोरखनाथ उठ्दछन् । त्यसपछि नागहरू स्वतन्त्र भइ पानी पर्दछ भन्ने कुरा राजालाई बताए ।

भारतको आसाम प्रदेशमा गोरखनाथका गुरूलाई लिन राजा नरेन्द्रदेव, ललित किसान, बन्धुदत्त आचार्य जान लाग्दा टौदहको नाग राजा कर्कोटकले आफूलाई पनि लिएर जान अनुरोध गर्दै बाटो छेक्यो । टौदहका कर्कोटक नागलाई पनि सँगै लिएर गए । बन्धुदत्त आचार्यले तान्त्रिक विधिद्वारा कामरूकामाक्षका राजाले खाने फलफूलमा कर्कोटक नागलाई सानो पारी राखी दिए । फलफूल खाने क्रममा नाग पेटमा गएर बस्यो । राजा छट्पटाउन थाले । राजा अस्वस्थ भएको खबर नेपालका राजा नरेन्द्रदेव र बन्धुदत्त कहाँ समेत पुग्यो । कामरुकामाक्षका राजाले राजा नरेन्द्रदेव र बन्धुदत्तलाई आफ्ना दरवारमा झिकाए । आफ्नो विमार निको पार्ने उपायका बारेमा कामरुकामाक्षका राजाले जिज्ञासा राखे । बन्धुदत्त आचार्यले मैले भनेको ईच्छा पूरा गरी दिएमा मात्र बचाउन सक्छु भन्ने जानकारी गराए । कामरुकामाक्षका राजा ईच्छा पूरा गरी दिन तयार भए । बन्धुदत्तले तान्त्रिक विधिअनुसार फुकी तिम्रो विमार ठिक भयो भनेपछि राजालाई सन्चो भयो । बन्धुदत्तले बाचाअनुसार मेरो देशमा हजुरका छोरा मच्छिन्द्रनाथलाई लैजान पाएमा अनिकाल हुने थिएन । त्यसैले हजुरको छोरालाई मेरो देशमा लैजान्छु भनी बन्धुदत्तले प्रस्ताव गरे

। रानीले पठाउन मानिन् । अनी रातो मच्छिन्द्रनाथले म तपाईंको देशमा आउछु भनेपछि उनी निस्की भमराका रूपमा आए । कटुवाल दहमा आई पुगी त्यहाँ बास बसे । पछि अर्को दिन बुङ्मतीमा (अमरावती) बास बसी पाटनमा आइपुगे । रातो मच्छिन्द्रनाथ भमराको रूपमा पहिलो पटक आउँदा पनि राजाले चाल पाएनन् । दोस्रो पटक आउँदा पनि राजालाई पत्तो भएन । तेस्रो पटक आउँदा पनि थाहा नपाएमा काम असफल हुने देखेपछि भमरा आउँदा बन्धुदत्त आचार्यले राजालाई घोचे । राजा झसक्क भए । राजाने थाहा पाए । त्यसपछि कलस खुला गरी राखिदिए । भ्रमरा कलसमा पस्यो । बिर्को लगाएपछि मात्र काम सफल भयो । नागको आसनमा बसेका गोरखनाथले थाहा पाइ गुरुको दर्शन गर्न आउँदा नागहरू फुकुवा भई उपत्यकामा पानी पर्न थाल्यो । अनिकाल हट्न गयो । राजा नरेन्द्रदेवले रातो मच्छिन्द्रनाथलाई भक्तपुरमा राख्ने कुरा गरे । बन्धुदत्त आचार्यले कान्तिपुरमा राख्न जोड दिए । त्यसपछि राजा नरेन्द्रदेव र बन्धुदत्त आचार्य बीच कहाँ राख्ने भन्ने विषयमा विवाद सिर्जना भयो । दुई जनाको विवाद सुनेर ललित किसान भरियाले ललितपुरमा राख्ने कुरा गरे । तीन जनाबीच मतभेद सुरु भयो । किसानले ललितपुरको सबैभन्दा वृद्ध व्यक्तिले जहां राख्ने भन्दछन् त्यही राखौं भन्ने प्रस्ताव गरे । अन्तमा किसानको प्रस्ताव दुई जनाले स्वीकार गरे । तर किसान चलाख थिए । किसानले दहिमा नुन राखेर वृद्ध बूढाको नातिलाई खान दिए । नातिले दहिमा नुन भएको कुरा वृद्ध बूढालाई सुनाए । वृद्ध बूढाले नुनको सोझो गर्नु पर्दछ भन्ने आशय बुझे । वृद्ध व्यक्तिलाई सात ओटा ओखल माथि राखियो । त्यहाँ बसी उनले ललितपुरमा राखौं भने । भक्तपुरे र कान्तिपुरेहरूका कुदृष्टि ओखलमा पऱ्यो । ओखल भासिएर तत्कालै उनको मृत्यु भयो । पछि पूर्व सहमतिअनुसार रातो मच्छिन्द्रनाथलाई ललितपुरमा राखियो ।

### ३.७. श्री रातो मच्छिन्द्रनाथको रुप

ललितपुर, बुङ्गमतीका स्थानीय बासिन्दा राजभाइ शाक्य, वर्ष ४८, श्री रातो मच्छिन्द्रनाथको रुप के हो ? कस्तो हो ? भन्ने कुरा राजा चार जना बाहेक अरु कसैलाई थाहा छैन । राजा नरेन्द्रदेव, धर्मदत्त, ललित र कर्कोटक नागलाई मात्र थाहा छ । उहाँलार्य

आत्मसाधना गरेर नेपाल मण्डलमा ल्याइएको हो । अरुहरु जस्तो त होइन । श्री रातो मच्छिन्द्रनाथ वर्षैपिच्छे जन्मेर मरिराखेको देवता हो । स्नान गरेको भनेको मर्नु हो । इतिहास भनेपछि लामो वा छोटो जे भएपनि ठिक ठाउँमा पुग्छ । हामी पूजारी खलक हौं । हामी ३० जवान छौं । बोलकबोलबाट जो सक्षम हुन्छ, जस्ले पैसा धेरै राख्न सक्छ, त्यो पूजारी बन्ने हो । शाक्यमा पनि श्री रातो मच्छिन्द्रनाथको शाक्य पनि ३/४ किसिमको हुन्छ । एकपटक पूजारी बनिसकेपछि जीवनभर हुन्छ । पूजारीको निधनपछि फेरि बोल बढाबढ गरेर, आफ्नो क्षमता देखाएर पूजारी बन्छन् । हामीले थाहा पाएदेखि नै यस्तो हुन थालेको । यो राम्रो होइन । लगनको मच्छिन्द्रनाथ र बुङ्गमतीको मच्छिन्द्रनाथ मन्दिर धेरै फरक छ । पहिलेको मच्छिन्द्रनाथ बुङ्गमतीको हो । सृष्टि कान्तिलोकेश्वर नालामा रहेको छ । महादेवलाई जन्माउने सृष्टि कान्ति लोकेश्वर हुन्। महादेवलाई शीरबाट निकालेको भन्ने कथन रहेको छ । त्यो सबै नालामा हेर्न पाइन्छ । अमरावती भुवनबाट उहाँले माटो ल्याइ देव दानव, ब्रम्हा बिष्णु सबैलाई सृष्टि गरेको भन्ने कवाहत रहेको छ । यसबारे राष्ट्रिय अभिलेखालयमा जीवन्त प्रमाण रहेको छ । १०८ वटा लोकेश्वर राखेर सृष्टि कान्ति लोकेश्वरबारे मार्बलमा ब्याख्या गरिएको छ । फ्रान्सको सहयोगमा यो कार्य भैरहेको छ । श्री रातो मच्छिन्द्रनाथको स्नान गर्नु एकहप्ता अघि दोलखा भीमसेनको जात्रा, सृष्टि कान्ति लोकेश्वरको जात्रा शुरु हुन्छ । तब मात्र बुङ्गमतीको जात्रा आरम्भ हुन्छ ।

श्री रातो मच्छिन्द्रनाथ सहकालका देवता हुन् । अन्न बनाइदिने देवताको रुपमा विराजमान रहेका छन् । धान थन्क्याएपछि उत्तरायणमा श्री रातो मच्छिन्द्रनाथ जानुहुन्छ । दक्षिणयणमा श्री रातो मच्छिन्द्रनाथ बुङ्गमतीमा रहने परम्परा छ । श्री रातो मच्छिन्द्रनाथको नाम नै करुणामय हो । करुणामय कति छ भनेर कसैलाई पनि थाहा छैन । सबैको लोप भैसकेपछि आफू मरेर देखाइदिन्छु भनी श्री रातो मच्छिन्द्रनाथ मरेर देखाएको किंबदन्ती छ । हाम्रो बाँच्ने आधार नै श्री रातो मच्छिन्द्रनाथ हो । भैरवको पनि राजा ह्यांग्रिव भैरवको मन्दिर पनि श्री रातो मच्छिन्द्रनाथ परिसर बुङ्गमतीमा नै रहेको छ । श्री रातो मच्छिन्द्रनाथ ल्याउनु अघि पाँच वटा भैरवमा ह्यांग्रिवले नेतृत्व वगर्ने चलन छ । वहाँ गार्ड भएर आएका हुन् । मण्डलामा अङ्कित हुने सम्भोगदेखि मृत्युसम्मको प्रतीक ह्यांग्रिव लोकेश्वर हो ।

## ३.८. भोटोजात्रा सम्बन्धी किम्बदन्ती

प्रचलित कथाअनुसार राजा गुणकामदेवको समयमा टौदहका कर्कोटक नागबाट आफ्नो नागिनीको आँखा दुखेको निको पारी दिएका भक्तपुरका एक जना वैद्य ज्यापुलाई पुरस्कार स्वरूप रत्न जडित एउटा भोटो दिएका थिए । ती वैद्य ज्यापले दिनहुँ सो भोटो लगाई खेतमा काम गर्न जान्थे । एक दिन सधैं के भोटो फुकाली डिलमा राखेर खेतमा काम गर्दा त्यो भोटो एउटा भूतले चोरेर लग्यो । उक्त भूतले मच्छिन्द्रनाथ रथजात्रा हेर्न आउँदा त्यो भोटो लगाएर आयो । त्यही बेला वैद्य ज्यापु पनि जात्रा हेर्न त्यहाँ पुग्यो । उसले आफ्नो भोटो चिन्यो । वैद्यले उक्त भोटो आफ्नो भनी दावी गर्‍यो । वैद्य उक्त ज्यापु र भूतबीच घम्साघम्सी समेत भयो । तर सही प्रमाणको अभावमा कसको भन्ने यकिन गर्न नसकिएको हुनाले उचित प्रमाण नल्याएसम्म भोटोलाई मच्छिन्द्रनाथ कहाँ नासोको रूपमा राखियो । त्यही भोटो अहिलेसम्म सही सलामत छ । प्रमाण सहित लिन आउन भनेर प्रत्येक वर्ष मत्स्येन्द्रनाथ रथजात्राको अन्तिम दिन सबैलाई देखाउने चलन छ (बज्राचार्य, २०४१) ।

एक दिन भक्तपुरका किसान ज्यापु (वैद्य) खेतमा काम गर्न हिँडिरहेका थिए । टौदहका नागराज कर्कोटक ब्राह्मणको रूप धारण गरेर आफ्नी पत्नी नागिनीको दुखेका आँखा निकोपार्न वैद्यको खोजीमा निस्किए । उनले वैद्यलाई देखे । आफ्नो सबै कुरा बताए । तर वैद्य जान तयार भएनन् । अनेक विन्ति गरेपछि मात्र वैद्य गए । नागले उनलाई लिएर टौदहको पोखरी पुगेपछि तपाई आँखा चिम्म गर्नुहोस् म बोकेर पोखरी भित्र लान्छु भने । सोहीअनुसार नागले वैद्यलाई पोखरी भित्र लगे । मेवा मिष्ठान्न जस्ता अनेक प्रकारका परिकार खुवाइ वैद्यलाई निकै खुसी पारे । वैद्यले आफ्नो कानको पछाडि पट्टि मिचेर मयलको डल्लो निकाली नागीनीका आँखामा लगातार चार दिनसम्म लगाउन अनुरोध गरे । यो कार्यले नागिनीको आँखा ठीक भयो । नाग राजा खुशी भई जे इच्छा छ माग भने । ज्यापुले तपाँईले लगाएको भोटो दिनुहोस् भने । नाग भोटो दिन तयार भए । भोटो दिई वैद्यलाई बोकेर पोखरी छेउ ल्याए । विदा गर्ने बेलामा यो

भोटो निकै मूल्यवान् छ अरुको आँखा लाग्न सक्दछ । निकै होस पुऱ्याउनु होला भनी वैद्यलाई भनेका थिए ।

वैद्य घर फर्किए पछि घरपरिवारभित्र झगडा सुरु भयो । यतिका दिनसम्म कहाँ गएको भनि उनका परिवार कराउन थाले । वैद्यले सबै कुरा बताउँदै भोटो समेत देखाउँदा पत्याउन कर लाग्यो । वैद्य बूढा दिनहुँ जसो भोटो लगाई खेतमा काम गर्न जाने गर्दथे । भूतले देखेपछि उक्त भोटो प्रति आकर्षित हुँदै गयो । बैद्य बूढा खेतमा काम गरिरहेका बेला गर्मी भयो । उनले भोटो फुकाली खेतको आलिमा राखी काम गर्न थाले । भूतले मौकाको फाइदा उठाउँदै भोटो लिएर भाग्यो । भोटो हराएपछि बूढाले निकै चिन्ता गर्न थाले । वैद्य वूढा जेठको समयमा करुणामयको रथ यात्राका अन्तिम दिन रथको अवलोकन गर्न जावलाखेल जाँदा आफ्नो भोटो लगाएर भूत आएको देखे । "मेरो भोटो ले" भनेर भूतको कठालो समाए । तर सबै भूत मिलेर बूढालाई पछारे । अनिमात्र बूढाले गुहार माग्न वाले । त्यसबेला टौदहको कर्कोटक नागको पनि आगमन भएको थियो । त्यस्तो दृश्य देखे पछि नाग चुप लागेर बस्न तयार भएनन् । नागले भूतलाई एक मुक्का हाने पछि लड्यो । अरु भूत पनि भागे । भूतले उठेर नागसंग यो भोटो मूल्यवान् छ । मैले खेतमा भेट्टाएर लिएको हुँ । बूढालाई दिँदा कुनै पनि बेला हराउन सक्छ बरु करुणामयलाई चढाऔं भनेर विन्ति गर्न थाल्यो । वैद्य बूढा, नाग र राजा बरदेव सहमत भई त्यही चढाउने निर्णय गरे । प्रत्येक वर्ष सबैलाई प्रमाणको रूपमा देखाउने कुरामा पनि सहमति भयो । जसलाई अहिलेसम्म राष्ट्राध्यक्षको उपस्थितिमा निरन्तर रूपमा देखाउने गरिएको छ ।

# अध्याय चार

# रथजात्रा विधि र साँस्कृतिक विशेषता

## ४.१. श्री रातो मच्छिन्द्रनाथको साँस्कृतिक पक्ष

रातो मच्छिन्द्रनाथलाई वर्षा र सहकालका देवताको रूपमा मानिन्छ । लामो समयसम्म खडेर परी पानी विना मानिस लगायतका जिब जन्तुहरु मर्न थालेको र कृषि उत्पादन पनि नहुँदा नेपाल भर हाहाकार फैलिएपछि भक्तपुरका राजा नरेन्द्रदेव, काठमाडौका तान्त्रिक वन्धुदत्त आचार्य र पाटनका किसान ललित ज्यापुको सक्रियतामा भारतको कामारुकामाक्षबाट तान्त्रिक विधिको प्रयोग गरि रातो मच्छिन्द्रनाथलाई नेपाल ल्याइएको मानिएको छ । श्री को नेपाल आगमन पश्चात नेपालमा वर्षा भई पानीको हाहाकार कम भई कृषि उत्पादनमा समेत वृद्धि भएको मानिन्छ । यसैले मच्छिन्द्रनाथलाई किसनका देवताका रुपमा मानिदै आईएको छ । रातो मच्छिन्द्रनाथलाई अनेकन नामले पुकारिन्छ । ती मध्ये श्री करुणामय, श्री लोकेश्वर, श्री लोकनाथ ज्यादै लोकप्रिय नामहरु हुन् । पाटनका तत्कालीन मल्ल राजाहरुका चाँदीका मुद्राहरुमा इष्ट देवता तथा आराध्य देवताका रुपमा श्री करुणामय अंकित अभिलेखहरु समेत पाइन्छन् (चित्र ४ र ५) ।

रातो मच्छिन्द्रनाथलाई विभिन्न धर्म सम्प्रदायका मानिसहरुले उत्तिकै महत्व साथ मान्ने गरेको पाइन्छ । हिन्दु धर्म मानिसहरुले मच्छिन्द्रनाथलाई गोरखनाथका गुरुका रूपमा लिने गरेको पाइन्छ भने वौद्ध दर्शनमा श्री दयावलोकितेश्वर बोधिसत्वका रुपमा लिईएको पाइन्छ । नाथ सम्प्रदायहरुले आफ्नो सम्प्रदायमा देवताका रुपमा लिने गरेको पाइन्छ । रातो मच्छिन्द्रनाथलाई काठमाडौं उपत्यकाका बहुसंख्यक जनताहरुले लोक विश्वास मान्यता, लोक धर्म र लोक दर्शन स्वरूप करुणामय सहकालका देवताको रुपमा धार्मिक सहिष्णुता, धार्मिक अध्यात्मिक एकताको प्रतीकको रुपमा लिइएको पाइन्छ ।

अन्य देवी देवताहरुको प्रायःजसो एकै मठ, मन्दिर, स्तुपा, आदि रहेको पाइन्छ भने श्री रातो मच्छिन्द्रनाथका प्राचीन कलात्मक मन्दिरहरु रहेका छन् । सहकालका देवता श्री रातो मच्छिन्द्रनाथ वर्षाकालमा बुङ्गमतिमा रहेको मन्दिरमा र हिउँदको समयमा पाटनको तःबहालमा रहेको प्राचीन कलात्मक प्यागोडा शैलीको मन्दिरमा हुनुहुन्छ ।

श्री रातो मच्छिन्द्रनाथको दैनिक पूजा, पर्व पूजा, कर्मकाण्ड, दशकर्म आदि पानेजु ( पूजारी)हरुबाट हुन्छ र विभिन्न तिथि मिति अनुसारका पर्वहरु संचालन नेकुजु, सुवाल, कर्ता, जजमान आदिबाट परम्परागत रूपमा हुने गर्दछ । मच्छिन्द्रनाथको प्रत्येक वर्ष भव्य रथजात्रा निकाल्ने गरिन्छ । रथयात्रालाई स्वदेशीले मात्र नभई विदेशीले समेत महत्वका साथ हेर्ने गरेका छन् । शुरुशुरुमा यस पर्वलाई उपत्यकाका नेवार समुदायले मात्र मनाउँदै आएकोमा मच्छिन्द्रनाथको रथ पर्व अन्य समुदायले समेत उत्तिकै महत्व साथ मनाउने गरेको पाइन्छ ।

विभिन्न जातका काठहरु, वेत र डोरीहरु प्रयोग गरि भव्य ३२ हाते (३२ हात लामो, ३२ हात अग्लो) १३ तला भएको रथ हुने र प्रत्येक तलाको बेग्लाबेग्लै महत्व रहने गरेको पाइन्छ । काठबाट बनेका पाङ्ग्रा गरी विभिन्न ध्वजापताका र अन्य सामाग्री प्रयोग गरि सजिसजावट गरि भव्य गगनचुम्बी रथलाई अपार भक्तजनहरु र दर्शकहरुको उपस्थितिमा बाजा गाजा, नाच गान रमाईलो गरि परम्परागत रुपमा गुर्जुको पल्टनद्वारा सलामी बढाई गरि, राज प्रतिनिधित्वको रुपमा राज खड्गका साथ संचालन हुने ऐतिहासिक  सांस्कृतिक जात्राको क्रमा रथ पुल्चोकमा तयार गरि पुल्चोक गावहाल, मंगलबजार, सुन्धारा, थटीचोक हुँदै जावलाखेलमा पुऱ्याई ऐतिहासिक रत्न जडित भोटो देखाइ जात्रा समापन गरिन्छ । भोटो जात्राको अवलोकन राष्ट्र प्रमुखबाट हुने र सो दिन सरकारबाट उपत्यकामा सार्वजनिक विदा दिइनुले भोटो जात्राको महत्व झनै बढेको छ । रथ तयार हुँदा देखि रथयात्रा समापन नहुँदासम्म विभिन्न किसिमका पर्व पूजा समेत संचालन गरिने परम्परा रहेको छ । साथै रथयात्रा समापन नहुँदासम्म विभिन्न किसिमका पर्व पूरा समेत संचालन गरिने परम्परा रहेको छ । साथै रथयता आरम्भदेखि समापन नहुन्जेलसम्म स्थानीय समुदायहरुले श्रीको पुजा आजा गरि भोज खाने र खुवाउने चलन समेत रहेको छ । यसलाई स्थानीय भाषामा छोयलभु र भुज्या भन्ने गरिन्छ ।

प्रत्येक १२ वर्ष वर्षमा रातो मच्छिन्द्रनाथको रथजात्रा गर्ने प्रचलन रहेको छ । रथमा प्रयोग हुने सबै जातका काठहरु, बेत, डोरीहरु सबै नयाँ प्रयोग गर्नुपर्ने हुन्छ । बाह्रवर्षे जात्रामा रथ पनि बुङ्गमतिमा तयार गरी पाटन शहर घुमाई जावलाखेलमा लगि सदाभैँ भोटो देखाईने गरिन्छ । साथै उक्त रथ पुनः बुङ्गमतिमा लगेर समेत भोटो देखाई जात्रा समापन गरिन्छ ।

रातो मच्छिन्द्रनाथका पर्व पूजा, नित्य पूजा र रथयात्राको सञ्चालन गुठी संस्थान - मच्छिन्द्र गुठी)बाट सञ्चालन हुँदै आइरहेको छ । परम्परागत रुपमा नै पर्व पूजा र जात्राहरु संचालन गर्नु पर्ने भएकोले रथ निर्माण सामग्रीहरुको अभाव हुने अवस्था रहेको पाइन्छ । काठहरू वर्षेनी ठूलो मात्रामा चाहिने र केहि जातका काठका रुखहरु लोप हुने अवस्थामा रहेको हुनाले समयमा नै त्यसको बिकल्प खोज्नु पर्ने आवश्यकता रहेको छ । त्यस्तै पर्व पूजा, जात्रा संचालन निश्चित समुदायका मानिसहरुबाट गर्ने परम्परा रहेकोमा तत् समुदायका मानिसहरु आधुनिक व्यापार, व्यवसाय, पेशा र रोजगारीमा लागि परम्परा अनुसारका कार्यहरु गर्न असमर्थता जनाई रहेको पाईएकोले पर्व पूजा र जात्रा संचालन गर्न समस्या हुने देखिन्छ ।

मच्छिन्द्रनाथको रथयात्राको महत्व देश भित्र मात्र होइन देश बाहिर समेत उत्तिकै रुपमा हुँदै आइरहेको छ । त्यसैले प्रत्येक वर्ष रथजात्रा अवलोकन गर्नको लागि उल्लेख्य संख्यामा पर्यटकहरु समेत नेपाल आउने गरेको पाइन्छ । यस जात्रालाई संयुक्त राष्ट्र संघ अन्तरगत स्थापित शैक्षिक, वैज्ञानिक संस्था (युनेस्को) को नेपाल सदस्य रहेकोमा यसलाई मौखिक तथा अदृश्य (छुन र समात्न नसकिने अमूर्त) सम्पदाको रूपमा विश्व सम्पदा सूचीमा सूचीकृत गर्न समेत प्रयत्न भएको थियो तर विविध कारणले सो कार्य हालसम्म सफल हुन सकेको देखिदैन ।

## ४.२. रातो मछिन्द्रनाथको जात्रा तथा पर्वहरू

### ४.२.१. श्री रातो मच्छिन्द्रनाथ रथजात्रा गर्नुअघि गरिने पूजाविधि

१. सिसा पारु

गुठीबाट खटाइएका बोसी जातिका तोकिएका व्यक्तिहरुले जंगलमा काठ कटानी गर्ने पर्व सिसा पारु हो । बोसी जातिका जवानहरुले जंगलमा रथ निर्माणका निमित्त तोकिएका रुख काट्नुअघि सिसा पारु पूजा गर्नुपर्दछ । बोसीको पुठावा थर हुन्छ । बाराहीले चढाएको पाला लगेर रुख काट्ने चलन रहिआएको छ । रुख कटान गर्नुअघि बोसीहरुले कुखुराको भाले बली दिने गर्दछन् ।

२. रथको काठ हेर्ने पूजा

प्रत्येक वर्ष पौष महिनाको प्रतिपदाका दिन रथको काठ हेर्ने पूजा गरिन्छ । आउँदो वर्षको जात्रालाई काठ हेर्ने वा स्टिमेट गर्ने गरिन्छ । यो पूजा बाराही जातिले गर्ने गर्दछन् । श्री रातो मच्छिन्द्रनाथलाई पूजा गर्ने मन्त्र वाचन गर्दै दुईवटा पालामा चकले कोरि चिन्ह लगाइन्छ ।

३. पाला पर्व

श्री रातो मच्छिन्द्रनाथको रथजात्राका लागि आवश्यक पर्ने काठहरु चाहियो भनेर लेख्ने र पञ्चसूत्र धागोले बाँधी श्री रातो मच्छिन्द्रनाथको पाउमा चढाइन्छ । बाराहीहरुले चढाएको सो पाला पूजारीले गुठी संस्थानको कार्यालय प्रमुखलाई बाराहीबाट पूजा आयो भनेर दिने परम्परा रही आएको छ ।

४. गुँलाँ पर्व

नेपाल संवत्को शुरुवात हुने दिन अर्थात म्हः पूजाका दिन कार्तिक शुक्ल प्रतिपदादेखि श्रावण कृष्ण प्रतिपदासम्मको नवौ महिनामा यो पर्व मनाइन्छ । नेवारी शब्द गुँलाँ भनेको नवौं महिना भन्ने अर्थ लाग्छ । भगवान बुद्धले गुँलापारु बाहेक अरु महिनामा गाउँ गाउँमा गई आफैले भिक्षा लिने, ज्ञानगुनका कुरा गर्ने, धर्मादेश गर्ने चलन थियो । नवौं महिना जुन असार/श्रावणमा पर्छ, त्यस समय वर्षा धेरै हुने, बाढीपहिरोको जोखिम ज्यादा हुने भएकोले भागवान यसबखत बाहिर ननिस्किकन बाँकी भएको भिक्षा भाग खाने, नभए पानी मात्र पिएर बास बस्नुहुन्छ । सोही महिना किसानहरु आफ्नो खेतीपातीको काम सकाएर बसेको भएर भगवानलाई दर्शन गर्नका निमित्त उहाँलाई भेटी स्वरुप खानेकुरा चढाउन भगवानका

बासस्थानमा आउने गर्छन् । उक्त महिनाभर पञ्चदान गर्ने गरिन्छ । श्री रातो मच्छिन्द्रनाथलाई अभलोकेश्वरका रुपमा पूजिने भएकाले मन्दिरमा त्यसदिन विशेष भीड हुन्छ । मानिसहरु इन्द्रायणी बजा, धिमे बाजा, बासुरी बाजा, हा बाजा, नेःकु बाजा, दमाई बाजा, सिङ बाजा जस्ता विभिन्न बाजागाजा बजाउँदै मन्दिरमा आई भगावनको दर्शन तथा पूजाआजा गरिन्छ । बौद्ध धर्मका अनुयायी नेवार समुदायका मानिसले गुँलाँ पर्व सुरु हुनु अगाडि वर्षभरि सिकेको भजन, किर्तनर बाजागाजाहरु सो महिनाभर बजाउन सिक्ने र महिनाभरमै निपूर्ण भएर गुँलाँपारुको अन्तिमदिन समापन गर्न सबैतिरका धर्मावलम्बीहरु श्री रातो मच्छिन्द्रनाथको मन्दिरमा आउँदछन् । गुठीबाट पूजा सामान सहित भैरवलाई एउटा बोका बलीका लागि दिइन्छ । पाणीजुहरुलाई बुङ्गमतीमा बोका र राँगाको मासु, गेडागुडीहरुको भोज गुठीले खुवाउँदै आएको छ । गुठीले त्यसैदिन कार्यविनायकलाई हाँसको अण्डा चढाउने प्रचलन रहेको छ । सो वर्ष रथमा बस्ने पाणीजू र कर्तालाई भोज खुवाउनु पर्छ, अरुलाई भोज खुवाउनु पर्दैन । उनीहरुका परिवारले पनि भोज खान्छन् । भैरबका पूजारीले पनि खान्छन् ।

५. किसि दः

नेवारी शब्द किसि द :भनेको हात्ती लडेको भन्ने बुझिन्छ । बुङ्गमतीमा हात्ती लडेको ठाउँ छ । पहिले राणाकालमा प्रधानमन्त्रीले हात्ती सो स्थानमा बाँधेर श्री रातो मच्छिन्द्रनाथको दर्शन गरी फर्किने बेलामा हात्ती मरेको र त्यसै हात्तीको सम्झनामा वार्षिकी स्वरुप किसि दः पर्वको सुरुवात भएको हो । यो पर्व गुठीले असोज-कार्तिक महिनातिर गर्ने गर्दछ । यो पर्वलाई हात्तीको वार्षिकी अथवा हात्तीको श्राद्ध गर्ने पर्व भनेर पनि बुझिन्छ । गुठीबाट भैरबलाई बोका बलि दिइनछ र पूजाआजा गरिन्छ । ३१ पाणीजु र भगवानलाई एक भाग गरी ३२ भाग लगाएर चढाइन्छ । गणेशलाई पनि हाँसको अण्डा चढाउने गरिन्छ ।

६. बडा दशैं

यसबेला नवरात्रिको राति नित्य पूजाआजा गरी श्री रातो मच्छिन्द्रनाथको खड्ग साँट्ने प्रचलन रहेको छ । श्री को खड्ग र ह्याग्रिव भैरबको खड्ग साँटासाँट गरिन्छ । यो कार्य पूजारीद्वारा हुने गर्दछ । बडा दशैंमा गुठीबाट पूजा गर्ने चलन रहेको छ । कर्ताद्वारा भैरवनाथालाई पूज ागर्न गुठीले हाँस र पूजाका सामान दिने गरेको छ ।

७. बुङ्गमती मन्दिरबाट पाटन मन्दिर सवारी गर्ने पर्व

यो पर्व मंसिर र माघ महिनामा श्री लाई पाटन सवारी गर्नुअघि र सवारी भैसकेपछि मनाइने पर्व हो । श्री रातो मच्छिन्द्रनाथलाई खटमा राखी, पूजाआजा गरी बाजागाजा सहित बुङ्गमतीदेखि चारजवान पूजारीहरुले डोलामा बोकेर पाटन मन्दिरमा पुऱ्याउने गरिन्छ । पूजाका लागि आवश्यक पर्ने सामान गुठीले प्रदान गर्दछ । यो पर्व गुठीले नै चलाएको पाइन्छ ।

८. श्री को कलेवर फेर्ने पर्व

यो पर्वमा नेमकूल (नेःकूः) जातका मानिसले श्री को अनुहारमा म्हैपीको माटोले सजावट गर्ने गरिन्छ । उनीहरुलाई गुठीले खटाएको हुन्छ । यो पर्व वर्षमा दुईपटक गरिन्छ । श्री को उत्तरागमन हुनुअघि बुङ्गमतीमा र रथारोहण गर्नुअघि पाटनमा श्री को कलेवर फेर्ने पर्व मनाइन्छ । गुठीले नेःकूः हरुलाई भोज खुवाउने गर्दछ । लगनखेलमा श्री को स्नान जात्रापछि मूर्तिलाई सोही रात पाटन मन्दिरमा कसाई बाजा (एकोहोरो) बजाएर ल्याइन्छ । मूर्तिलार्य सेतो कपडाले छोपेर लास ल्याएको जस्तै गरी ल्याउनु पर्ने र कसैले देख्न नहुने मान्यता रहेको छ । त्यसैकारण मध्यरातमा गुठीका कर्मचारी, पाणीजु र नेःकूः हरुले श्री लाई पाटन मन्दिरमा ल्याउने गर्दछन् । श्री लाई मन्दिरमा ल्याएको ८ दिनपछि नेःकूः हरुले कलेवर फेर्ने काम गर्दछन् ।

९. चाः पूजा

माटाका भाडा बनाउने कुमाले जातीका तोकिएका व्यक्तिहरु घरमा गइ भाडा बनाउने ठाउँमा गर्ने पूजा चाः पूजा हो । हाल पूजाआजा घर अगाडिको पाटीमा गरिन्छ । सुन्धारा नजिकका माटाका भाडा बनाउने कुमालेले दिएका घडाहरुलाई पाटन मन्दिर अगाडि राखी पाणीजु र सुवालहरुले पूजाआजा गरी सबै देवी देवतालाई आह्वान गर्ने गरिन्छ । श्रीलाई वर्षभरि चाहिने माटाका सामान कुमालेले दिने भन्न चलन वि.सं. २०५४ सालदेखि मासियो । गुठीका जग्गा रैकरमा परिणत गरिएको छ । चौसठ्ठी योगिनी पूजामा चौसठ्ठी योगिनी थपना

गर्ने भाडा अहिले तामाका रहेका छन् । परम्परा अनुसार वर्षको एकपटक कुमालेकै घरमा गएर गर्नुपर्ने पूजालाई चाः पूजा भनिन्छ । उक्त चौसठ्ठी प्रकारका तामाका भाडालाई विभिन्न देवी देवताको आकृति मानिन्छ । मच्छिन्द्रनाथ गर्भमा रहेका बेलामा अब श्री को जन्म हुन्छ भनी शिशु स्याहार गर्न आएको भन्ने बुझिन्छ । कुमालेद्वारा निर्मित सामानहरु इभू पर्वमा पनि प्रयोग हुन्छ ।

१०. पीठ पूजा पर्व

देवी देवताका पिठमा गरिने पूजाआजा हो । पूजाका लागि आवश्यक पर्ने सामान गुठीबाट दिइन्छ । श्री को उत्तरागमन र दक्षिणागमन हुँदा पीठ पूजा गर्ने गरिन्छ । यसमा श्री लाई सवारी गरिने मार्गमा पर्ने सबै देवी देवतालाई पनि पूजा गरिन्छ । बुङ्गमतीदेखि पाटनसम्म श्री रातो मच्छिन्द्रनाथलाई सवारी गर्ने पथमा पर्ने सबै देवीदेवताहरुको पिठमा गई गरिने पूजाविधि हो । सुवाल, रथमा पालोपर्ने पानेजू, गुवाजू र जजवानहरुले प्रत्येक पिठमा पूजाआजा गर्ने प्रचलन निरन्तर चलिआएको छ ।

११. सरस्वती पर्व पूजा

श्रीपञ्चमीका दिन वा सो भन्दा पछि पनि गर्न सकिने पूजा हो । गुठीले शक्तिपीठमा बोका बलि दिएर गुठीका कर्मचारीलाई भोज खुवाउने पर्व हो ।

१२. श्री को स्नान जात्रा पर्व

श्री रातो मच्छिन्द्रनाथको स्नान जात्रा पर्व बैशाख कृष्ण प्रतिपदाका दिन गर्ने गरिन्छ । ज्योतिषले साइत निकालेपछि गुठीले सो साइत छोपेर घडी र पला मिलाई श्री को स्नानका लागि आवश्यक पर्ने दुध, दही, मह, पानी, घ्यु समेत काँसका १२ वटा थालमा राखी लगनदेल मण्डलमा लगिन्छ । ठुला पिञ्लका गाग्रीले श्री लाई मण्डपमा राखी पाणीजुले मन्त्र वाचन गरेर तिनपटक परिक्रमा गरेपछि चार सुरबाट श्री का पाउन दुध, पानी, मह, घ्यु, दहीले अभिषेक गर्ने गरिन्छ । साइत गरेपछि बेलुकी लगेर पूजा गरिन्छ । नेवारी भाषामा यो पर्वलाई “न्हुवं” भनिन्छ । श्री लाई स्नान गराउनु भनेको मृत्यु वरण गरेको भन्ने बुझिन्छ । श्री रातो मच्छिन्द्रनाथले

मनिसलाई तिमी मात्र होइन, मलाई पनि मर्नुपर्छ भनेर देखाउनु भएको भन्ने बुझिन्छ । स्नानपछि श्री रातो मच्छिन्द्रनाथको मूर्तिलाई सेनो कपडाले बेरेर मध्यरातमा इन्द्रायणी बाजा बजाई लास ल्याएसरह मन्दिरमा ल्याइन्छ ।

१३. रथ निर्माण कार्य

बैशाख कृष्ण द्वितीयाको दिन, औंसीको भोलिपल्ट रथ निर्माण कार्य सुरु हुन्छ । स्नान पर्वको भोलिपल्ट रथ निर्माण कार्य सुरु गरिन्छ । रथ बनाउने बाराही र यवल जातीका मानिसले रथ बनाउने चार ठाउँमा हमगी (खामो) गाडेर सादा पूजा गर्दछन् । पाणीजुद्वारा पनि पूजा गरिन्छ र यसलाई हामो किस्वयेगु भनिन्छ ।

१४. खिचा भू पर्व

यस पर्वमा कुकूलाई मासु खुवाइन्छ । यो बैाख कृष्ण द्वादसीमा सम्पन्न हुन्छ । यो बुङ्गमतीमा मनाइने पर्व हो । यस दिन भैरबलाई दुईवटा राँगा बली दिइन्छ । त्यसैदिन कटुवाल दह जात्रा सकिएपछि स्वयम्भु शान्तिपुर जाने गरिन्छ ।

१५. ईभु पर्व

यो पर्व बैशाख कृष्ण त्रयोदशीका दिन मनाइन्छ । श्री रातो मच्छिन्द्रनाथको स्नान पर्व गरी मृत्युवरण भएपछि ८ दिन भगवानलाई मन्दिरभित्रै राखिन्छ । यस बीचमा महिला र पुरुषलाई गरिने जस्तै दश कर्म गरिन्छ । परिवार पूजा पनि गरिन्छ, जस्मा स्वयम्भू, कटुवालदह, ह्याग्रिभैरब र दुलं अजिमा (माउसिमा) को पूजा गरिन्छ । खिचा भू गरी ल्याएको मासु पकाउने, पाणीजुहरुलाई चिउरा, स्यावली र मासु खुवाएर भोज गर्ने गरिन्छ । यो पर्व पाटन मन्दिरमा गरिन्छ । ठुला ठुला भाडामा भात पकाएर श्री लाई पनि भाग लगाउनु पर्छ । ईभु पर्वलाई जन्मसँग जोडिन्छ र ३१ जना पाणीजुकै उपस्थितमा पूजा सम्पन्न गरिन्छ । श्री रातो मच्छिन्द्रनाथको जन्म भएपछि मानिसको जस्तै महिला र पुरुषलाई गरिने दश कर्महरु गरिन्छ । ईभु पर्व मच्छिन्द्रनाथको कर्म गर्ने भनेर बुझिन्छ । बौद्ध र हिन्दु दुवै परम्पराबाट पूजा हुने गर्दछ ।

१६. श्री को दृष्टि खोल्ने पर्व

यो पर्वमा विशेष गरी श्री मच्छिन्द्रनाथको मूर्तिमा आँखालाई सजावट गरी दष्टि खोल्ने चलन छ । कलेवर फर्ने नेःकूः जातिले यो कार्य गर्दछन् । यो पर्व राजा नरेन्द्रदेवको उपस्थिति स्वरुप भक्तपुरदेखि राजाको खड्ग ल्याएपछि मात्र सुरु गरिन्छ । पूजाका सामान भक्तपुर र गुठीबाट उपलब्ध हुन्छ । यो पर्व रातिको समयमा हुन्छ । पाणीजुहरुले मन्त्र वाचन गर्ने र भक्तपुरका राजा, नेःकूः हरुले पूजा गर्ने प्रचलन रहेको छ ।

४.२.२. श्री रातो मच्छिन्द्रनाथ रथजात्राका दौरानमा गरिने पर्वहरू

१. रथारोहण पर्व

रथ तयार भैसकेपछि बैशाख शुक्ल प्रतिपदाका दिन भगवान श्री रातो मच्छिन्द्रनाथको मूर्तिलाई खटमा बोकेर विशेष पूजा र बाजागाजा सहित तःबहालको मन्दिरदेखि पुल्चोक रथ निर्माण गर्ने डबलीमा लगेर श्री लाई रथमा राख्ने पर्व हो । रथारोहण गर्दा सरोकारवाला निकाय, गुठी संस्थान, जातीय समुदाय र भक्तजनको उल्लेख्य सहभागिता हुने गर्दछ । रथारोहण गर्दा हनुमानढोकाबाट गुरुजुको पल्टन आउने परम्परा रहेको छ ।

२. बज्रद्वारा रथ तान्ने

रथारोहण गरेको भोलिपल्ट पञ्चसूत्र धागोले बाँधेर  साङ्केतिक रुपमा बज्रद्वारा रथ तान्ने गरिन्छ ।

३. गौदान

रथजात्रा प्रारम्भ पूर्व बैशाख शुक्ल तृतीय/अक्षय तृतीयाका दिन, अनिष्ट निवारणका निमित्त मंगलबजारको सोह्रखुट्टे पाटी अगाडि गाई दान (गौदान) गर्ने चलन छ । यो रथारोहणको तेस्रो दिन गरिन्छ ।

४. बसुन्धरा पूजा

यो गावाहालमा गरिने पूजा हो । गावाहालमा रथ एक रात रोकिन्छ । बडा गुरुजुको पल्टनले तोप सलामी दिने चलन रहेको छ । भोज, पूजाआजा, भजन, बाजाको व्यवस्थापन वछु टवाः जात्रा व्यवस्थापन समितिले गर्ने गरेको छ ।

५. नुगया बाराहीबाट होमादि पूजा

रथ सुन्धारामा पुगेपछि बाराही जातिले होमादि पूजा गर्ने गर्दछन् ।

६. महाबली पर्व

सुन्धाराबाट चक्रवहिल हुँदै रथ लगनखेल पुऱ्याइन्छ । लगनखेलमा रथलाई माउसिमाको पहिलो परिक्रमा गरेपछि महाबली पर्व सुरु हुन्छ । यस पर्वमा गुठीद्वारा रथको पाङ्ग्रामा रहेको भैरवलाई तीनवटा राँगा र दुईवटा थुमाको बली दिइन्छ । सातवटा बोका र ८४ वटा हाँसको अण्डा चढाइन्छ । सरुवाको भात पकाएर भाडाहरुमा राखी पाणीजुका मन्त्रले देवताहरुको आह्वान गरिन्छ । यो पर्व रथ लगनखेल पुऱ्याएको दोस्रो दिन सम्पन्न गरिन्छ ।

७. महाबली पश्चातको नरिवल जात्रा

यो जात्रा महाबली पूजा गरेकै बेलुकी मनाइन्छ । महाबली पर्व पश्चात रथलाई भाउसिमाका दुईपटक परिक्रमा गराई अलिकति तलसम्म तानेर यो जात्रा सम्पन्न गरिन्छ । नरिवल जात्रामा रथको टुप्पोमा बसेर यवल जातका व्यक्तिले नरिवल खसाल्ने प्रचलन रहेको छ । खसालेको नरिवल समात्नेले छोरा पाउँछ भन्ने जनविश्वास रहेको पाइन्छ । यवलहरुले गुठीद्वारा दिइने पूजा सामग्रीले रथको गजुरमा पूजा गरी दिइएको नरिवाल खसाउने गरिन्छ ।

८. याकाः मिसाया भुज्या

नरिवाल जात्रा पश्चात भोलिपल्ट बिहान अविवाहित महिलाले रथलाई तानेर दुईसय मिटर जति तल उत्तरतिरको थटी टोलको चोबाटोसम्म पुऱ्याउने गरिन्छ । रथ थटी पुगेपछि बेलुका पनि नरिवल खसाल्ने चलन रहेको छ ।

९. कपुर बत्ती पर्व

रथ थटी टोलमा भएका बखत गुठी संस्थानद्वारा बत्तिलाई घ्यू र कपुरमा मिसाएर रथका भैरव र घःमा गरी सात ठाउँमा पूजा गरिन्छ । यो लाखबत्ती बाल्ने जस्तै हो ।

१०. भुजा पर्व

यो पर्व गुठी संस्थानले गर्ने पूजा हो । मंगलबजारमा गुठीका कर्मचारीले भात पकाएर त्यही भात प्रयोग गरी भगवानको जस्तै मूर्ति तयार पारेर रथ भएको ठाउँमा लगी पूजा गर्ने चलन रहेको छ । पहिले भात पकाउन रकमीहरु खटाइएको थियो तर अहिले गुठीका कर्मचारी आफैले गर्दछन् ।

११. पूर्णचण्डी दिवाली पर्व

रथ थटीमै भएको बदतमा बाराही समुदायबाट श्री रातो मच्छिन्द्रनाथको दिवाली पूजा गर्ने प्रचलन रहेको छ । बाराहीले बिहिवारको दिन पारेर यो कुलपूजा गर्ने गर्दछन् । गुठीबाट बाराहीलाई पूजाको निमित्त निखर कालो बोका दिइन्छ र सोही बोकाको मासु सहित बाराहीहरुले भोज खाने चलन रहेको छ । पूजाका लागि चाहिने सामग्री गुठीले दिने गरेको छ ।

१२. रथ जावलाखेल तान्ने साइत हेर्ने दिन तोक्ने

बाराहीले गर्ने देवाली पूजाकै दिन रथलाई तटी टोलबाट जावलाखेल तान्नका लागि मंगलबजारस्थित सोह्रखुट्टे मण्डपमा(चित्र १६) जोशीहरुद्वारा साइत हेर्ने दिनको छिनोफानो गरिन्छ।

१३. साइत हेर्ने पर्व

तोकिएको दिनमा ज्योतिषहरुबाट मंगलबजारको सोह्रखुट्टे मण्डपमा (चित्र १६) बसी रथ जावलाखेल तान्ने साइत हेर्ने गरिन्छ । यसलाई पश्चिमागनको साइत हेर्ने पनि भनिन्छ । साइत हेर्दा सबै सरोकारवाला निकाय, ज्योतिष, पूजारी समेतको सहभागिता रहन्छ । रथ जावलाखेल तान्नु आठ दिन अघि हरिसिद्धिमा प्रसाद पुऱ्याउनुपर्छ । यसको चार दिन अघि किर्तिपुरमा जल पाणीजुमार्फत प्रसाद पुऱ्याउनुपर्छ ।

१४. दुलामाता पर्व

दुलामाता भन्नाले लगनखेलमा रहेकी श्री की आमा हुन् । रथलाई जावलाखेल तान्नुभन्दा चार दिन अगाडि घःकूः हरुले भैरवलाई बोका बलि दिएर गरिने पूजा दुलामाता पर्व हो । रथका पाङ्ग्रामा बलि दिइन्छ र भोज गरिन्छ । यो पर्व वर्षमा दुईपटक मनाइन्छ । इभू गर्दा आह्वान गरेका सबै देवी देवतालाई श्री रातो मच्छिन्द्रनाथको गद्दी आरोहण गरेपछि र जावलाखेल रथ तान्ने चार दिन अगाडि प्रसाद पुऱ्याउने चलन रहिआएको छ । यसदिन दुलामाता मात्र नभई स्वयम्भू, कटुवालदह, भैरव जस्ता देवताकोमा पुग्नुपर्दछ । रथ जावलाखेल तान्ने चारदिन अगाडि गरिने दुलामाता पर्व गुठी कार्यालयले गर्दछ । यस पर्वमा पाटनका मल्ल राजाको प्रतीक तरवार बोकेर दुलामातालाई अब श्री को रथ चार दिनपछि जावलाखेल तान्छि । त्यसैकारण यो अन्तिम भेट स्वरुप पूजा चढाइन्छ । देवताहरुको विदावारी भनेर पनि बुझिन्छ । गुठी कार्यालयले एउटा बोका बलि दिएर यो पर्व समापन गरिन्छ ।

१५. नरिवल जात्रा

यो जात्रा रथजात्रा अवधिभरमा तीनपटक गरिन्छ । रथलाई जावलाखेल तान्नुभन्दा दुईदिन अघि बेलुकी यवलहरुले रथको गजुरमा चढी पूजा गरेर नरिवल खसाल्ने गरिन्छ । यो गुठीबाटै आउने पूजा हो । रथ तान्नु अघिल्लो दिन बाराहीले योमरी र गुठीले भुजा चढाउँदछन् ।

१६. अमृत भोजन पर्व

रथ जावलाखेलमा हुँदा रथ बनाउने पुलचोकमा मानिसहरुलाई गराइने भोजन हो । गुठिकै रकमीहरुले मंगलबजारमा भात पकाएर ल्याई भोजन गराउने गरिन्छ । यस पर्वमा देवी देवतालाई पनि भाग छुट्ट्याएर पूजा गरिन्छ । श्री रातो मच्छिन्द्रनाथका गुठियार अवाले जातिहरुले गर्ने पर्व अमृत भोजन हो । भोटो जात्राकै अघिल्लो दिन बेलुकी गर्ने जागा हो ।

१७. चौसठ्ठी योगिनीको पर्व पूजा

जावलाखेलमा भोटो जात्राको अघिल्लो रात ६४ योगिनीलाई आह्वान गरेर भोजन खुवाउने गरिन्छ । नेवारीमा “नकी खाकेगू” भनिन्छ । धकुहरुले बलि पूजा गर्ने र गुठीले भोज खुवाउने गर्दछ । जात्रामा सहभागी भएका नाग, यदा, भुत, प्रेत, पिशाचलाई भुजा छरेर तृप्त भाजन गराउने पर्व हो । यसलाई ज्याबला जात्रा पर्व पनि भनिन्छ । यस पूजामा पानेजूका श्रीमतीलाई देवता चढ्दछ । घःकूः हरुले पनि दिएपपछि ठिक हुने प्रचलन रहेको छ । श्री को जन्मका बेलामा पनि चौसठ्ठी योगिनीको पूजा गरिन्छ । कुमालेले बनाएका तामाका भाडामा चौसठ्ठी देवी देवतालाई आह्वान गरेर सुवा, गुभाजुहरुले भाग लगाएर लिने चलन रहेको छ । चौसठ्ठी योगिनीहरु श्री लाई स्याहार गर्न आएको भन्ने मानिन्छ ।

१८. छ्वास्कामुनी पर्व

रथमा देवता राखेको स्थान मुनि छ्वास्कामुनी देवी हुन्छिन् भन्ने मान्यता अनुसार गुठीका कर्मचारी गएर हाँसको अण्डा चढाएर रथको मुन्तिरको पाङ्ग्रामुनी भागमा पूजा गरिन्छ । यो पर्व रथ जावलाखेल पुगेपछि गरिन्छ । भोटो जात्राको अघिल्लो दिन छ्वास्कामुनी पर्व मनाइन्छ । जावलाखेल एउटा शक्तिशाली पिठ हो । सबै आह्वान गरी रथमा बोकेर ल्याइएका देवी देवताहरु आउने अन्तिम विन्दु जावलाखेल हो । श्री को रथ बिसाउन ठाउँमा रथको मुनी कमलको फूल भएको आशन हुन्छ । त्यस ठाउँलाई छ्वास्कामुनी देवी भनिन्छ । यी देवताले वर्षमा एक जनालाई सबै मनोरथ पूरा गर्छिन् भन्ने विश्वास छ । यस पर्वलाई अदृश्य शक्तिका रुपमा लिइन्छ । भोटो जात्राको अघिल्लदै दिन बेलुकस्को ३/४ बजेको समयमा श्री रातो मच्छिन्द्रनाथ र श्री मिननाथको विदावारि हुन्छ । यत्रो समयसँगै हिँडियो, भोलि हाम्रो बिछोड हुँदैछ, हजुर बुङ्गमती र मेरो पाट टंगाल सवारी हुँदैछ भन्दै मिननाथले नै पूजा राखेको र उहाँकै गुवाजु र पूजारीहरु बसेर पूजाआजा गरी मिननाथद्वारा श्री रातो मच्छिन्द्रनाथको विदाई गर्ने प्रचलन छ ।

१९. भोटो जात्रा

श्री रातो मच्छिन्द्रनाथ जावलाखेल पुगेको चार  दिनपछि भोटो देखाउने जात्रा सम्पन्न हुन्छ । यस जात्रा राष्ट्रप्रमुखको उपस्थितिमा हुने गर्दछ । यस दिन काठमाडौं उपत्यकामा सार्वजनिक विदा दिने गरिएको छ ।

### ४.२.३. रथजात्रा समाप्तिपछिका पर्व

#### १. श्री लाई बुङ्गमती सवारी गरिने

भोटो जात्रा सम्पन्न भएकै दिन बेलुकी श्री रातो मच्छिन्द्रनाथलाई  बुङ्गमती  सवारी गरिन्छ । गुरुजुको पल्टनबाट सलामी दिइन्छ । श्री रातो मच्छिन्द्रनाथलाई पूजारीहरुले खटमा बोकेर लैजाने गर्दछन् । प्रजामहलले श्री का बाकस र गरगहना बोक्ने गर्दछन् ।

#### २. बिचार पूजा

श्री रातो मच्छिन्द्रनाथको रथजात्रा समापानको चार दिनपछि भगवानको स्थिति के कस्तो छ भनी गुठी कार्यालयबाट जाने पर्व हो ।

#### ३. कोयना पूजा

गुठी कार्यालयद्वारा गरिने शिद्ध पूजा हो । जात्रा र पर्वका बेलामा गुठी कार्यालय प्रमुख र जात्रासँग जोडिएका हरेक निकाय र व्यक्तिसँथ हुन गएका सानातिना विवाद र मनमुटावलाई माफ गरिपाउँ भनी गरिने पूजा हो । यो वर्ष जात्रा गर्न पाएँ, अब अर्को वर्षपनि गर्न पाउँ भनी गुठी कार्यालय प्रमुखले विधिपूर्वक पूजाआजा गर्नुपर्दछ । अन्तिममा अन्त्य पूजाको रुपमा गणेशलाई पूजा गरिन्छ । गुठी कार्यालय प्रमुले यस पूजामा अहिले पन चटामरी बाँड्ने चलन छ ।

४. योमरि पूर्णिमा पूजा

यो पूजा मंसिरमा हुन्छ । गुठी कार्यालयबाट योमरि पूर्णिमा पूजा गर्ने प्रचलन रहेको छ । योमरिलाई यमरी पनि भनिन्छ । गुठी कार्यालय भनेको धानले भरिभराउ हुने ठाउँ हो र योमरि पूजामा धानलाई पूजा गर्ने हो । गुठी कार्यालय भनेको कुबेरको भण्डार हो, जहाँ श्री का रथमा प्रयोग हुने काठ, डोरी, गरगहना जस्ता सामानहरु भण्डारण हुने भएकाले यमरि पूर्णिकामा दिन यमरी बनाउने, श्री रातो मच्छिन्द्रनाथ र श्री मिननाथलाई चढाउने गरिन्छ ।

४.२.४. पूजामा सरिक हुने रकमीहरू

१. गावाहलका गुभाजुहरू

लगनखेलमा गरिने महाबली पर्वमा गुभाजुहरुको विशेष भूमिका रहन्छ । महाबली पर्वमा पाठ गरिने पुस्तक गावाहालका गुभाजुहरुसँग मात्र हुन्छ । पर्वका बखत बहालवाला पानेजु मूल आचार्यका रुपमा बसी गावाहलका गुभाजुहरु प्रमुख गुभाज बसेर पूजा गरिन्छ ।

२. नेकेजु

श्री रातो मच्छिन्द्रनाथलाई स्नान गर्ने बेलामा लग्ने ईभु गर्दाको दिनमा भगवानलाई गुफा राख्ने, श्री को कलेवर फेर्ने, देवता लेख्नलाई चाहिने माटो ल्इाउने काममा नेकेजुहरुको प्रमुख भूमिका रहन्छ । नियम कूल जातका नेः कूः पनि भनिन्छ । यो समूह/जातिले श्री रातो मच्छिन्द्रनाथको मूर्तिलाई वर्षमा दुईपटक मात्र छुन पाउने प्रचलन रहेको पाइन्छ ।

३. कर्ता जवान

श्री रातो मच्छिन्द्रनाथ रथजात्रा सञ्चालनका लागि कर्ता जवान ९० जना रहने चलन रहेको छ । गुठी कार्यालयले तोकेका प्रमुख कर्ता ५ जना हुन्छन् । श्री रातो मच्छिन्द्रनाथको कतिपय पर्व पूजाहरु कर्ता नाइकेहरुबाट चलाउनुपर्दछ । गुँलाँपर्वमा, बडादशैँमा, किसि दः पिज पूजा जस्ता यावत पर्वहरुमा कर्ता जवानको संलग्नता रहिआएको छ ।

४. सुवाल

श्री रातो मच्छिन्द्रनाथका हरेका जात्रा तथा पर्वहरुमा बोका, राँगा, हाँस, कुखुराको बलि दिने काम सुवालको रहन्छ । ईभु पर्व गर्दा श्री लाई पकाइने भोजन र राँगाको मासु पनि सुवाल जातिले नै पकाउने गर्दछन् । यस सुवाल समूहले श्री को विभिन्न छुट्टै पूजा पर्वहरु चलाउनु पर्दछ । जात्राका अवधिका विभिन्न पर्वहरुमा सुवालहरुको भूमिका रहँदै आएको छ । बलि दिने र भोजन पकाउने काम जहाँ परिपनि सुवाहरुको आवश्यक पर्दछ ।

५. जजमान

श्री रातो मच्छिन्द्रनाथ रथजात्रा सञ्चालनका लागि श्रेष्ठ जातिको एकजना जजमान रहने प्रचलन रहिआएको छ । श्री का विभिन्न पर्वहरुमा पानेजु र गुभाजुहरुलाई पूजाआजा गर्नकालाीग सघाउने सहायोगी जजमान हुन् । सबै पूजाहरुमा जजमानको भूमिका रहन्छ । अक्षय तृतीयाको अघिल्लो दिन श्री लाई रथारोहण गरिसकेपछि जजमानको शिद्धपूजा हुन्छ । यस पूजामा पञ्चसूत्र धागोले रथलाई बाँधेर बज्रले तानेको जस्तोगरी जात्रामा रथ तान्न सुरुवात जजमानले गर्नुपर्दछ ।

६. मलेनी

मलेनीलाई तान्त्रिक बन्धुदत्तले तन्त्रसाधनाद्वारा उत्पत्ति गराइएको देवीका रुपमा लिइन्छ । प्राचीन समयमा दनुवार जातिका राक्षसहरुले श्री लाई लुकाएर ल्याएको कलश छुन्छन् भन्ने मान्यताले अहिले पनि दनुवार गाउँमा पुगेपछि रोटी बाँढेर जात्रा गर्ने प्रचलन यथावत नै रहेको छ । अहिले पनि ढिल देवता पूजा गर्दा राषसहरु लिन आउँछन् भन्ने विश्वास गरिन्छ ।

७. भक्तपुरे जात्राका प्रतिनिधि

भक्तपुरका राजा नरेन्द्रदेवले श्री रातो मच्छिन्द्रनाथलाई नेपालमण्डल ल्याएको सम्झना स्वरुप राजाका प्रतिनिधि तोकिएको हुन्छ । उनले भक्तपुरबाट राजाको खड्ग, छाता र राजदण्ड बोकेर विभिन्न पर्व र जात्राहरुमा सहभागी हुनुपर्दछ । श्री को दृष्टि खोल्ने पर्वमा राजाका

प्रतिनिधि आएर भगवानको दृष्टि खोल्दा नेःकू: हरुलाई आदेश दिनुपर्दछ । श्रीलाई रथारोहण गर्न पुलचोक लैजानु अगाडि पनि प्रतिनिधिहरुले भगवानको इच्छा अनुसार उहाँलाई कुनै बाधा व्यवधान नपारिकन रथजात्रा गराउन लैजाउ भनेर आदेश दिएपछि रथजात्रामा लैजाने परम्परा यथावत रहेको छ । बहालवाला गुभाजुले देवतालाई रथारोहण गर्न लैजानु अगाडि राजाका प्रतिनिधिलाई देवतालाई रथजात्राका लागि लैजाँदा हुन्छ भनी सोधेर स्वीकृति लिनुपर्दछ । प्रतिनिधिले "हुन्छ" "भगवानलाई बिस्तारै रथमा सवारी गराउनुहोस्" भनेर अनुमति दिने चलन रहेको छ ।

८. पाटन राजाका प्रतिनिधि

पहिले गुठी कार्यालय प्रमुखले राजाका प्रतिनिधि बनी खड्ग बोक्ने चलन थियो । पछिल्लो समय एक जना मानिसलाई खटाइएको छ । पाटनका राजाका प्रतिनिधिले रथजात्राभरि भगवानसँगै रथमा सवार हुनुपर्छ । ललितपुरमा हुने जात्रा भएकाले जात्राभर सहभागी हुनुपर्छ । मंगलबजारमा गौदान गर्ने दिन, राजका प्रतिनिधि तरवारसहित रथमा बिराजमान हुनुपर्छ । महाबलि पर्व गर्दा तरवारसहित रातभरि बस्नुपर्छ । विभिन्न पर्वहरुमा पाटन राजको तरवार र छाता बोक्ने प्रतिनिधिको उपस्थिति रहेको हुन्छ ।

९. प्रजामहल

श्री रातो मच्छिन्द्रनाथको उत्तरागमन र दक्षिणागमनको सवारीका समयमा श्री का ३३ वटा चपेलाका बाकस र विभिन्न गरगहनाहरु बोकेर पाटन र बुङ्गमती मन्दिरसम्म पुऱ्याउने काम प्रजामहलहरुले गर्दै आएका छन् ।  स्नान जात्रा गर्दा स्नान गर्ने, डबली सरसफाई गर्ने काम गर्दछन् । प्रजाहरुमा सहयोगीको भूमिका निर्वाह गर्दछन् । कटुवाल दहमा मच्छिन्द्रनाथ लिन जाने समयमा गुभाजुलाई चाहिने सामानहरु सबै प्रजामहलले लगिदिनुपर्नेहुन्छ । श्री रातो मच्छिन्द्रनाथको जात्रा पश्चात रथ भत्काउदा १६ हात भन्दा माथि यवलहरुले गर्ने र तलको १६ हात प्रजामहलले भत्काउने र रथका विभिन्न अंगहरुलाई तोकिएका स्थानमा लगेर राख्ने कार्य पनि उनीहरुबाट गरिन्छ । यस कार्य बापत प्रजामहलले भत्काएको १६ हात रथमा प्रयोग भएको

बेत बेचेर आएको रमकले भोज खाने चलन रहेको तर बिस्तारै मासिदै गएको पाइन्छ । प्रजामहलहरुलाई गुठीले जग्गा छुट्टयाएको छ ।

१०. मानेहरू

भक्तपुरे र पाटनका राजाका प्रतिनिधिहरुको सहयोगीहरुलार्य माने नाइके भन्ने गरिन्छ । राजाका प्रतिनिधिले तरवार र खड्ग बोक्ने तथा माने नाइकेहरुले छाता र लठ्ठी बोकेर सहयोग गर्ने गर्दछन् । यो समूह बिस्तारै मासिने क्रममा रहेको छ ।

११. बडा गुरुजुको पल्टन

गुठी संस्थानले चिठी लेखेर लनुमानढोकाबाट बडा गुरुजुको पल्टनलाई बोलाउने गर्दछ । श्री रातो मच्छिन्द्रनाथलाई दक्षिणायन र उत्तरायण सवारी चलाउने बेलामा श्री को स्नान गर्न लगनखेल सवारी गर्ने बेलामा रथारोहण गराउँदा, पुल्चोकबाट रथजात्रा सुरु गर्दा, गावाहल, सुन्धारा, लगनखेल, यतिम र जावलाखेलमा यस पल्टनबाट सलामी दिइने परम्परा छ ।

१२. ज्योतिषहरू

ज्योतिषीहरुले मंगलबजारको सोह्रखुट्टे मण्डपमा (चित्र १६) बसेर भगवानलाई पश्चिमागमन रथजात्रा गर्दा साइत हेर्नुपर्दछ । ज्योतिषीहरु पहिले चारजना हुने गरेकोमा हाल दुईजना रहेका छन् । जसमा एक जनाले गणित हिसाब गर्ने, एक जनाले लेख्ने, एक जनाले भन्ने र अर्को एक जनाले जोखाना हेर्ने गर्दछन् ।

१३. याकामिसा

याकामिसालाई जीवित देवीका रुपमा लिइन्छ । रथलाई जावलाखेल तान्ने चार दिन अगाडि किर्तिपुरमा प्रसाद पुऱ्याउन श्री रातो मच्छिन्द्रनाथका दाहिने पाउमा बस्ने पानेजु जाने प्रचलन रहेको छ । बन्धुदत्त आचार्यले श्री का दाहिने पाउमा देहत्याग गरेका र सोही पाउ पुज्ने पानेजु बन्धुदत्तका प्रतिनिधि स्वरुप याकामिसालाई जात्रामा सहभागी हुन आउनु भनी निमन्त्रणा दिएको हो । याकामिसाको कुनै पूजाआजा नगरिने, उनलाई नसम्भिने भएकाले श्री रातो

मच्छिन्द्रनाथले उनको पनि पूजा होस् भनी आफ्नो जात्रामा समावेश गराउनु भएको भन्ने जन भनाई रहेको पाइयो ।

४.२.५. बाजा बजाउने समुदाय (गुठियार)

१. कुम्भेश्वर

"का" बाजा वा इन्द्रबाज बजाउने गुठियारहरुको समूह हो । यसलाई कसाइ बाजा, कलबाजा पनि भन्ने गरिन्छ । श्री को स्नान पर्व गरेपछि मध्यरातमा इन्द्रबाजा एकाहोरो बजाएर गुफा राख्न लगिन्छ । यस समयमा कुम्भेश्वरका गुठियारले यो बाजा बजाउनुपर्छ । श्री को स्नान गर्न लैजाने बेलामा र गुफा राख्ने/ल्याउने बेलामा बजाउनुपर्छ ।

२. न्यांः खी बाजा

सोहीबेलाका बाजासँगै न्यांः खी बाजा पनि बजाइन्छ । यो बाजा साही जातिले बजाउनुपर्छ । न्यांः खी बाजा का बाजासँगै दुईपटक बजाउनुपर्छ । दुवै बाजा (का र न्यांः खी) मृत्युपछि बजाउने बाजा हो भन्ने मान्यता रहेको पाइन्छ ।

३. च्यासल

श्री को रथ तान्ने समयमा च्यासलका गुठियारले रथ कहाँदेखि कहाँसम्म लैजाने भनेर बजा बजाउने गर्दछन् । कटुवाल दहबाट देवता ल्याउने बेलामा यही समूह जानुपर्दछ ।

४. यनमोलका गुठियार

भुजा पर्वमा यनमोलका गुठियार समूह बाजा बजाउन जानुपर्दछ ।

५. हा बाजा

लोप हुँदै गएको बाजा र बजाउने समुदाय हा बाजा समूह हो । अहिले यो बाजा बजाउन छाडिएको छ । पहिलो मंगलबजारका कुस्लेहरुले हा बाजा बजाउने गर्दथे । यस बाजालाई नगरा बाजा पनि भनिन्छ ।

यसका अलावा दमाइ बाजा, धिमे बाजा पनि प्रयोग भएको पाइन्छ ।

### ४.२.६. रथजात्रा व्यवस्थापनमा सरिक निकायहरू

श्री रातो मच्छिन्द्रनाथ रथजात्रा व्यवस्थापनमा विभिन्न निकायहरुको सहभागिता रहको पाइन्छ । तः वहाल, गुठी संस्थान, स्थानीय प्रशासन ललितपुर, ज्यापु समाज ललितपुर, गाः वहाल जात्रा व्यवस्थापन समिति, वछुः त्वाः जात्रा व्यवस्थापन समिति, लगया जात्रा व्यवस्थापन समिति र जावला ख्वा व्यवस्थापन समितिको प्रत्यक्ष सहभागितामा रथजात्रा सञ्चालन हुने गर्दछ ।

यसमध्ये गाः वहाल जात्रा व्यवस्थापन समितिमा ९ वटा टोल समावेश हहुन्छ । पुल्चोकदेखि गावाहलसम्म रथ तान्नको लागि आवश्यक कार्य यस समितिले गर्दछ । समितिमा समावेश भएका टोलमध्ये एक टोलका मानिसले मात्र रथको अगाडि उभिएर हस्टे गर्ने पालो प्रत्येक टोलले एक एक गरी पाउँदछन् । रथ तान्ने समूहको व्यवस्थापन गर्ने, बाजागाजा, भजन समूह र रथ गावाहलमा रोकिदा गरिने पूजाआजा र भोजको व्यवस्थापन यसै समितिले गर्दछ । रथ गावाहालमा एक रात रोकिन्छ । बेलुकी ९ वटा टोल मिलेर छोयला भू गरिन्छ । भोलिपल्ट बिहान ४ बजे अगाडि नै ९ वटै टोलका भक्तालुहरुले पूजा उठाएर बाजागाजा सहित भू ज्या जाने र श्री रातो मच्छिन्द्रनाथको रथमा गइ पूजा गर्ने गरिन्छ ।

वछुः त्वाः जात्रा व्यवस्थापन समितिमा एघार टोल समावेश रहेको छ । यस समितिले रथजात्राको क्रममा गावाहालदेखि मंगलबजार हुँदै सुन्धारासम्मको व्यवस्थापन कार्य गर्दछ । रथ गुडाउँदा व्यवस्थापन मिलाउने, रथ रोकिदा हुने पूजाआजा र पर्वहरुमा आवश्यक जनशक्ति, बाजागाजा, भजन, भोजभत्तेरको व्यवस्थापन गर्ने कार्य यसै समितिले गर्दछ । रथ मंगलबजारमा एक राति रोकिन्छ । त्यसको भोलिपल्ट रथ सुन्धारा पुऱ्याइन्छ । एघार वटा टोलबाट उसैगरी

बाजागाजा सहित पूजाआजा गर्न भू ज्या जाने गर्दछन् । यस क्रमा छोयला भू गरिन्छ । गावाहालबाट बिहान ५ बजेको समयमा रथ तानिन्छ ।

लगाया जात्रा व्यवस्थापन समितिले रथलाई सुन्धारादेखि चक्रवहिल हुँदै लगनखेलसम्म तान्ने का मगर्दछन् । यस समितिमा १९ वटा टोल समावेश भएको हुन्छ । यसैगरी जात्रापर्व, बाजागाजा, पूजाआजा र रथलाई व्यवस्थापन गरिन्छ । सुन्धारादेखि चक्रवहिलको बालकुमारी मन्दिरसम्म रथ तानेर एक रात त्यहीँ रोकिन्छ । भोलिपल्ट चक्रवहिलदेखि लगनखेलसम्म तानिन्छ । लगनखेलमा महाबलि पर्व, नरवल खसाउने जात्रा, छोयला भू, भू ज्या जस्ता कार्यहरुको व्यवस्थापन यसै समितिले गर्दछ । लगनखेलबाट यहिटी टोलसम्म याकामिसाहरुले रथ तान्ने कार्य गर्दछन् ।

जावला ख्वाः जात्रा व्यवस्थापन समिति थहिटि टोलबाट जावलाखेल सम्मको व्यवस्थापन गर्ने समूह हो । यो पुल्चोकका मानिसहरुको एक टोलको समूह हो । ज्योतिषीहरुले पश्चिमागमनको साइत हेरेपछि ा यहिटिबाट रथ तान्ने कार्य हुन्छ ।

## ४.३. रुख काट्ने प्रक्रिया

गुठी संस्थान, शाखा कार्यालय, ललितपुर, कर्मचारी पवन आचार्य, सबैभन्दा पहिले सरकारी कार्यालयबाट पत्राचारको प्रक्रिया पूरा गर्नुपर्ने हुन्छ । स्वीकृति भएपछि पहिले फुलचोकी वनदेवीलाई पूजा गर्नुपर्छ । सङ्घीयता लागू हुनुभन्दा पहिले सिधै मन्त्रालयमा गए पुग्थ्यो । अहिले प्रदेश तहमा पनि जानुपर्छ । पहिले सिधै मन्त्रालयले पत्र लेखिदिन्थ्यो । अहिले प्रदेशको अनमति लिएपछि मात्र काम अघि बढ्छ । हामीले तालुकबाट केन्द्रीय कार्यालयमा पत्र लेख्छौं । केन्द्रीय कार्यालयबाट भूमिसुधारमा पत्र लेख्ने काम हुन्छ । भूमिसुधारले वनलाई पत्र लेख्छ । वनले बागमती प्रदेशलाई पत्र लेखिदिन्छ । प्रदेशले जिल्ला वनलाई र जिल्ला वनले इलाका वनलाई पत्र लेख्छ । त्यसपछि इलाका वन कार्यालयले हामीलाई दिएको समय अनुसार हाम्रो बोसी जातिले एउटा भाले लिएर क्षमापूजा गर्न कटानीको लागि जान्छ । क्षमा पूजा गरेपछि

चाहेको रुखमा टाँचा लगाउने कार्य हुन्छ । ललितपुरको फुलचोकी वनमा रुख कटानको लागि सबै प्रक्रिया पूरा गर्नुपर्ने हुन्छ (अनुसूची दुई) ।

रुख कटानी, चिरानी भएर आएपछि रथ निर्माण गर्ने प्रक्रियाको थालनी हुन्छ । बाराही जातिको दुईजना थकालीले सविक परम्परा अनुसार उनीहरुले काम गर्छन् । अरुले यो का मगर्न पाउँदैनन् । बाराही जातिले मात्रे यो का मगर्ने हो । श्रीपञ्चमीपछि रथ निर्माणको काम शुरु हुन्छ । कति दिनमा काम सम्पन्न हुन्छ भन्ने हुँदैन । उनीहरुले जति दिनमा सक्छ भन्छन्, त्यही अनुरुप रथ निर्माण कार्य अघि बढ्दै जान्छ । जात्राको तिथिमितिभित्र जात्रा सम्पन्न गर्न उनीहरुलाई लामो समय रहन्छ । बोसी जातिले रुख काट्ने कार्य श्रीपञ्चमीभन्दा अघिबाटै प्रारम्भ हुन्छ ।

रुख काट्ने प्रक्रिया एकात्मक शासन प्रणालीभन्दा फरक छ । श्री रातो मच्छिन्द्रनाथ रथको कुनै पनि काठमा किला ठोकिदैन । त्यसका लागि सानदान जातको काठ ल्याउनुपर्छ । यो काठ पाङ्ग्रामा प्रयोग हुन्छ । यो फुलचोकी वनमा पाँइदैन । तराईतिरबाट ल्याउनुपर्छ । निजगढमा सानदान जातको रुख पाइन्छ । यो काठ धेरै बलियो हुन्छ काट्दाखेरि कुनै झुरा वा टुक्रा निस्किदैन । टुक्रेर चोइटा पनि आउँदैन । सानदान रुख काट्दा मानिसको जस्तै रगत आउँछ । यो पटकको लागि मधेस प्रदेश र बागमती प्रदेशको अनुमति लिनुपर्ने हुन्छ । मन्त्रालयले दुवै प्रदेशलाई पत्र लेखिदिन्छ । बाराहीले काम सम्पन्न गरिसकेपछि श्री रातो मच्छिन्द्रनाथको स्नान हुन्छ । यो मृतात्मा स्रुपको कार्य हो । चाँदीको घ्याम्पामा हालेर मच्छिन्द्रनाथलाई पुनर्जन्म गराइन्छ र मन्दिरभित्र विराजमान गरिन्छ ।

बाराही जाति श्री रातो मच्छिन्द्रनाथसँगै नेपालमण्डल आएका हुन् । रथ निर्माणका लागि कुन कुन काठ चाहिन्छ भन्ने बाराही जातिलाई मात्र थाहा छ । बाराहीले भनेबमोजिमको इष्टमेट अनुसार एउटा जात्रा सम्पन्न भएपछि अर्को वर्षको जात्राका लागि काठको व्यवस्थापन प्रक्रिया शुरु गरिहाल्नुपर्छ । बाराही जातिको माघ महिनामा गुठी पूजा हुन्छ । मच्छिन्द्रनाथको पाउनमा तान्त्रिक विधि पूजा हुन्छ । यसपछि बोसी जातिलाई काठ काट्नका लागि अनुमति प्रदान गरिन्छ । वन पूजा गरेर कुनै क्षति नहोस् भनेर पूजा गरिने परम्परा रही आएको छ ।

श्री रातो मच्छिन्द्रनाथ रथको पाङ्ग्रा बनाउन श्रीपञ्चमीकै दिन शुरु हुन्छ । मच्छिन्द्रनाथ ३२ लक्षणले युक्त भएको देवता हो । धमा ३२ हात, पूजारी ३२ हात, उचाई ३२ हात, पाङ्ग्रा ३२ हात लामो हुन्छ । पाङ्ग्रा एक फन्को घुम्दा १६ हात र दुई फन्को घुम्दा ३२ हात हुन्छ ।

## ४.४. भैरवलाई राँगाको बली दिने प्रचलन

गुठी संस्थान, शाखा कार्यालय, ललितपुर, कर्मचारी पवन आचार्य, जात्राभर श्री रातो मच्छिन्द्रनाथले भूतप्रेत सबै बोकेर हिँड्छन् । कोही मानिस विरामी भएका छन् भने जात्राको समयमा दर्शन गराएमा रोग निको हुन्छ भन्ने विश्वास रही आएको छ । श्री रातो मच्छिन्द्रनाथ देवता बहुरुपी छन् । केटा केटी, बुढा बुढी हो भनिन्छ । मच्छिन्द्रनाथको बेलविवाह पनि हुन्छ । महास्नानको अघिल्लो दिन श्री रातो मच्छिन्द्रनाथको हंस निकालेर मुकुटमा राखिन्छ । अर्को दिन पूजा आजा गरेर चाँदीको घ्याम्पोमा हंस सार्ने काम हुन्छ । घ्याम्पोमा साधना लिएर श्री रातो मच्छिन्द्रनाथको पुनर्जन्म हुन्छ । घ्याम्पोमा सात दिन राखिन्छ र पूर्वपट्टीबाट बाहिर निकालिन्छ । त्यसपछि नेगू जातिले कलवर फेर्छ । त्यसको तीन दिनमा इबु र खिचाबु पर्वको प्रवेश हुन्छ । श्री रातो मच्छिन्द्रनाथलाई गद्दीमा राख्नुभन्दा अघिल्लो दिन जन्म लिने भनेर ६४ जोगिनीहरुले बाहिर आशन लिन्छन् । मच्छिन्द्रनाथ जन्म लिन थाल्यो भनेर ६४ जोगिनीहरु आएका हुन् । भगवानलाई पनि त्यतिबेला स्याहार्न आएका हुन् । अहिले अहिलेको आधुनिक चिकित्सा प्रणाली जस्तै त्यतिबेलाको चिकित्सा प्रणालीको रुपमा यसलाई हेर्न सकिन्छ । कोही हात थाप्ने, कोही खुसी हुने कुरा त्यहाँ रहेको चाँदीको  घ्याम्पोमा लेखिएको छ । औंसीको दुईदिन अघि खिचाबु भन्ने पर्व चल्छ । त्यसमा बुङ्गमतीमा रहेको भैरव मन्दिरलाई दुईवटा राँगा बली चढाइन्छ । राँगा तीनवटा चाहिने हो, तर छल गरेर दुईवटा मात्र बली दिइने गरिएको छ । यो किन छल गरेको हो भने श्री रातो मच्छिन्द्रनाथ रथको चारवटै पाङ्ग्रामा सर्वसम्मत शक्ति बसेको हुन्छ । कतिपयले भन्छन् कि नागले भोग खाएको होइन, यो त भैरवले भोग खाएका हुन् । त्यो नाथ कर्कट नाग भयो । त्यहाँ किन भैरव बस्नुभएको हो भने श्री रातो मच्छिन्द्रनाथलाई

कामारुकामाक्षबाट ल्याउँदा घाँटीमा गाँड आएको कारण जनताको अगाडि लाज लागेको हुनाले छेकिदिएको भन्ने कथन छ । भैरवको मुकुटले श्री रातो मच्छिन्द्रनाथको गाँड छेकिदिएको हो ।

## ४.५. जात्रासँग जोडिएका मूर्त र अमूर्त पक्षहरू

गुठी संस्थान, शाखा कार्यालय, ललितपुर, कर्मचारी पवन आचार्य, श्री रातो मच्छिन्द्रनाथको ललितपुरभरि गरेर ३२ वटा खटजात्रा हुन्थ्यो । त्यसमध्ये रोकिएका चामुण्डाको जात्रा वि.सं. २०७९ बाट फेरि चल्यो । ललितपुरको उत्तर भेगमा चामुण्डा छ, दक्षिण भेगमा महालक्ष्मी, पश्चिम भेगमा बैष्णबी, पूर्वी भेगमा बालकुमारी छन् । यी सबै दिदीबहिनी हुन् । श्री रातो मच्छिन्द्रनाथ देवता सबैसँग जोडिन्छन् । रुद्रायणीसँग जोडिन्छ । यो देवता हरिसिद्धिसँग जोडिन्छन् । श्री रातो मच्छिन्द्रनाथलाई स्नान गर्न हरिसिद्धिबाट पूजा आउनुपर्छ । बुझ्न सकिन्छ कि श्री रातो मच्छिन्द्रनाथ देवताको ठूलो महत्व रहेको छ ।

हरिसिद्धिबाट पूजा आएपछि श्री रातो मच्छिन्द्रनाथलाई स्नान गरी गद्दी फेरेर गुफामा राखिन्छ । जात्रासँग जोडिएका पक्षहरु धेरै छन् । शुरुवात र अन्त्य के के हुन्, सबै फरक फरक रहेका छन् । बुङ्गमतीमा ह्यांग्रिव भैरवभन्दा भित्रपट्टी कालभैरव रहेका छन् । त्यो कसैले पनि हेर्नुहुँदैन । त्यो कालभैरवले पनि नरवली दिएको भएर ह्यांग्रिव भैरवले आफ्नो मुकुटले छेकेको हो । पछाडिपट्टीबाट राँगालाई बली दिने चलन भनेको कालभैरवलाई भोग दिएको हो । उल्टो काटिएको हो । भैरवको मीत दोलखा भीमसेन हुन् । मीतको घरमा पाहुना आउँदा ह्यांग्रिव भैरवलाई यो कुरा थाहा दिने कुरा भएन भन्ने लाग्यो । एउटा राँगा पछाडिपट्टी बली दिएर कालभैरवले खाइसकेका छन् । पाहुनालाई पनि दिनुपर्‍यो । मीतले कहाँ बसेर राँगा काट्छन् ? म हेर्छु भनेर दोलखा भीमसेनले भनेपछि पछाडिबाट भोग खाएर अगाडिपट्टी त्यही काटिएको राँगालाई साधना गरेर जस्ताको तस्तै ल्याइयो । यो छल गरेको हो । त्यसपछि भैरवले बीर हनुमानलाई जगाएर एक गदा हिर्काएपछि भीमसेन दोलखा पुगेको भन्ने किंवदन्ती छ । यो पर्व सबै श्री रातो मच्छिन्द्रनाथसँग जोडिन्छ ।

कुनै पनि महिलाको गर्भ बसेन, बाँझोपन रह्यो भने श्री रातो मच्छिन्द्रनाथको पेटमा राखेको सुपारी खाएको खण्डमा गर्भ बस्छ भन्ने जनविश्वास छ । यो सत्य र शक्तिको पीठ भएको देवता हो । कुम्भेश्वरको तल्लपट्टी महाविहार रहेको छ । त्यहाँ करुणामय मूर्ति रहेको छ । यो स्थान श्री रातो मच्छिन्द्रनाथ नेपाल मण्डलमा ल्याएपछि पहिलो रात बिसाएको ठाउँ हो । त्यही भएर त्यो ठाउँको नाम करुणाचोक रहन गयो । इतिहाससँग धेरै जोडिएका देवताको रुपमा श्री रातो मच्छिन्द्रनाथलाई लिइने गरिन्छ ।

## ४.६. जात्रामा आएको परिवर्तन

नेपालको सबैभन्दा लामो समयसम्म चल्ने श्री रातो मच्छिन्द्रनाथको रथजात्रामा राजनीतिक व्यवस्था परिवर्तनसँगै विभिन्न परिवर्तनहरु देखा परेको देखिन्छ । प्राकृतिक विपत्ति र रोगव्याधीका बेला रथजात्रामा परिवर्तनहरु देखिएका छन् । विशेष गरी दोस्रो जनआन्दोलन २०६२/६३ को परिवर्तनपछि श्री रातो मच्छिन्द्रनाथको रथजात्रामा देखा परेका परिवर्तनहरू बुँदागत रुपमा उल्लेख गरिएको छः

१. श्री रातो मच्छिन्द्रनाथको भोटो देखाउने जात्रामा राष्ट्रप्रमुखका रुपमा राष्ट्रपतिको उपस्थिति हुने गरेको छ । गणतन्त्र स्थापनासँगै राजाको सट्टा राष्ट्रपतिबाट भोटोजात्रा अवलोकन हुने गरेको देखिन्छ ।

२. कोभिड १९ महामारीका समयमा वि.सं. २०७७ र २०७८ मा श्री रातो मच्छिन्द्रनाथको रथयात्रा सञ्चालन हुन सकेको थिएन ।

३. विगतमा रोकिएको चामुण्डा जात्रा वि.सं. २०७९ बाट पुनः सञ्चालन गरिएको छ ।

४. श्री रातो मच्छिनद्रनाथको रथलाई सुरक्षित यात्रा गराउन वि.सं. २०७९ मा क्रेनको प्रयोग गरिएको थियो ।

५. नेपालको संविधान २०७२ लागु भएपछि देश सङ्घीयतामा प्रवेश गरेसँगै जात्रासँग सम्बन्धित विषयगत प्रक्रियाहरु परिवर्तन भएको देखिन्छ । ललितपुरको फुल्चोकी र तराईको निजगढ वनमा काठ काट्न अनुमतिका लगि संघीय मन्त्रालय र प्रदेश संरचनामा प्रक्रिया अघि बढाउनुपर्ने हुन्छ । यो एकात्मक शासन प्रणालीभन्दा लामो प्रक्रियाको रुपमा देखिएको छ ।

६. श्री रातो मच्छिन्द्रनाथका पूजारी बोलकबोलबाट शाक्य सम्प्रदायबाट चयन गरिने र चयन गरिएका पूजारी आजीवन रहने अध्ययनबाट देखिएको छ ।

७. श्री रातो मच्छिन्द्रनाथ रथजात्रामा नयाँ पुस्ताको आकर्षण देखिन्छ । यस जात्राको ऐतिहासिकका, धार्मिक र साँस्कृतिक पक्षलाई जोगाइराख्न युवा पुस्तामा सकारात्मक सोच देखिएको छ ।

८. श्रीलाई वर्षभरि चाहिने माटाका सामान कुमालेले दिने भन्न चलन वि.सं. २०५४ सालदेखि मासियो । गुठीका जग्गा रैरकमा परिणत गरिएको छ । चौसठ्ठी योगिनी पूजामा चौसठ्ठी योगिनी थपना गर्ने भाडा अहिले तामाका रहेका छन् । परम्परा अनुसार वर्षको एकपटक कुमाले घरमा गएर गर्नुपर्ने पूजालाई चाः पूजा भनिन्छ ।

९. गुठी कार्यालय प्रमुखले राजाका प्रतिनिधि बनी खड्ग बोक्ने चलनमा परिवर्तन आएको छ । पछिल्लो समय एक जना मानिसलाई खटाइएको छ ।

१०. ज्योतिषीहरुले मंगलबजारको सोह्रखुट्टे पाटीमा बसेर भगवानलाई पश्चिमागमन रथजात्रा गर्दा साइत हेर्ने ज्योतिषीहरु पहिले चारजना हुने गरेकोमा हाल दुईजना रहेका छन् ।

# अध्याय पाँच

# प्राप्ति, उपसंहार र सुझावहरू

## ५.१. प्राप्ति

श्री रातो मच्छिन्द्रनाथसँग सम्बन्धित मूर्त सम्पदाहरुमा बुंगमती र तबहाल मन्दिर, ह्यग्रीभ भैरब, श्री रातो मच्छिन्द्रनाथ मूर्ति, करुणामय लोकेश्वर रहेको छ । रथमा कर्कोटक नाग, ह्यग्रीभ भैरब, श्री रातो मच्छिन्द्रनाथ, स्वयम्भू भगवान, चक्काका चार भैरबहरु र रथको गजुरमा चार नारायण रहेको देखिन्छ । श्री रातो मच्छिन्द्रनाथ रथ जात्राका क्रमको पथमार्ग र रोकिने स्थानहरु तय गरिएको देखिन्छ । बाह्र वर्षमा एकपटक बुंगमतिबाट नै रथ शुरु भएर पुल्चोकमा भोटो देखाइ रथजात्रा सम्पन्न गरिन्छ । प्रत्येक वर्ष पुल्चोकमा श्री रातो मच्छिन्द्रनाथ रथको निर्माण शुरु हुन्छ र श्री लाई तेबहालबाट ल्याएर रथारोहण गरी जात्राको शुरुवात गरिन्छ । काठमाडौंको गावहालमा जात्रा देखाइन्छ । ललितपुरको मंगलबजारमा पहिले बीचमा खोला भएका कारण रथ खोला तार्न नहुने भनेर रोकिने गरिन्थ्यो भन्ने भनाई रहेको पाइयो । टंगाल हउगल हुँदै लगनखेल हुँदै देखाइने भएकोले यसलाई पाटन शहरको जात्रको रुपमा लिइने गरिन्छ । जावलाखेलमा नेपाल मण्डलले मनाउने जात्रा भन्ने बुझाई रहेको छ ।

श्री रातो मच्छिन्द्रनाथ जात्रामा सोह्रखुट्टे मण्डप, पुल्चोकस्थित धःमा पाटी (चित्र १३), धःमा पासा पाटी जावलाखेल, पाङ्ग्रा राख्ने टहरो जावलाखेल एवं रथ रोक्ने स्थानका पाटीहरु प्रयोग भएको देखिन्छ । रथ निर्माणअघि  र जात्रा समाप्तिसम्म रथ निर्माण गर्न बोसी, बाराही, यवल, घःकूः, पानेजू जातीय समूहहरु खटाइएको पाइयो । बोसी पुठ्वा थरका हुन् । यो जाति जंगल गएर काठ काटी ल्याउने समूह हो । काठ कटानका लागि गुठी संस्थान, शाखा कार्यालय ललितपुरले खटाउने गर्छ । बोसी जातिले कटान गरेको काठ मिलमा आएपछि चिरान गर्न लगाउने, रथको पाङ्ग्रा, रथको बाहिरी रुप बनाउने र जात्रा समापन भएपछि रथलाई खोली तोकिएको स्थानमा रथका अङ्गहरु भण्डारण गर्ने कार्य बाराही जातिले गर्दछन् । यिनीहरुले काठको लगत संकलन समेत गर्ने गर्दछन् । बेतका डोरीको काम गर्ने समूह यवल हो । यो

समूहले रथ तान्ने डोरी बनाउने र रथ बाँध्ने कार्य गर्दछ । रथ जात्राका समयमा रथलाई मार्गप्रदर्शन गराउने र रोक्ने का मगर्ने समूह धः कूः हो । पथपरेजमा बसेर श्री को नित्य पूजाआजा गर्ने समूह पानेजू (पूजारी, थकाली) हो । विधिविधान अनुसार श्री रातो मच्छिन्द्रनाथ जात्रासँग सम्बन्धित सम्पूर्ण कार्यहरु पानेजूले नै गर्दछन् ।

श्री रातो मच्छिन्द्रनाथ जात्रामा विभिन्न पाटीहरु प्रयोग भएको पाइयो । ललितपुरको मंगलबजारमा रहेको सोह्रखुट्टे मण्डपमा (चित्र १६) बसेर जोशीहरुले जात्राका लागि साइत हेरी जुराउने गर्दछन् । ललितपुरको पुल्चोकमा रहेको धःमा पाटीमा रथ निर्माणमा प्रयोग हुने ३२ हात लामो, काठले बनेको, कर्कोटक नाथको प्रतीक, अगाडि ह्याग्रिभ भैरवको मुखैटाले छोपिएको काठ राख्ने गरिन्छ । धःमा राखिने भएकोले यसको नाम धमा रहन गएको भनाई रहेको छ । जावलाखेल पाटीमा धः मा पासा राख्ने गरिन्छ । जावलाखेल प्रहरी कार्यालय अघिल्तिर पाङ्ग्रामाथि राख्ने दुईवटा लामा काठ, जसमा धःमा उठाउन पासा बनाएको हुन्छ । ललितपुर महानगरपालिका अगाडि रहेको टहरोमा रथको चक्का राखिन्छ । पुल्चोक, गावाहाल, मंगलबार, सुन्धारा, लगनखेल र जावलाखेलस्थित रथ रोक्ने पाटीहरु रहेका छन् । रथजात्राका समयमा पूजारीहरु रथ रोकेकै ठाउँमा भगवानलाई कुरेर बस्नुपर्ने र छोइछाइ नभएको शुद्ध भोजन गर्नुपर्ने भएकाले त्यसकै लागि चोक चोकमा पाटी निर्माण भएको पाइन्छ (शाक्य, वि.सं. २०८०, कुराकानी) ।

श्री रातो मच्छिन्द्रनाथलाई सबैभन्दा शौभाग्यशाली, अति गम्भीर (मुद्रा) भावपूर्ण मनमोहक, लौकि, लोकोत्तरका ज्ञानगुनले सम्पन्न देवताको रुपमा लिइने गरिन्छ । यो नेपालको सबैभन्दा अल्गो सुवर्णमय भव्य रथमा यात्रा गर्नुहुने अपार करुणाका खानी अथाह ज्ञानका खानी श्री रातो मच्छिन्द्रनाथलाई विभिन्न नामले समेत पुकारिन्छ । श्री बृष्टिदेव, श्री करुणानध्यानी, श्री करुणामय्, श्री त्रैलोक्यनाथ, श्री योगिन्द्रवन्दय, श्री सिद्धनाथ, श्री सुभिक्षदेव, श्री गोखगुरु, श्री भक्तचिन्तामणि, श्री नेपालपाल, श्री मणिपद्मधर, श्री मत्स्येन्द्रनाथ, श्री लोकनाथ, श्री पद्मपाणी, श्री लसकद्यो, श्री आर्यावलोकर्तिश्वर, श्री सर्वलोक बन्दय, श्री बहुरुप, श्री विश्वनाट्यसुत्रधार र श्री बुँगद्यो साकार नामहरु हुन् ।

श्री रातो मच्छिन्द्रनाथको रथ बनाउने समूहले नै रथको खोलखाल गर्ने गर्दछन् । गुठी संस्थान, ललितपुर महानगरपालिका, जात्रामा लाग्ने समूहहरुका अगुवाको प्रत्यक्ष निग्राणीमा रथ खोलिएका, बिग्रिएका र प्रयोगमा ल्याउन सकिने र नसकिने काठहरुको छनौट गरिन्छ । अर्को वर्षको रथजात्राका लागि आवश्यक पर्ने काठको पनि लगत अनुमान गरिन्छ । जात्रा समापन भएपछि जावलाखेलमा रथ खोल्ने काम हुन्छ र व्यवस्थापन गरिन्छ । धःमाः पासा र रथको चक्का जावलाखेलकै दुई पाटी र टहरामा भण्डारण गरिन्छ । बेतका डोरी, स-साना काठहरु, ह्याग्रिभ भैरवको मुखौटा, रथ तान्ने डोरीहरु गुठी संस्थान, शाखा कार्यालय ललितपुर तःवहालमा राखिन्छ । पुल्चोकको धःमा पाटीमा धःमा राखिन्छ । श्री को मूर्ति बुंगमतिमा राखिन्छ । रथमा श्रीलाई राख्न बनाएको कोठामा प्रयोग हुने थामहरु, काठमा सुन भरेर बनाइएको हुन्छ र त्यो पाटनको महावौद्ध विहारमा लुंःयान गुठीको संरक्षणमा राखिन्छ । रथ तान्ने डोरी र भैरवको मुखैटा गुठी संस्थानमा रहन्छ (चित्र ११, १८) ।

श्री रातो मच्छिन्द्रनाथका विभिन्न जात्रा तथा पर्वहरु, पर्व तथा जात्रामा काम गर्ने रकमीहरु, रथमा प्रयोग हुने सामग्रीहरु र जात्रा एवं पर्वहरु हुने गरेका पाइन्छ । श्री रातो मच्छिन्द्रनाथका मुख्य मुख्य पर्व पूजाहरुमा गुँलापारु पर्व (गुँला धर्मारम्भ श्रावण शुक्ल प्रतिपदा), किसि कुठी (असोज कार्तिकतिर), बडा दशैं (आश्विन शुक्ल पक्ष), बुङ्गमती मन्दिरबाट पाटन मन्दिर सवारी गर्ने पर्व (मंसिर र माघ महिनामा), श्री को कलेवर फेर्ने पर्व (श्री लाई पाट सवारी चलाउने बेलामा), स्नान मण्डल पर्व (ज्योतिषको साइत अनुसार), मथि कायागु पर्व ( ज्योतिषको साइत अनुसार), षा पूजा पर्व (ज्योतिषको साइत अनुसार), पीठ पूजा पर्व ( ज्योतिषको साइत अनुसार), सरस्वती पर्व पूजा, श्री रातो मच्छिन्द्रनाथको स्नान जात्रा पर्व ( बैशाख कृष्ण प्रतिपदा), रथ निर्माण कार्य प्रारम्भ (बैशाख कृष्ण द्वितीयाका दिन), खिचाबु - कुकूरलाई मासु खुवाउने पर्व), बैशाख कृष्ण द्वादसीका दिन कटुवाल दह जात्रा सकि स्वमु शान्तिपुर पर्व, ईभु पर्व (बैशाख कृष्ण त्रयोदशी), श्री को दृष्टि खोल्ने पर्व, रथारोहण पर्व (बैशाख शुक्ल प्रतिपदा), रथयात्रा प्रारम्भ पूर्व अनिष्ट निवारणका लागि गाई दान– बैशाख शुक्ल तृतीया/ अक्षत तृतीयाका दिन, महावली पर्व (रथ लगनखेल पुगेको देस्रो दिन), कपुर बत्ति पर्व

(रथ थटी टोल पुगेपछि), नरिवाल जात्रा (रथ थटी टोल पुगेपछि), भुजा पर्व (रथ थटी टोल पुगेपछि), पूर्ण चण्डी दिवाली पर्व (वाराहीहरुबाट मच्छिन्द्रनाथको दिवाली पूजा गरिने), सोही दिन रथ जावलाखेल तान्ने साईत हेर्ने दिन तोकिने, साइत हेर्ने पर्व (ज्योतिषहरुबाट रथ जावलाखेल तान्ने साइत मंगलबजारको सोह्रखुट्टे पाटीमा बसी हेरिने), दुलामाता पर्व (रथ जावलाखेल तान्ने ४ दिन अगाडि), नरिवाल जात्रा (रथ जावलाखेल तान्ने १ दिन अघि बेलुकी), छ्वास्कामुनी पर्व (रथ जावलाखेल पुगेपछि), अमृत भोजन पर्व (रथ जावलाखेल पुगेपछि), चौसठ्ठी योगिनीको पर्व पूजा (रथ जावलाखेल पुगेपछि), भोटो जात्रा (रथ जावलाखेल पुगेका ४ दिनपछि), श्री लाई बुङ्गमती मन्दिरमा सवारी चलाइने (भोटो जात्राकै दिन), बिचार पूजा (भोटो जात्राको ४ दिनमा), कोय्ना पूजा (रथ भत्काएपछि जावलाखेलमा), योमहि पूर्णिमा पूजा रहेका छन् ।

यसैगरी श्री रातो मच्छिन्द्रनाथको पर्व पूजामा विभिन्न समुदायका रकमीहरुको समूहमा श्री का पानेजु (पूजारीहरु ३१), गावाहालका गुभाजुहरु २, नेकेजुहरु हाल ३, कर्ता जवान ९०, सुवालहरु ८ जवानहरु मध्ये हाल ३ जना, जजमान १, मलेनी १, भक्तपुरे राजाका प्रतिनिधि १, पाटन राजाका प्रतिनिधि १, बाजादारहरु (दमाई बाजा, जोगी बाजा, का बाजा), ज्योतिषहरु हाल २ जना र  प्रजामहल (पूजाका सहयोगीको काम गर्ने पर्दछन् । यसका साथै श्री रातो मच्छिन्द्रनाथको रथ निर्माणमा सरिक हुने रकमीहरुमा  बोसीहरु -१२ जवान (जंगलमा काठ कटानी गर्ने), बाराहीहरू -२४ जवान (काठको काम गर्ने), यवलहरु -१२ जवान (रथमा वत डोरीहरु आदि बाँध्ने), सहायक यवलहरू (आवश्यकता अनुसार) रहेका छन् । रथ तान्दा सरिक हुने रकमीहरुमा स्ये स्ये बाजे -२ जवान (रथयात्रा संचालनको आदेश दिने), घःकुहरु -८ जवान (रथमा ब्रेक लगाउन काम गर्ने), नागपासावाला (नागपासाको सुरक्षार्थ रथमा रहने) को भूमिका रहने गर्दछ । जात्रा संचालन तथा ब्यवस्थापनमा महत्वपूर्ण योगदान गर्ने अन्य निकायहरुमा स्थानीय प्रशासन, ललितपुर, ललितपुर महानगरपालिका, ज्यापु समाज, ललितपुर र स्थानीय संघ संस्था तथा नागरिक समाज रहेका छन् ।

रथ निर्माणमा विभिन्न प्रकारका सामग्रीहरु प्रयोग हुने गरेको पाइयो । काठतर्फ सान्दानको काठ -पाँग्रा बनाउन, सौर जातको काठ -धःमा बनाउन -बाङ्केकाठ बनाउन), लाकुरी जातको काठ -थाम बनाउन, मयल जातको काठ -ब्रेकहरु बनाउन, फलाठ -अन्य सबै काठको लागि, आरुका हाँगा -ब्रेकको बिंड बनाउन, बेत : गोलो बेत र चिरुवा बेत, विभिन्न जातका र साईजका डोरीहरु तथा तथ तयार पार्न आवश्यक औजारहरु प्रयोग गर्ने गरेको पाइयो । रथजात्रामा प्रयोग हुने सामग्रीहरुको व्यवस्थापन गर्न श्री रातो मच्छिन्द्रनाथ तथा मिननाथको दुईवटा रथहरु निर्माणमा संलग्न हुनेहरुको ज्याला समेतका कार्यमा गरी खर्च रथ निर्माण वापत हुने गरेको छ ।

श्री पशुपतिनाथपछि धेरै सम्पत्ति भएको श्री रातो मच्छिन्द्रनाथको गुठी हो । कुकूरको भेष धारण गनेका भैरवहरुले श्रीलाई ल्याउन साथ दिएको देखिन्छ । रथजात्राका क्रममा रथ ढल्यो भने देशमा अनिष्ट हुने कुरासँग गाँसिन्छ । २०३६ सालमा रथ पूरै ढल्यो । यसैवर्ष सुधारिएको पञ्चायत वा बहुदलको लागि जनमत संग्रह भयो । २०५७ सालमा रथ ढलेपछि अर्को वर्ष २०५८ मा नारायणहिटी राजदरवारको घटना घट्न पुग्यो । राजा वीरेन्द्रको वंशनाश भयो । रथमा केही तलमाथि हुनेबित्तिकै देशमा ठूलो घटना हुने देखिएको छ । पूजा नगरी रथ निर्माण गर्न नहुने परम्परा रही आएको छ । श्री रातो मच्छिन्द्रनाथ एक हताले दिने र अर्को हालते लिने देवताको रुपमा लिइन्छ ।

बाह्र वर्षे जात्रामा जात्रापूर्व पूजारीहरु बुंगमतीबाट पाटन आउनुपर्छ । रथ गुडाउने मार्ग हुँदै आउँछन् र श्री हिंड्ने मार्गमा पर्ने एवं वास गर्ने सम्पूर्ण देवी देवताको विधिपूवक पूजाआजा गरिने गरिन्छ । देवता रिसाए भने अनष्टि हुन्छ भनेर पूजाआजा निष्ठापूर्वक गरिने परम्परा रही आएको छ । दिलकुमार बाराहीका अनुसार रथमार्गमा नबसे नराम्रो भैहाल्छ । २०५० सालमा रथ निर्माण गर्दा गल्ती भएकाले गुठियारका परिवारमा तीन महिनाभित्र नौ जनाको मृत्यु हुन गएको थियो । यवलहरुलाई मात्र रथको सबैभन्दा माथिल्लो टुप्पाको भागमा चढ्न पाउने परम्परा छ ।

## ५.२. उपसंहार

नेपालमा सबैभन्दा लामो समयसम्म चल्ने जात्राको रुपमा श्री रातो मच्छिन्द्रनाथको रथजात्रालाई लिइन्छ । नेपाल मण्डलमा लामो समयसम्म खडेरी परेपछि अन्नको हाहाकार हुन गयो । जसका कारण मानिस र पशुपंक्षीहरुलाई अन्नको अभाव भयो । यस अभावलाई मुक्ति पार्ने ऐतिहासिक पक्षसँग श्री रातो मच्छिन्द्रनाथ देवतालाई लिइने गरिएको देखिन्छ । कामाक्षाबाट श्री रातो मच्छिन्द्रनाथ नेपाल मण्डल भित्रचाएपछि अन्नको हाहाकार नभएको हुनाले यस देवतालाई सहकालका देवताका रुपमा आममानिसले मान्दै आएका छन् । प्रत्येक वर्ष मनाइने श्री रातो मच्छिन्द्रनाथको रथजात्रामा गुठी संस्थान प्रत्यक्ष संलग्न हुनु, स्थानीय ललितपुर महानगरपालिकाले व्यवस्थापन तथा आर्थिक पक्षमा समेत सहयोग गर्ने गरेको देखिदा यसलाई विशेष पर्वको रुपमा लिइने गरिन्छ । रथजात्राको अन्तिम दिन भोटो देखाउने जात्रामा काठमाडौं उपत्यकामा सरकारी विदा समेत दिने गरिएको छ । लाखौं मनिसहरु सहभागी भइ मनाइने श्री रातो मच्छिन्द्रनाथ रथजात्राले जातीय, भाषिक, वर्गीय रुपमा भेदभाव नगरी एकतावद्ध सूत्रमा नेपाललाई बाँधेको छ । यो जात्राको मौलिक विशेषता हो । नेपालमा लोकतन्त्र/गणतन्त्र स्थापना हुनु अघिसम्म राष्ट्रप्रमुखको हैसियतले भोटोजात्रा देखाउने दिन राजा जावलाखेलमा जाने गरेकोमा शासन प्रणाली परिवर्तनसँगै राष्ट्रपति जाने गर्नुभएको छ । यसले के देखाउँछ भने जे जस्ता शासन प्रणाली परिवर्तन भएपनि सहकालका देवता श्री रातो मच्छिन्द्रनाथको रथजात्रा अनवरत रुपमा चलिआएको छ । यो ऐतिहासिक मात्र नभएर साँस्कृतिक पक्षको सवल पक्ष हो । यो साँस्कृतिक पर्यटनका लागि अमूल्य सम्पत्ति हो । बदलिँदो आधुनिक परिवेश र प्रविधिलाई नजरअन्दाज गरी नविनतम पक्षहरुलाई समेत ग्रहण गर्न सकिएको खण्डमा युवा पुस्ताहरुको लोकप्रियतामा कमी नआउने देखिन्छ । दुई स्थानमा उत्तिकै प्राथमिकतामा श्री रातो मच्छिन्द्रनाथ देवताको मन्दिर रहेको छ । साँस्कृतिक रुपमा यो नेपालमा मात्र होइन, विश्वमै अनपम उदाहरणको रुपमा रहेको छ । श्री पशुपतिनाथ पछिको देशकै ठूलो आयस्था र गुठी भएको श्री रातो मच्छिन्द्रनाथ देवतालाई नेपाल मण्डलभित्र मात्रै सीमित नगरी नेपाल राज्यकै देवताको रुपमा अघि सार्नुपर्ने देखिन्छ । श्री रातो मच्छिन्द्रनाथलाई युनेस्कोको विश्व सम्पदा सूचीमा सूचीकृत गर्नका लागि भैरहेको पहलमा संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारका अवाला सरोकारवाला पक्षहरुले साथ र सहयोग गर्नुपर्ने देखिएको छ ।

## ५.३. शैक्षिक सुझावहरू

संस्कृति जोगाउन सकिएको अवस्थमा मात्र समाज, राष्ट्र वा राज्य अनवरत रुपमा अघि बढ्दछ । जात्रा पर्व नेपालको संस्कृति र पहिचान हो । विभिन्न कालखण्डमा विभिन्न शासन प्रणालीहरु देखा परेपनि श्री रातो मच्छिन्द्रनाथको रथजात्राले निरन्तरता पाइरहेको छ । यसका लागि स्थापना भएका गुठी र समूहहरुलाई उचित संरक्षण गर्नुपर्ने देखिन्छ । विकृति, विसंगति हटाइ मैत्रीपूर्ण र साझा देवताको रुपमा रथजात्रालाई अघि बढाउनुपर्ने देखिन्छ । केही शैक्षिक सुझावहरु निम्नप्रकार रहेका छन्:

- श्री रातो मच्छिन्द्रनाथको रथजात्रासँग सम्बन्धित गुठी र रकमी समूहहरुको अध्ययन गर्न सकिने ।
- रथयात्रासँग सम्बन्धित सामग्रीहरुको व्यवस्थापन पक्षबारे अध्ययन गर्न सकिने ।
- रथयात्रा सञ्चालनका लागि विनियोजित बजेट सम्बन्धमा अध्ययन गर्न सकिने ।
- रथजात्राको प्रवर्द्धनका लागि तर्जुमा गरिएका रणनीतिक योजनाहरुको अध्ययन गर्न सकिने ।

# सन्दर्भसामग्री


कर्माचार्य, बासुदेव (२०७६), *उपत्यकाका प्रसिद्ध मन्दिरहरुको परिचय,* विद्यार्थी पुस्तक भण्डार ।

किरण, सुरेश (२०७७), *जात्रादेखि जात्रासम्म,* नागरिक दैनिक, नागरिक पब्लिकेशन्स ।

काठमाडौं महानगरपालिका (२०७७), *यें देय् म्हसीके*।

केन्द्रीय तथ्याङ्क विभाग(२०६८),*राष्ट्रिय जनगणना प्रतिवेदन २०६८,* राष्ट्रिय योजना आयोग ।

केन्द्रीय तथ्याङ्क विभाग(२०८०),*राष्ट्रिय जनगणना प्रतिवेदन २०७८,* राष्ट्रिय योजना आयोग ।

गुठी संस्थान (२०७१),*स्वर्ण जयन्ती समापन वर्ष २०७१ स्मारिका,* गुठी संस्थान प्रधान कार्यालय।

जिल्ला प्रशासन कार्यालय (२०८०), ललितपुर जिल्लाको संक्षिप्त परिचय, https://daolalitpur.moha.gov.np/en/page/ja-l-l-para-caya-11

जिल्ला विकास समिति ललितपुर (२०७१), *ललितपुर जिल्लाको पर्यटन गुरुयोजना*।

जोशी, सत्यमोहन (२०७२), *नेपाली चाडपर्व,* साझा प्रकाशन ।

दुलाल, लोकनाथ (सं) (२०७४), *ललितपत्तन क्षेत्रका अमूर्त साँस्कृतिक सम्पदा,* मानव तथा प्रकृति संरक्षण नेपाल ।

देवकोटा, सविना (२०७५), *पुस्तक समीक्षाः जात्रामा जीवन्त संस्कृति,* https://www.himalkhabar.com/news/10078?

देवीनाथ, योगी (सं.) (२०१३), *देवमाला वंशावली,* श्री ज. सूर शम्शेर जवरा ।

*नेपाल अधिराज्यको संविधान, २०४७ ।*

*नेपालको अन्तरिम संविधान, २०६३ ।*

*नेपालको संविधान, २०७२ ।*

न्यौपाने, सुनिता (२०७६), *रातो मछिन्द्रनाथको रथ निर्माणको रोचक कथा,* https://www.ratopati.com/story/85393/

परराष्ट्र मन्त्रालय (१९९८), *नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूको संग्रह,* नेपाल सरकार, परराष्ट्र मन्त्रालय ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय (२०७७), *मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना, आ.व. २०७७-७८/२०८१-८२* ।

पाण्डेय, किरण पन्थी (२०६८), *नेपालका चाडपर्वहरु,* पैरवी प्रकाशन ।

पौडेल, नयनाथ (वि.सं. २०२०), *भाषा वंशावली भाग १,* पुरातत्व विभाग, नेपाल राष्ट्रिय पुस्तकालय ।

पौड्याल, वीणा; शर्मा, डिल्लीराज र पोखरेल, गोपाल विवश (२०७४), *चाडपर्वको घर नेपाल,* नेपाल प्रज्ञा प्रतिष्ठान ।

बजगाई, बासुदेव, शर्मा, मायादेवी र अधिकारी, श्रीराम (२०६९), *आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार,* राष्ट्रिय मानव अधिकार आयोग ।

बज्राचार्य, चुन्दा (२०७२), *नेवा साँस्कृतिक चाडपर्व,* आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

बज्राचार्य, मनबज्र (२०७६), *नेपाली चाड-पर्वहरुको विवेचना,* रत्न पुस्तक भण्डार ।

बानियाँ, कर्णबहादुर (२०७५०, *म्याग्दीको इतिहास, संस्कृति र सम्पदा,* बिष्णुदेवी बानियाँ ।

*मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ ।*

रिजाल, कमला (२०७९), *पूर्वीय दर्शन विमर्श,* रत्न पुस्तक भण्डार ।

सूचना तथा प्रसारण विभाग (२०७८), *नेपाल परिचय,* नेपाल सरकार ।

लम्साल, देवीप्रसाद (सं.) (२०२३), *भाषा वंशावली भाग २,* पुरातत्व विभाग, नेपाल राष्ट्रिय पुस्तकालय ।

लम्साल, देवीप्रसाद (सं.) (२०२३), *भाषा वंशावली,* पुरातत्व विभाग, नेपाल राष्ट्रिय पुस्तकालय ।

शर्मा, ऋषिप्रसाद (२०७६), *नेपालका राष्ट्रिय चाडपर्व,* रत्न पुस्तक भण्डार ।

शर्मा, गंगाधर (सं), (२०७४), *ललितपत्तन क्षेत्रका अमूर्त साँस्कृतिक सम्पदा,* मानव तथा प्रकृति संरक्षण नेपाल ।

शाक्य, बुद्धिरत्न (२०८०), *श्री रातो मच्छिन्द्रनाथको प्रचलित साकार नामहरु ।*

शाक्य, रेखा र डंगोल, शरण (२०७५), *जात्रामा जीवन्त संस्कृतिः जात्रासङ्ग्रह,* हेरम्बबहादुर राजभण्डारी र स्नेहलता राजभण्डारी ।

श्रेष्ठ, अमन र राणा, सन्तनुप्रताप (२०७१), *नेपालका चाडपर्व तथा राष्ट्रिय दिवसहरु,* नेपाली कल्चर एण्ड कस्टम ।

Locke, John K. (1973), *Rato Matsyandranath of Patan and Bungamati*, Institute of Nepal and Asian Studies, Tribhuvan University.

London, Perceval (1976), *Nepal*, Ratna Pustak Bhandar.

Maharjan, Rupak Dangol (2019), *Cultural Study of Annapurna Temple Precinct of Ason, Unbublished Thesis*, Tribhuvan University, Central Department of Nepalese History, Culture and Archaeology.

Vajracharya, Dhanavajra & Malla, Kamal P. (1985), *The GOPALARAJAVAMSAVALJ,* Franz Steiner Verlag Wiesbaden GmbH.

# अनुसूची एक : फोटोहरू

चित्र १ : श्री रातो मच्छिन्द्रनाथ



*फोटोः शंकर आचार्य, २०८०*

चित्र २ : पाटन दरवार क्षेत्रमा रातो मच्छिन्द्रनाथको रथयात्रा



*Photo: The Himalayan Times, 2022*

चित्र ३ : जावलाखेलमा भोटोजात्रा प्रदर्शन



*Photo: The My Republica, 2023*

चित्र ४ : श्री रातो मच्छिन्द्रनाथ मन्दिर, बुंगमती



*फोटोः स्वयं, २०८०*

चित्र ५ : श्री रातो मच्छिन्द्रनाथ मन्दिर, तःबहाल



*फोटोः स्वयं, २०८०*

चित्र ६ : कुराकानी, सविना महर्जन, अधिकृत सातौं, ललितपुर महानगरपालिका



चित्र ७ : रुद्रप्रसाद अधिकारी,

आर्किटेक्ट इन्जिनियर,

ललितपुर महानगरपालिका



चित्र ८ : राजभाइ शाक्य,

बुंगमती, ललितपुर



चित्र ९ : श्री भैरव मन्दिर, बुंगमती



*फोटो: स्वयं, २०८०*

चित्र १० : श्री रातो मच्छिन्द्रनाथ मन्दिरका पूजारी यज्ञरत्न शाक्यसँग कुराकानी गर्दै




चित्र ११ : गुठी संस्थान, ललितपुर शाखामा व्यवस्थापन गरिएको रथजात्राको डोरी(लठ्ठा)




*फोटो: स्वयं, २०८०*

चित्र १२ : बुंगमतीस्थित श्री रातो मच्छिन्द्रनाथ मन्दिर वि.सं. २०७२ को विनाशकारी भूकम्पबाट क्षति पुगेपछि सुरक्षित रुपमा मन्दिर परिसरमा राखिएको स्थान



*फोटो: स्वयं, २०८०*

चित्र १३ : रथजात्राका प्रयोग हुने कर्कोटक नाग भण्डारण गृह (धःमा पाटी), पुल्चोक



*फोटोः स्वयं, २०८०*

चित्र १४ : गुठी संस्थान, ललितपुर शाखा



*फोटोः स्वयं, २०८०*

चित्र १५ : रथजात्राका लागि काठको व्यवस्थापन भण्डारगृह, गुठी संस्थान, तःबहाल




*फोटोः स्वयं, २०८०*

चित्र १६ : सोह्रखुट्टे मण्डप, मंगलबजार




*फोटोः स्वयं, २०८०*

चित्र १७ : श्री रातो मच्छिन्द्रनाथको अभिलेख, तःबहाल, ललितपुर



*फोटो: स्वयं, २०८०*

चित्र १८ : ह्याग्रिभ भैरब



चित्र १९ : श्री रातो मच्छिन्द्रनाथ रथ निर्माण जातिको नाइके, दिलकुमार बाराही



# अनुसूची दुई

## रथजात्राका लागि काठको व्यवस्था सम्बन्धमा गरिएको पत्राचार र विवरण

(१)

श्री गुठी संस्थान शाखा
कार्यालय ललितपुर
दर्ता नं. ६६०
मिति २०८०।३।१३

[illegible]
मिति २०८०।३।१३
२०८०।३।१३

श्री मान्न कार्यालय प्रमुख ज्यूं.
गुठि संस्थान शाखा कार्यालय ललितपुर

विषय! – रातो मछिन्द्रनाथ तथा मिननाथको रथजात्रा २०८१ सालको लागी काठको व्यवस्था गर्ने बारे।

महोदय

उपरोक्त सम्बन्धमा श्री रातो मछिन्द्रनाथ तथा मिननाथको रथजात्रा २०८१ सालको लागी काठ ईस्टीमेट गर्ने सिलसिलामा २०८० सालको रथजात्रा सकेपछि उक्त रथ भत्काई सकेको उक्त रथमा प्रयोग भएको काठहरु प्राय कुनै काम नलाग्नेमै सकेको हुँदा धमापाला रथको थमहरु, खतहरु लगायत चारवटै पाङ्ग्रा को साथै मिननाथको पाङ्ग्रा रथको ... धाम समेत नयाँ बनाउनु पर्ने भएको हुँदा तल लेखिएको तयारी ... अनुसारको लुगको काठ (सुन लगाएको कपाल, टोक, तोरण) आदीको लागी चाहिने काठ परंपरा अनुसार पूजा गरी ल्याउने बायमोको काठ समेत नयाँ बनाउनु पर्ने भएको हुँदा उक्त रथमा प्रयोग हुने काठ प्राय सबै नयाँ व्यवस्था मिलाई दिनुहुन विनम्र अनुरोध गर्दछु. उक्त रथमा प्रयोग हुने काठ प्राय सबै नयाँ बनाउनु पर्ने भएको हुँदा सबै काम एकै साथ गर्न समयमै नल्याउने भएको हुँदा उक्त रथलाई चाहिने कमसेकम आषाढ महिना भित्रै ल्याउने व्यवस्था मिलाई दिनुहुन अनुरोध गर्दछु। २०८१ सालको लागी चाहिने काठको ईस्टीमेट यसै साथ पेश गरेको छौं।

निवेदक
दिल कुमार बराही
बराही नाइके

यतो धर्म स्ततो जयः

फोन नं. : ०१-५५२१४५०
इमेल : guthilalitpur@gmail.com

# गुठी संस्थान
## शाखा कार्यालय, ललितपुर

प.सं.: ०७९/०८०
च.नं.: ८०९

त:बहाल, पाटन

मिति : २०८०।२।२९ गते

विषय : इष्टमेट गर्ने सम्बन्धमा ।

वाराही ना., श्री दिलकुमार बाराही
ललितपुर ।

उपरोक्त विषयमा श्री रातो मच्छिन्द्रनाथको रथ जात्रा सम्पन्न भई सो रथ भत्काई कार्यालयमा स्टोर गर्न ल्याएको काठ आगामी आ.व. ०८०।८१ को रथ यात्रा जात्राका लागि काम लाग्ने/नलाग्ने छुट्टयाई आवश्यक नपुग हुने काठ समेतको स्टमेट गरी दिनु हुनको लागि अनुरोध गर्दछु ।

२०८०।२।२९
(पवन आचार्य)
नि.कार्यालय प्रमुख
नि. कार्यालय प्रमुख

www.guthisansthan.org.np

श्री रातो मछिन्द्रनाथ तथा मिननाथको २०८१ सालको रथजात्राको लागि चाहिने काठको विवरण:-

मछिन्द्रनाथ तर्फ    तयारी साईज

| | सामानको नाम | लं. - चौ. - मो | चाहिने थान | भएको | किनेको | जम्मा बनाउनुपर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | फल्टार जातको | | | | | | |
| १ | धमापासा | २४' - १८" - १८" | २ | × | × | २ | |
| २ | धमाकोत्य पासा | ९' - १०" - १०" | १ | × | × | १ | |
| ३ | आसी खोल | ७', - १४" - १६ | २ | × | × | २ | |
| ४ | मला थाम | ७' - १२" - ८" | ४ | २ | १ | ३ | |
| ५ | गल थाम | १४' - ६" - ६" | ४ | २ | १ | ३ | |
| ६ | तेङा | १४' - ६' - ६' | ४ | २ | १ | ३ | |
| ७ | बायमो स्यो | १४' - ६" - ६" | १ | × | १ | २ | |
| ८ | हूलो रथत | १४" - ३" - ६" | ४ | × | २ | ६ | |
| ९ | हूलो रथत | १४' - ३" - ३" | ८ | × | २ | १० | |
| १० | थाम | १४' - ३" - ३" | ३२ | × | ८ | ४० | |
| ११ | थाम | १२' - ३" - ३" | १२ | × | ६ | १८ | |
| १२ | लाकुरी थाम | ८' - ६" - ६" | ४ | २ | १ | ३ | |
| १३ | लासिकाठ | ५५' - २२" गोलाई | १८ | × | × | १८ | १११ |
| | मिननाथ तर्फ | | | | | | |
| १४ | धमापासा | १४' - १४" - १६" | २ | × | × | २ | |
| १५ | तेङा | १०' - ६" - ६' | २ | × | × | २ | |
| १६ | गल थाम | १२' - ६ - ६" | ४ | × | × | ४ | |
| १७ | थाम | १०' - ३" - ३" | २० | × | ५ | २५ | |
| १८ | हूलो रथत | ८' - ३" - ३' | ८ | × | २ | १० | |
| १९ | लाहि | ३०' - १४" गोलाई | १८ | × | × | १८ | ६१ |
| | मछिन्द्रनाथ तर्फ पाङ्गाको लागी | | | | | | |
| | सान्दान जातको | | | | | | |
| १ | पोचा | ४' - ३६" गोलाई | ४ | × | १ | ५ | |
| २ | दबासा | ४' - १०" - १६" | २४ | × | ६ | ३० | |
| ३. | ह! | ४' - ९" - १२" | ७२ | × | | ७५ | ११० |

मच्छिन्द्रनाथ तर्फ

| | पुजाको लागी सान्हान जात्रको | ल. - चौ - मो | चाहिने | जगेडा | जम्मा चाहिने |
|---|---|---|---|---|---|
| १ | तखिं काठ | ८½' - ४" - ५" | १० | | |
| २ | " " | ५½ - ४" - ८" | १० | | |
| ३ | " " | ८' - ४" - ७" | १० | | |
| ४ | कुथाँ - | ७' - ५½' - ५½" | ६ | | |
| ५ | कसि मो - | ६' - ५" - ६" | ६ | | |
| ६ | कुथा - | ६' - ६" - ६' | १० | | |
| ७ | कसि पार | ४' - २" - ३" | ३० | | |
| ८ | चुक + फलाक | ४' - १ - ६ | १५ | | ३७ |
| | मिननाथको पाङ्राको लागी सान्हानजात्रको | | | | |
| १ | पोचा - | २½' - ३०" गोलाई | ४ | १ | ५ |
| २ | खासा - | २½' - १२" - १०" | २४ | ४ | २८ |
| ३ | ह: - | २½' - १०" - ८" | ७२ | ३ | ७५ |
| | | | | | १०८ |

# अनुसूची तीन

## अन्तर्वार्ताका लागि तयार गरिएको खुला प्रश्नावली

१. श्री रातो मच्छिन्द्रनाथको ऐतिहासिक पक्षबारे केही बताउनु हुन्छ कि ?

२. श्री रातो मच्छिन्द्रनाथ जात्राको बारेमा तपाईंलाई के थाहा छ ?

३. श्री रातो मच्छिन्द्रनाथ रथजात्रामा प्रयोग हुने मूर्तिको बारेमा के भन्न सक्नुहुन्छ ?

४. श्री रातो मच्छिन्द्रनाथ रथजात्रामा नयाँ पुस्ताको आकर्षण कत्तिको रहेको छ ?

५. श्री रातो मच्छिन्द्रनाथ रथजात्राको विधि विधानबारे के थाहा छ ?

६. श्री रातो मच्छिन्द्रनाथ रथजात्राको धार्मिक एवं साँस्कृतिक महत्व के रहेको छ ?

७. श्री रातो मच्छिन्द्रनाथ रथजात्रामा आएको परिवर्तन तथा बदलाका बारेमा के भन्नुहुन्छ ?

८. श्री रातो मच्छिन्द्रनाथ रथजात्राका लागि आर्थिक एवं भौतिक सहयोगको खाँचो छ, छैन ?

९. श्री रातो मच्छिन्द्रनाथ रथजात्रामा केही कमी कमजोरी रहेका छन्, छैनन् ?

# अनुसूची चार

## कुराकानी गरिएका व्यक्तिहरूको सूची

| क.सं. | नामथर | कार्यक्षेत्र/सम्बद्धता | पद/योगदान | लिङ्ग | मोबाइल | अन्तर्वार्ता मिति |
|---|---|---|---|---|---|---|
| १. | सबिना महर्जन | ललितपुर महानगरपालिका, सम्पदा संरक्षण केन्द्र | अधिकृतस्तर सातौं | महिला | ९८४१२१७४२१ | २०८०।०४।१२ |
| २. | रुद्र प्रसाद अधिकारी | ललितपुर महानगरपालिका, सम्पदा संरक्षण केन्द्र | बरिष्ठ इन्जिनियर | पुरुष | ९८५१०२६१५७ | २०८०।०४।१२ |
| ३. | पवन आचार्य | गुठी संस्थान, तःबहाल, ललितपुर | कर्मचारी | पुरुष | ९८४१८९१६५६ | २०८०।०४।१२ |
| ४. | दिल कुमार बाराही | रथ निर्माण गर्ने बाराही समुदाय, सौडा टोल, सुन्धारा, ललितपुर | नाइके | पुरुष | ९८४१९६८७३६ | २०८०।०५।०३ |
| ५. | बदन लाल न्याछ्यो | मल्टि डिसिप्लिनरी कन्सटेन्सी, कुपण्डोल | कन्सलटेन्ट | पुरुष | ९८५१०२५४०० | २०८०।०५।०४ |
| ६. | लछुना शर्मा | गुठी संस्थान, तःबहाल, ललितपुर | कार्यालय प्रमुख | महिला | ९८४९२४३७८३ | २०८०।०५।०५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | काफ्ले | | | | | |
| ७. | श्रृजना श्रेष्ठ, वर्ष ३२ | सुन्धारा चोक, ललितपुर | स्थानीयबासी | महिला | ९८०८९९३६७२ | २०८०।०५।१२ |
| ८. | महेन्द्रानन्द शाक्य, वर्ष ६० | लुँ सां गुठी | थकाली | पुरुष | ९८५१२१९९७५ | २०८०।०५।१२ |
| ९. | यज्ञरत्न शाक्य, वर्ष ५७ | श्री रातो मच्छिन्द्रनाथ पुजारी संघ | अध्यक्ष | पुरुष | ९८४१३४३६१० | २०८०।०५।१३ |
| १०. | राजभाइ शाक्य, वर्ष ४८ | बुंगमती, ललितपुर | टुरिष्ट गाइड | पुरुष | | २०८०।०५।१३ |
| ११. | दिपक खवास, वर्ष ३५ | गुठी संस्थान कार्यालय, ललितपुर | कर्मचारी | पुरुष | ९८५११७१७८० | २०८०।०५।२१ |